# पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

७७

पू
र्णा
ङ्क

संशोधन–मण्डल

का. मे. अ. द. नं. १५५/२४६

*तदिह न गुणदोषौ योजनीयावलीकौ*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*

— बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ कूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

( इतिहास–प्रधान त्रैमासिक पत्रिका )

२० वर्ष

१ अङ्क

सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ३८/–

# विषय-सूची


| | | |
|---|---|---|
| १) ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, विक्रमको चौधौँ शताब्दीका १५ वटा लिखतपत्र | -महेशराज पन्त | १-१४ |
| २) रणजित् मल्लले नामुडामा खेत गूठी राखी लेखिदिएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र | -महेशराज पन्त | १४-१५ |
| ३) पृथ्वीनारायण शाहले दोलखाका नारायण तथा भैरवको गूठीको व्यवस्था गरी लेखिएको पत्र | -महेशराज पन्त | १५-१६ |
| ४) पृथ्वीनारायण शाहका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा लालमोहर | -महेशराज पन्त | १६-१७ |
| ५) नामुडाको वनको रक्षाको लागि पृथ्वीनारायण शाहले गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र | -महेशराज पन्त | १७ |
| ६) सेन राजाहरूको अहिलेसम्म प्रकाशमा नआएका तीनवटा पत्र | -महेशराज पन्त | १८-१९ |
| ७) प्रतापसिंह शाहले भादगाउँको गूठीको व्यवस्था गरी लेखिदिएको अहिलेसम्म प्रकाशमा नआएको पत्र | -महेशराज पन्त | १९ |
| ८) पृथ्वीनारायण शाहले बाँधिदिएको स्थिति थामिएको कुरा परेको, अहिलेसम्म प्रकाशमा नआएको पत्र | -महेशराज पन्त | २० |
| ९) स्यामर्पा लामालाई जागीर दिई लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र | -महेशराज पन्त | २० |
| १०) परराष्ट्रमन्त्रालयमा रहेका ऐतिहासिक सामग्रीको सूची | -दिनेशराज पन्त | २१-६९ |
| ११) प्रभाती | -नयराज पन्त | ७० |
| १२) अठाह्रौँ वर्षको आम्दानीखर्चको विवरण | | ७१ |
| १३) उन्नाइसौँ वर्षको आम्दानीखर्चको विवरण | | ७२ |

# ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, विक्रमको चौधौँ शताब्दीका १५ वटा लिखतपत्र

–महेशराज पन्त

आयताकार, ज्यादै लामा, चौडाइ भने ज्यादै नै कम भएका ताडपत्रमा लेनदेनसम्बन्धी कानूनी लिखत नेवारराज्यमा लेखिने गरेको कुरा हामीलाई थाहा भएकै हो। यस्ता ताडपत्र यहाँ विक्रमको एघाह्रौँ शताब्दीदेखिका पाइन्छन्[1] र ताडपत्रमा पुस्तकपत्र लेखन छोडी कागतमा लेखन थालेको सयौँ वर्षपछिसम्म पनि यस्ता कानूनी पत्रचाहिँ ताडपत्रमै लेखिने गरेका देखिन्छन्। कागतको चलनचलती भइसकेपछि पनि यस्ता कानूनी पत्रचाहिँ खास गरी[2] ताडपत्रमै किन लेखिने गरेका हुन् भन्ने प्रश्नले केही वर्ष यतादेखि मलाई पिरोलिरहेको छ तापनि मैले यसको जवाफ भेट्टाएको छैन। गुन्दै जाँदा केही वर्षअगाडिसम्म पनि हाम्रा अड्डाखानामा नेपाली कागतमै लेखिएका पत्रको मात्र मान्यता हुने कुरा सम्झिन पुगिन्छ र यसलाई कागतको चलनचलती भए पनि ताडपत्रमै कानूनी पत्र लेखिँदै गएको कुरासँग जोड्न मन लाग्छ।

यस्ता लिखतपत्रको अनुशीलनबाट नेवारराज्यको कानूनी स्थिति बुझ्न निकै मदत मिल्छ भन्ने कुरा भनिरहनुपर्दैन। प्राचीन भारतीय स्मृतिको आधारमा नेवारराज्यमा शासन हुन्थ्यो भन्ने कुरा त हामीहरूले भन्ने गरेकै हो तापनि कुन कुन समयमा कुन कुन स्मृतिको आधारमा शासन हुन्थ्यो र धर्मशास्त्र र व्यवहारमा कति फरक पर्थ्यो भन्ने कुराचाहिँ किटेर भन्न अझै सकिएको छैन। विभिन्न धर्मशास्त्रसँग यस्ता कानूनी लिखत दाँजेर हेर्दै गइयो भने यस्ता प्रश्नको उत्तर मिल्न सक्छ जस्तो मलाई लाग्छ। नेवारराज्यको कानूनी इतिहासको रचनामा यस्ता लिखतपत्रको अनुशीलन अपरिहार्य छन् भन्ने मैले ठानेको छु। यस्ता लिखतपत्रको परिशीलनबाट नेवारराज्यको अर्थ-

---

१. ताडपत्रमा लेखिएका, अहिलेसम्म पाइएका लिखतपत्रमध्ये सबभन्दा पुरानो ने. सं. १०३ [वि. सं. १०३९] मार्गशुक्लको छ। यो ताडपत्र ठाउँठाउँमा भाँचिएकोले तिथि भने देखिँदैन। वि. सं. २०३७ मा ललितपुरबाट बुद्धजयन्तीसमारोहसमितिद्वारा प्रकाशित, हेमराज शाक्यको **शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र–अभिलेख**को १ पृष्ठमा यस ताडपत्रको मूल पाठ सबभन्दा पहिले छापिएको हो।

वि. सं. २०४२ मा जाङ्क्ट आगुस्टीनबाट फेराइनिगुङ फुइर गेशिख्ट्सविसेनशाफ्ट होखआजिआन्ज–विसेनशाफ्ट फेर्लाग गेएमबेहाद्वारा प्रकाशित, बर्नहार्ड क्योल्भर र हेमराज शाक्यको **डक्युमन्ट्स् फ्रम् द रुद्रवर्ण–महाविहार, पाटन्** [पाटनको रुद्रवर्णमहाविहारका लिखत] का १८७–१८८ पृष्ठमा अङ्ग्रेजी उल्थासहित यो ताडपत्र छापिएको छ र त्यही पुस्तकको २२२ पृष्ठमा १ सङ्ख्याको रूपमा यस ताडपत्रको चित्र छापिएको छ।

२. नेपाली काँचो वा पाको कागतमा पनि नेवारराज्यमा लिखतपत्र आकलझुकल लेखिन्थे। त्यस्ता लिखतको लागि वि. सं २०१२ मा काठमाडौँबाट इतिहास–प्रकाश–मण्डलद्वारा प्रकाशित, **इतिहास प्रकाश** १ अङ्कको ६२ पृष्ठमा छापिएको, वामदेव आचार्य र मणिभद्र आचार्यको **जयप्रकाशमल्लको लाहाछाप** भन्ने निबन्ध र वि. सं. २०४५ मा प्रकाशित **पूर्णिमा** ७५ अङ्कका १६–१७ पृष्ठमा छापिएको, महेशराज पन्तको **नेपाली काँचो कागतमा लेखिएको वि. सं. १७१७ को पाटनको लिखतपत्र** भन्ने निबन्ध हेर्नुहोस्।

सम्बन्धी इतिहास बुझ्न पनि मदत मिल्न जान्छ भन्ने पनि मेरो धारणा छ ।

ताडपत्रमा लेखिएका यस्ता लिखतपत्रको प्रकाशन वि. सं. २०१२ देखि नै शुरू भएको हो[३] तापनि तिनको प्रकाशन राजाहरूको इतिहास बुझ्नको लागि नै खास गरी गरिएको थियो । म पनि तेह्र वर्ष यतादेखि यस्ता ताडपत्रको प्रकाशन गर्दै आइरहेको छु[४] र मैले पनि तिनको उपयोग, राजाहरूको इतिहास बुझ्ने काममा नै खास गरी गरिरहेको छु ।

पाटन उकुबाहामा रहेका, ताडपत्रमा लेखिएका यस्ता लिखतपत्रको छुट्टै पुस्तिका हेमराज शाक्यद्वारा वि. सं. २०३७ मा प्रकाशित भएपछि[५] यस्ता ताडपत्रको विषयमा छुट्टै ग्रन्थ प्रकाशित गर्ने कामको शुरूवात भयो । नेपाल राष्ट्रिय अभिलेखालयमा जम्मा हुन गएका, ताडपत्रमा लेखिएका यस्ता लिखतपत्रमध्ये केहीको प्रकाशन शङ्करमान राजवंशीद्वारा वि. स. २०४०–२०४४ भित्र **भूमिसम्बन्धी तमसुक ताडपत्रका** १–४ भागमा[६] गरिएकोले यस प्रकाशनबाट ताडपत्रसम्पत्तिको चेतना सर्वसाधारणमा बढ्न गएको छ भनी भन्नैपर्छ ।

---

३. **इतिहास प्रकाश** १ अङ्कका ९३–९४ पृष्ठमा नरहरिनाथद्वारा प्रकाश गरिएका दुइवटा ताडपत्र नै सबभन्दा पहिल छापिएका ताडपत्र हुन् । ती ताडपत्रमध्ये एउटा ताडपत्र काठमाडौँका राजा नरेन्द्र मल्लको हो । तर त्यहाँ त्यसका समय **सम्वत् ४७८ वशाष मासे ।। शुक्लपक्ष ।। द्वितीयायान्तिथौ** भनी पढिएको छ र त्यस ताडपत्रको शीर्षक **न. सवत् ४७८ मा पनि राजा नरेन्द्रमल्ल** भन्ने लेखिएको छ (९३ पृष्ठ) । राजा नरेन्द्र मल्लको पालाका लिखत न. स. ६५५ [वि. स. १५९२] ज्येष्ठशुक्लद्वादशी (वि. सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको **भूमिसम्बन्धि तमसुक ताडपत्र** १ भागका ३३–३४ पृष्ठ) देखि ने. सं. ६८० [वि. सं. १६१७] वैशाखशुक्लअष्टमी (वि. सं. २०२१ मा प्रकाशित **पूर्णिमा** ३ अङ्कमा छापिएको शङ्करमान राजवंशीको **नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन्** भन्ने निबन्ध, सो अङ्कको ३३ पृष्ठ) सम्मका भेटिएकाले ने. सं. ४७८ मा देखापरेका नरेन्द्र मल्ल अर्कै हुन् कि भन्ने शङ्का उठ्न जान्छ । तर नरहरिनाथले अन्त पनि ६ लाई ४ पढेको उदाहरण {रत्न मल्ल र अरि मल्लको पालाको काष्ठमण्डपको ताम्रपत्रको संवत् ने. सं. ६०५ (वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल्. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको **मेड्इईभल् नेपाल्** [मध्यकालको नेपाल] ३ भागको पहिलो खण्डका ७५ सङ्ख्याको अभिलेख (८५–८६ पृष्ठ) लाई ने. सं. ४०५ (वि. सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीद्वारा प्रकाशित, **संस्कृत–सन्देश** १ वर्ष ६ अङ्कमा छापिएको नरहरिनाथको **काष्ठमण्डपः** [काठमाडौँ] भन्ने निबन्धको पहिलो अभिलेख) भनी पढेको} भेटिएकोले यहाँ पनि ६७८ लाई ४७८ पढेको स्पष्ट हुन्छ ।

४. वि. सं. २०३४ मा प्रकाशित **पूर्णिमा** ३८ अङ्कमा छापिएको, **महेन्द्र मल्लको विषयमा केही कुरा भन्ने मेरो** निबन्धमा ने. सं. ६८२ [वि. सं. १६१८] माघशुक्लदशमीको महेन्द्र मल्लको ताडपत्र छापिएको छ (७६–७८ पृष्ठ) । मैले छपाएको पहिलो ताडपत्र यही हो ।

५. यस पुस्तकसम्बन्धी पूर्ण विवरणको लागि १ सङ्ख्याको टिप्पणी हेर्नू ।

६. **भूमिसम्बन्धि तमसुक ताडपत्र** १ भाग; वि. सं. २०४१, २०४२ र २०४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको **भूमिसम्बन्धी तमसुक–ताडपत्र** २, ३, ४ भाग ।

हेमराज शाक्यद्वारा उकुबाहामा भएका ताडपत्रहरूको जुन प्रकाशन वि. सं. २०३७ मा भएको थियो, तिनै ताडपत्रको विशद परिशीलन गरी तिनको प्रामाणिक संस्करण बर्नहार्ड क्योल्भर र हेमराज शाक्यद्वारा वि. सं. २०४२ मा प्रकाश भएकोले[७] सो पुस्तक यस्ता ताडपत्रहरूको सम्पादनको विषयमा आदर्श हुन गएको छ ।

प्रस्तुत निबन्धमा ताडपत्रमा लेखिएका यस्ता १५ वटा लिखतपत्रको प्रकाशन गरिएको छ । यी लिखतपत्रबाट विक्रमको चौधौँ शताब्दीको नेपालखाल्डोको लोकयात्रामा केही प्रकाश पर्ला भन्ने आशा गरिएको छ ।

(१ सङ्ख्या)

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १९७१/७)

मूलपाठ

१. ᳲ श्रेयोऽस्तु ।। सम्वत ३(६)[८] ५ वैशाखशुक्लपञ्चम्या०, श्रीललितब्रुमाया०, श्रीपश्चिमगाकूटोलकाधिवासिने ।। पिताकुम्भकारजगुपालठकुरेन स्वकीय०, स्वभुज्यमानक०, । तत्रैव ग्रहाधिवासिनो । स्वपुत्रअभयपालठकुरस्य सकाशातः । टंखा यिट्टाबुनाम-

२. प्रदेशः– ग्वल(विहा)[८] रभिक्षुणीवस्तुकक्षेत्रे पश्चिमत । श्रीनोगगुगुरुव्यापारवस्तुकभुमेरुत्तत । अमरुनायकसकोय-क्षेत्रे पूर्व्वतः मुल्यमार्ग्गस्य दक्षिणतः एतत्मध्ये त्रयरोपिनिकं यत्क्षेत्र०, रोव ३ तत्क्षेत्र षकर्षकपरि–

३. भोग्य०, । षप्तवर्षावधिना वन्दकत्वेनोदिस्य तेन ग्रहीत सुवर्ण्णखेरिसार्द्धाधिक । द्वयपलाङ्कत । पल २ कर्ष २ विधिरस्य क्षेत्र०, सर्गटव्यावादकाले धारनकेन सोधनीय०, । अत्राथे साक्षि मलीपालठकुर, लक्ष्मीढंङौरि, अनेपालठकुरटो०, ।

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

ने. सं. ३६५ [वि. सं. १३०२] वैशाखशुक्लपञ्चमीको यस तमसूकमा आफ्नो छोरालाई आफ्नो तीन रोपनी जग्गा सात वर्षको लागि बन्धक राखी पाटनका एक जना कुह्मालेले छोरासँग **सुवर्णखेरि** साढे दुइ **पल** सापट लिएको कुरा यस ताडपत्रमा प्रमाणित गरिएको छ ।

यस तमसुकमा **सुवर्णखेरि** साढे दुइ **पल** अर्थात् दुइ **पल** दुइ **कर्ष**[९] सापट लिएको कुरा परेकोले यस प्रकारको मुद्राप्रणालीको विषयमा केही कुरा लेख्नुपरेको छ ।

यस प्रकारको मुद्राप्रणालीको पहिलो प्रसङ्ग ने. सं. १७२ [वि. सं. ११०८] कार्तिकशुक्लपञ्चमीको **लिखतपत्रमा**

---

७. यस पुस्तकसम्बन्धी पूर्ण विवरणको लागि १ सङ्ख्याको टिप्पणी हेर्नू ।

८. मूलमा मसी मेटिए तापनि डोब देखिएका अक्षर यहाँ यस्तो (   ) कोष्ठमा पढिएका छन् ।

९. ४ कर्षको १ पल हुन्छ (वि. सं. २०२१ मा प्रकाशित **पूर्णिमा** १ अङ्कका ३०–३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको **कर्षको अर्थ** भन्ने निबन्ध, सो अङ्कको ३१ पृष्ठ) ।

आएको छ । त्यहाँ पुरानो पद्धतिको **पणपुराण** नलेखी चूर्णीहुति सुवर्ण १ **करिष**, १ **मंस** लेखिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।[१०] सो लिखतपत्रभन्दा ठीक दश वर्षपछिको ने. सं. १८२ [वि. सं. १११८] कार्तिकशुक्लपञ्चमीको लिखतपत्रमा चाहिँ **पणानाम्पुराण** लेखी **खेरि सुवर्ण चु** भनी ३ **कर्ष** अङ्केऽपि अक्षरेऽपि लेखिएको छ ।[११] यसरी वि. सं. ११०८ र १११८ का लिखतपत्रमा यस प्रकारको मुद्राप्रणालीको चर्चा आए तापनि यसपछिका लिखतहरूमा फेरि पुरानै पद्धतिका **पणपुराण** नै लेखिएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।[१२] नयाँ पद्धतिका मुद्राको प्रसङ्ग ने. सं. २४५ [वि. सं. ११८२] वैशाख[१३]देखि मात्र नियमित रूपले आउन थालेको कुरा पनि यस प्रसङ्गमा उत्तिकै स्मरणीय छ ।[१४]

यस मुद्राप्रणालीको सबभन्दा ठूलो रूप **पल** वा **शिवका**, अनि **कर्ष** वा **द्रम्म** र सबभन्दा सानो रूप **मंस** भएको कुरा बुझिएको छ ।[१५]

(२ सङ्ख्या)

(नेपाल राष्ट्रिय अभिलेखालय, बट्टाको सङ्ख्या ४१, क्रमसङ्ख्या ६०१)

मूलपाठ

**१. सम्वत् ४०५ अश्विनिकृष्णएकाद · · · विहारः व्रर्न्याचार श्रीज्यंतजुसः साक्यविखुश्री-**

---

१०. वि. सं. २०४३ मा स्टुटगार्टबाट कोमिशन्जफेर्लाग फ्रान्ज स्टाइनर वीस्बादेन गेएमबेहाद्वारा प्रकाशित, **त्साइट्श्रिफ्ट् डेर् डोइस्चेन् मोरगेन्ल्यान्डिश्चेन् गेसेल्शाफ्ट्** [जर्मन प्राच्यसभाको पत्रिका] को १३६ वर्षको २ अङ्कका ४३४–४४९ पृष्ठमा छापिएको, बर्नहार्ड क्योलभरको **त्स्वाइ नेपालिश्चे डोकुमेन्टे जुर् शुल्ड्कनेख्टशाफ्ट्** [बाँधासम्बन्धी दुइटा नेपाली लिखत] भन्ने निबन्ध, सो अङ्कका ४३६–४३७ पृष्ठ ।

११. उही पत्रिकाको उही अङ्कका ४३७–४३८ पृष्ठ ।

१२. ने. सं. १८९ [वि. सं. ११२५] चैत्रकृष्णसप्तमी (**डक्युमन्ट्स् फ्रम् द रुद्रवर्ण–महाविहारका** १९०–१९२ पृष्ठ) ।
ने. सं. १८९ [वि. सं. ११२६] वैशाखशुक्लपञ्चमी (उही पुस्तकका १९२–१९३ पृष्ठ) ।
ने. सं. १९३ [वि. सं. ११२९] कार्तिकशुक्लएकादशी (उही पुस्तकका १९३–१९५ पृष्ठ) ।
ने. सं. १९३ [वि. सं. ११३०] वैशाखशुक्लपञ्चमी (उही पुस्तकका १९५–१९६ पृष्ठ) ।
ने. सं. १९४ [वि. सं. ११३१] वैशाखशुक्लपञ्चमी (उही पुस्तकका १९६–१९८ पृष्ठ) ।

१३. उही पुस्तकको २१० पृष्ठ ।

१४. ने. सं. २४९ [वि. सं. ११८६] वैशाखशुक्लपञ्चमी (उही पुस्तकका २१०–२११ पृष्ठ) ।
ने. सं. २५१ [वि. सं. ११८८] वैशाखशुक्लपञ्चमी (उही पुस्तकका १९८–२०० पृष्ठ) ।
ने. सं. २५२ [वि. सं. ११८८] चैत्रशुक्लपञ्चमी (उही पुस्तकको २११ पृष्ठ) ।
ने. सं. २६१ [वि. सं. ११९८] वैशाखशुक्लपञ्चमी (उही पुस्तकका २००–२०१ पृष्ठ) ।
ने. सं. २७२ [वि. सं. १२०९] वैशाखशुक्लपूर्णिमा (उही पुस्तकका २०१–२०३ पृष्ठ) ।
ने. सं. २७३ [वि. सं. १२१०] वैशाखशुक्लपञ्चमी (उही पुस्तकका २०३–२०४ पृष्ठ) ।

१५. उही पुस्तकको ८५ पृष्ठ ।

२. · · · : साक्यविखु श्रीजोतिजुस थ्वस थ्वते (प्रमुख) · · · त्याङ हयागुन्दम्म शिवका दस शिवका क्षतः शिवका १० तस्य वर्खम्प्रति कलंत्रविदि देय ओर धान्यमानि वा पं २ ।।

३. · · · जुरोः तस्य बन्धकोदेशः स एव श्रीवंथुवहारः यटाछे लिव माक्वः क्यव जुरोः वथोराशिः तलपत्र मदोः भाषा बन्दक मूल कलंत्र उको फुकोन्न पयाचमाल्व ।। प्रतेः ।।

४. सिकोछे लिवि प्रजापतिः जसराथकुर पोलेस टचाङा जुरोः पन्हि विहचोस्यं हयादो जुरोः ।। शाक्षि पटकोलाछ ।। वंथछे वंकुलि लिवि प्रजापति जयरामथकुर दृष्ट प्रमान शुभः ।।

ने. सं. ४०५ [वि. सं. १३४२] आश्विनकृष्णएकादशीको मिति भएको यो लिखतपत्र खण्डित भएकोले सबै कुरा खुलस्त हुँदैन तापनि पाटनको कुनै विहारका वज्राचार्यले एक जना शाक्यभिक्षुलाई बारी बन्धकी राखी वर्षको दुइ पाथी धान ब्याज तिर्ने गरी १० शिवका सापट लिएको कुरा प्रमाणित गरिएकोमा चाहिँ सन्देह छैन ।

(३ सङ्ख्या)

(रीलसङ्ख्या ई १९७०/२४)

मूलपाठ

१. ॱ श्रीयोऽस्तु ।। सम्वत् ४१३ माघकृष्णपञ्चम्या॰ तिथौः श्रीललितब्रमाया॰ श्रीनोगलकेः युकुचोछें पांथाछें वडुक अमरमारोस पुत्रसह नाम्नैन स्वकीय॰ स्वभुजमानक॰ ।। मानीगल्केः खंपिनिछें श्रिमालढंगुरिस नाम्न स्कासात ।। खवनारासनाक्षेत्रनामप्रदे-

२. से ।। सालको रामढंगुरिकोयक्षेत्रे पश्चिमत् ।। गाडबहारकुटुब्जपात्रश्रीमलिपालभारोस क्षेत्रेः उत्रत ।। दिवङ्गत तवल्हेङप्रधानश्रीपात्रस्य क्षेत्रे पूर्व्वत ।। वकुप्रजापतिचाभारोकोयक्षेत्रेः दक्षिनत् ।। एतममध्ये चतु-रोपनिक॰ यत्क्षेत्रः रोव ४ तं क्षेत्र स्कस्कपरिभो-

३. ज्ञ॰ ।। तं क्षेत्र यथादेस्कालप्रवर्त्त मासश्चारार्घेन मूल्यमादाय क्रयविक्रयस्वाधीयन्तेनानिवर्त्तकंन्यायेन क्रयेन विक्रयतम्मवतिः भाषात्र यदि स्यात तं क्षेत्र देवकराजिकसङ्कट्टव्याबाधा तिपति स्म तदा धार्ण्णकेन सोधनीय॰ अत्र शाखि यप्याबहार शिंङनमूलमीस एकेति श्रुत ।।

(पछाडिपट्टि)

ॱ खवनारासना बू क्रयपत्र ।।

यस लिखतपत्रमा भएको माटाको छाप अहिले खसिसकेकोले छाप हुने ठाउँ खाली हुन गएको छ । ने. सं. ४१३ [वि. सं. १३४९] माघकृष्णपञ्चमीको मिति भएको यो लिखतपत्र पाटन नोगल्क [सुनधारा

इलाका][१६] मा बस्ने बाबुछोराले खंपिनिछे [खपिंछे] बस्ने एक जनालाई आफ्नो हकभोगको चार रोपनी खेत बेची गरिदिएको फार्छेपत्र हो ।

(४ सङ्ख्या)

(रीलसङ्ख्या ई २०३२/२३)

मूलपाठ

**१. १ सम्वत् ४२० चैत्रशुद्धि १२ वोवा येपटोल्के तिलम्बर्छे अभेन्नमभावो ˎ उदार गुन्द्रम्म शिवका त्रयाङ्क क**
**२. शिवका ३ तस्य वर्षम्प्रति कलन्तर शिवका प्रति द्र २ बन्द्रक उदेस पेगल दाथौ तिलंको बु रोव १।। भा-**
**३. षा मुलकलन्तर डकोन पयचमालव जुरो०ˎ धनि विनायगुठि भान्हस ˎ शाक्षि विजापीठि छें हकुभारोटो०ˎ – –**

(पछाडिपट्टि)

**१. सम्वत् ४२१ श्रावनशुद्धि २ वोवा येपटोलके लिबीछें अभेन्नम भावो उदार दंम ६ स्य त्रसम्व**
**२. कलन्त्र शिवका प्र– द्रम २ वक पेगल दथ तिलको बु रोव १।। धनि विनाकगुठिस शाक्षि हक्व भारो ।।**

वोवा [चापागाउँ][१७] येपटोलका एक जनाले विनायगुठी [गणेशपूजागूठी] लाई आफ्नो डेढ रोपनी खेत बन्धकी राखी एक **शिवका**को सालिन्दा दुइ **द्रम्म**[१८] ब्याज तिर्ने गरी तीन **शिवका** सापट लिएको कुरा ने. सं. ४२० [वि. सं. १३५७] चैत्रशुक्लद्वादशीको मिति भएको यस लिखतपत्रमा छ ।

यही लिखतपत्रको पछाडिपट्टि अर्को बेहोरा छ । त्यसको मिति ने. सं. ४२१ [वि. सं. १३५८] श्रावणशुक्लद्वितीया छ । पहिलो पत्र गरेको सोह्र महीना पनि नपुग्दै गरिएको यस पत्रका ऋणी र धनी पुरानै भएकाले होला, त्यही ताडपत्रकै पछाडि अर्को पत्र लेखिएको । जुन डेढ रोपनी जग्गा बन्धकी राखी ऋणीले तीन **शिवका** सापटी लिएका थिए, त्यही जग्गा नै धितो राखी उनले झण्डै सोह्र महीनापछि नौ **द्रम्म** सापटी लिएको कुरा यस पत्रमा परेको छ । ब्याजको दर पनि पहिले सापटी लिंदा जति तिर्ने कबूल गरिएको थियो, त्यति नै छ । उही जग्गालाई दुइ पटक धितो राखी सापटी लिन ऋणी समर्थ भएकाले उनको जग्गाको मोल उनले लिएको ऋणभन्दा निकै बढी थियो भन्ने देखिन्छ ।

---

१६. वि. सं. २०४५ मा प्रकाशित पूर्णिमा ७३ अङ्कमा छापिएको, महेशराज पन्तको **यङ्गबाहाको प्राचीनताको विषयमा** भन्ने निबन्ध, सो अङ्कका ४०–४३ पृष्ठ ।

१७. वि. सं. २०३७ मा प्रकाशित पूर्णिमा ४५ अङ्कमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको **नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला** भन्ने निबन्ध, सो अङ्कका ८–९ पृष्ठ ।

१८. ४ **द्रम्म**को १ **शिवका** हुन्छ (**डकुमेन्ट्स् फ्रम् द रुद्रवर्ण–महाविहार**को ८५ पृष्ठ) ।

(५ सङ्ख्या)

(रीलसङ्ख्या ई २१०१/२९)

मूलपाठ

१.१ श्रेयोऽस्तु ।। सम्वत् ४२६ चैत्रशुक्लपूर्णमास्या० । श्रीललितब्रुमाया० श्रीमानीगलोत्तर ˎ कोविहारे यँथो गह्लछेँवास्तव्यनी ˎ वाग्मतीभारीनाम्ना शकाशात: । श्रीखलंपिविषयाधिवाशी ˎ रथन ˎ मालमहान ...
२. ज्यमानिक० ।। नववंक्षत्रनामप्रदेशे ।। श्रीअठङ्कपात्रवस्तुक्षेत्रे पश्चिमत्त: । श्रीकोतभारोस क्षत्रेरुत्रत्त: । सपाथ-गुठिकीयक्षेत्रे पुर्व्वत्त: । धनिकीयक्षेत्रे दक्षिणत्त: । एतत्मध्ये सार्द्धाद्धिकत्रयरोपनिक० ...
३. क० परिभोग्य० । यथानग्रसश्चारार्घेन मूलमादाय । क्रयविक्रयस्वाधीनत्वेनानिवर्त्तकंन्यायेन क्रयेन विक्रीतम्भवति । तत्क्षेत्र सङ्कटव्यावादो सदा धार्ण्णकेन सोधनीय० ।। साक्षि ˎ अमात्य पंडुभा ...

(पछाडिपट्टि)

१ नववंक्षेत्रक्रयपत्र ।।

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

ने. सं. ४२६ [वि. सं. १३६२] चैत्रशुक्लपूर्णिमाको मिति भएको यो लिखतपत्र फाछेपत्र हो । खलंपिविषयमा बस्ने एक जना पुरुषले पाटन कोविहार [कोबहाल] मा बस्ने एक जना स्त्रीलाई आफ्नो साढे तीन रोपनी खेत बेचेको कुरा यसमा परेको छ ।

यस ताकाको नेवारराज्य विभिन्न विषयमा बाँडिएको थियो भन्ने कुरा यस ताकाका लिखतबाट हामीहरूले थाहा पाइसकेका छौँ । अहिलेसम्म यस्ता विषय ६ वटा भेट्टाइएकोमा [१९] यस ताडपत्रको प्रकाशनबाट खलंपि भन्ने अर्को एउटा विषय थप भएको छ । यसो भए तापनि यो खलंपिविषय कहाँ थियो भनी भन्न सकिन्न ।[२०] वतन खुलाउँदा खालि खलंपिविषय मात्र लेखी टोल आदि यहाँ नखुलाइएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।

जोन केर लोकको नेपालका विहार भन्ने पुस्तकमा कोबहालको प्राचीनताको विषयमा यस्तो लेखिएको छ—
नथिङ इज् नोन् अबाउट् द फाउन्डेशन् अर् हिस्टरि अफ् दिस् बाहा । देर् आर् न्यूमरस् रेफ्रेन्सेइज् टु को बाहा (अर् को विहार) सिट्युइट्इड् इन् दिस् एरिअ डेटिङ ब्याक् टु द फोर्टीन्थ् सेन्चुरि नेपाल् सम्बत् ।[२१]

---

१९. वि. सं. २०३४ मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित, महेशराज पन्त र ऐश्वर्यधर शर्माको द टू अर्लिएस्ट् कपअर्–प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् [नेपालका दुइवटा पुराना ताम्रपत्र] का १८–२४ पृष्ठ ।

२०. वि. सं. १७१७ को पाटनको लिखतपत्रमा पनि खलंपि भन्ने ठाउँको उल्लेख आएको छ (पूर्णिमा ७५ अङ्कको १७ पृष्ठ) ।

२१. वि. सं. २०४२ मा काठमाडौँबाट सहयोगी प्रेस प्राइभेट लिमिटेडद्वारा प्रकाशित, जोन केर लकको बुद्धिस्ट् मनअस्टरिज् अफ् नेपाल् [नेपालका विहार] को १२८ पृष्ठ ।

[यस बाहाको स्थापना र इतिहासको विषयमा केही थाहा छैन । यस क्षेत्रमा रहेको को बाहा (अथवा को विहार)-सम्बन्धी असङ्ख्य उल्लेख, नेपालसंवत्का चौधौँ शताब्दीदेखि छन् । ]

नेपालसंवत्को पहिले बाह्रौँ शताब्दीको शुरूवात भएकोले ने. सं. को चौधौँ शताब्दी भनी लकले लेखे तापनि अङ्ग्रेजीमा लेखिएको यस पुस्तकमा ईसवी संवत्को चौधौँ शताब्दी भन्नुपर्नेमा झुक्किएर नेपालसंवत्को हुन गएको देखिन्छ । यताबाट लकको मतमा ईसवी संवत्को चौधौँ शताब्दीदेखि कोबहालको उल्लेख आउँछ भन्ने कुरा स्पष्ट हुन्छ ।

हाम्रो यो ताडपत्र ने. सं. ४२६ को भएकोले यसको समय ईसवी संवत्अनुसार १३०६ हुन्छ । यताबाट लकले भनेअनुसार ईसवी संवत्को चौधौँ शताब्दीदेखि कोबहालको चर्चा पाइन थाल्छ भन्ने कुरामा बल मिल्न जान्छ तापनि ने. सं. ४०३ [वि. सं. १३३९] माघकृष्णअष्टमीको ताडपत्रमा कोविहारको उल्लेख आएकोले[२२] र ने. सं. ४०३ को ईसवी संवत् १२८३ हुने भएकोले ईसवी संवत्को तेह्रौँ शताब्दीमै कोबहालको चर्चा आइसकेको स्पष्ट भएको छ ।

(६ सङ्ख्या)

(रीलसङ्ख्या ई १९७०/५१)

मूलपाठ

१. ७ श्रियोस्तु ।। सम्वत् ४३३ जैष्ठकृष्णत्रयोदस्यान्तिथौ ।। श्रीललितब्रुमाया० । श्रीमानीगल्के दक्षिनविहार·
गाडविहारयौष्ठाप्रद्धानाङ्गपात्रश्रीमलीपालवन्मस । वंटापात्रश्रीसाखरवन्मस । पात्रश्रीआनान्दपालवन्मश । पात्र-
श्रीराम्यन्दपालवन्मस । एते पात्रासमूहाना स्वहस्तं स्व-
२. वाचा प्रतीपंनीभूतेन । दोवारिक । रावुत मलीपालभारोस । दासभारोस उभयो वचनार्ण्णपरिसमाप्रतीकृत्-
मुभतार्थिमुक्तपत्र सम्प्रदत्ता भवन्ति तेज ।। भाषा दुष्टपैशून्यवचने बलाद्धिकारे न लोपालोपनी न क्रनीयं ।।
शाखि वालाहजगत वतुवारस दृष्ट ...

(पछाडिपट्टि)

७ मुक्तपत्र ।।

यस लिखतपत्रको बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यसमा श्री अक्षर लेखिएको छ ।

ने. सं. ४३३ [वि. सं. १३७०] ज्येष्ठकृष्णत्रयोदशीको मिति भएको यो लिखतपत्र अहिले प्रकाश गरिएका धरैजसो लिखतपत्रभन्दा भिन्नै खालको छ । यस पत्रलाई मुक्तपत्र भनिएको छ र मुक्तपत्र भनिएको यो पत्र मुक्तिपत्र अर्थात् छोडपत्र हो भन्ने कुरा यसको बेहोराबाट स्पष्ट हुन्छ ।

मूलका राजाहरूलाई मान्दै आए तापनि पाटनमा पात्रहरूको पुस्तैनी शासन चल्दै आएको थियो । यस्तै पात्रहरूमध्ये गाडविहार [गाबहाल] का चार जना पात्रहरूले दुइ जनालाई छुटकारा दिई यो पत्र गरिदिएको कुरा यसको

२२. मेड्ईभल् नेपाल् ३ भागको दोस्रो खण्डको १३० पृष्ठ ।

बेहोराबाट बुझिन्छ ।
यस पत्रको अर्को वैशिष्टच यसमा दोवारिक (दौवारिक) शब्द आउनु हो भन्ने कुरा पनि यहाँनिर भन्नैपर्छ ।

(७ सङ्ख्या)

(रीलसङ्ख्या ई २१२९/३२)

मूलपाठ

१, ᳵ श्रेयोऽस्तु ।। सम्वत् ४३४ जैष्टशुक्लतृतीयायां ।। श्रीयंबूब्र‍ुमायां श्रीगाम्वल्वं ...
२. रामचन्द्रस्य भूमोत्तरत्त ।। मधनकस्य भूमे पूर्व्वंत ।। एतेषा मध्ये शक्रशकं चर्तुरोपनि ...

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यसमा श्री अक्षर लेखिएको छ ।

ने. सं. ४३४ [वि. सं. १३७१] ज्येष्ठशुक्लतृतीयाको मिति भएको यो लिखतपत्र खण्डित भएकोले सब बेहोरा बुझ्न सकिँदैन । यो लिखतपत्र यंबु [काठमाडौँको उत्तरी भाग र दक्षिणी भागको टेबहालसमेत गाभिएको प्रदेश][२३] मा तयार गरिएको हो र यहाँ एक कर्ष [२४] सहितको चार रोपनी जग्गाको लेनदेन भएको कुरा मात्र यसबाट बुझिन्छ ।

(८ सङ्ख्या)

(रीलसङ्ख्या ई १९६१/२४)

मूलपाठ

१. ᳵ श्रेयोऽस्तु ।। सम्वत् ४३५ श्रावनशुक्लप्रतिपदा ।। श्रीललितब्र‍ुमायां । श्रीमानीग्वल्कँ । दक्षिनविहारै वंलाविहारे भिलोखाकुटुम्बजपात्रश्रीगजनभारोस भ्रातृसह । तदनुज भ्रातृपुत्रश्रीअसोगमालभारो ...
२. एते पात्र जेष्टानुजेन सहेन स्वकीयं स्वबुज्यमानक० ।। श्रीख्वखनाविषयाद्विवाशिनो युथोग्राम धनमालभावो भातृसहानुमतेन सकासात् ।। खुथबुनामप्रदेसे ।। हीपगोष्टिभूमे पश्चिमत ।। म ...
३. महथस भूमेरुत्रर्त ।। फनर्पि[२५] क्षेत्रे पूर्वंत ।। ख्यलशीमाया दक्षिनत ।। एतत्मध्ये द्वयरोपनिकं यतक्षेत्रस्य त्रयभागस्य द्वयभाग लाभमात्र सकसकं परिभोग्यं ।। तद्यथा नगरप्रव ...

---

२३. वि. सं. २०३१ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित, कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टड्इज् [नेपालविषयका विद्यासम्बन्धी लेख] १ वर्ष २ अङ्कका ९०–९८ पृष्ठमा छापिएको गौतमवज्र वज्राचार्यको यङ्गल, यम्बु भन्ने निबन्ध ।
२४. कर्ष = $\frac{1}{4}$ रोपनी (पूर्णिमा १ अङ्कका ३२–३३ पृष्ठ) ।
२५. फनर्पि र क्षेत्रेको बीचमा केही ठाउँ खाली छोडिएको छ ।

४. र्घेन यथोचित्मूल्यमादाय क्रयविक्रयस्वाधीनेन तेनानिवर्त्तकंन्यायेन क्रयेन विक्रीतं भवति । यदि सत्या देव कदाचित् विनासंव्यावाद धारणकपात्रेन सोध्य ।। साखि स्वग्रामगजनमारो दृ ...

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यसमा अघिल्लो पङ्क्तिमा श्री र पछिल्लो पङ्क्तिमा **मनिग्ल** लेखिएको छ ।

ने. सं. ४३५ [वि. सं. १३७२] श्रावणशुक्लप्रतिपदाको यो लिखतपत्र मूसाले दायाँपट्टि काटेकोले पूर्ण छैन तापनि पाटन वंलाविहारका एक जना पात्रले भाइभतिजासमेत भई ख्वखना [खोकना] विषयमा बस्ने दुइ जना दाजु-भाइलाई आफ्नो हकभोगको दुइ रोपनी जग्गाको तीन खण्डको दुइ खण्ड बेचेको कुरा बुझिन्छ ।

खोकना पनि यस ताका अलग्गै विषयको रूपमा थियो भन्ने कुरा यस लिखतपत्रबाट बुझिएकोले हामीलाई अब आठवटा विषयको नाउँ थाहा हुन गएको छ ।

(९ सङ्ख्या)

(रीलसङ्ख्या ई १९७०/२८)

मूलपाठ

१. ९ श्रियोस्तु । सम्वत् ४३८ चैत्रकृष्णसप्तम्याम्तिथौ । श्रीललितब्रुमाया०, श्रीशातोगलकँ सालकोछें वंटामद्धि-वाश । अमतमालभावो णामणा स्काशात ।। श्रीजेष्टवादीग्रामे यंथौटोल सालखाछें जंहरश भावा नामनेण स्वकीयं स्वभुज्यमानकं ।।

२. ख्वनाक्षेत्रणामप्रदेशि । कोबहारक्षेत्रे पश्चिमत । रेवुमालभवो क्षेत्रे त्तरत ।। मोलोभारोस क्षेत्रे पूर्व्वत ।। सतीगलवर्म्मंभो क्षेत्रे दक्षिणत । एतनमध्ये क्षेत्र रोव १।। उत्रस्थाने कोनाम्हशह०, । ताक्षेत्र सक्रप्कं परिभोज्ञं । ता .. दे·

३. सकालप्रवर्त्तमानावष्ट । सञ्चारार्घे मूल्य शुवर्णमादाय क्रयविक्रयस्वाद्धीयस्तेनानिवर्त्तकन्यायेत क्रयेत् विक्रीत भवन्ति ।। भाषा क्षेत्र देविकराजिकसङ्कटव्यावादा द्रार्णके सोध्य०, ।। अत्र साखि जट्लं शालखाछें ह ... ।।

(पछाडिपट्टि)

१. ९ ख्वना बु क्रयपत्र । प्रते दानागान-

२. स चोस्यं तोलका हा जुरो०, ।।

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यसमा श्री अक्षर लेखिएको छ ।

ने. सं. ४३८ [वि. सं. १३५७] चैत्रकृष्णसप्तमीको मिति भएको यो लिखतपत्र जेष्टवादीग्रामका एक जनाले पाटन सातिगल [सौगल] बस्ने एक जनालाई आफ्नो हकभोगको डेढ रोपनी खेत बेची गरिदिएको फार्छेपत्र हो । जेष्ठवादीग्राम कहाँ पर्छ र यसको चलतीको नाउँ के हो भन्ने मलाई थाहा छैन । तर जट्लं [हरिसिद्धि] का मान्छेलाई साक्षी राखिएकोले त्यो गाउँ त्यतैतिरको हो कि भनी अनुमानसम्म गर्न सकिन्छ ।

(१० सङख्या)

(रीलसङख्या ई २०३२/१७)

मूलपाठ

१. ८ श्रेयोऽस्तु ।। सम्वत् ४४२ भाद्रपदशुक्ल ।। द्वादस्याया तिथौ ।। श्रीचंपागुलमकें दक्षिणतौलकें ।। बुंछेंहरिब्रम-
भावोनामना स्वहस्तेन स्ववाचा प्रतिपंनेन ।। यितवोक्षेत्रनामनप्रदेस्य श्रीहृटकोविहारपात्रस क्षेत्र
२. पश्चिमत ।। षालमकस्य ् उत्रत ।। पूर्व्वत ।। तिलंबछें टंभारोस क्षेत्रस्य दक्षिणत एततमध्ये द्वयरोपिनिक०् जस
क्षेत्र रोव २ तत्क्षेत्रस्य यिनायभऱ्हागुठि भऱ्हासमूहसके दुंतं तथा ।। क्रयविक्रनो छिकतुभुतेन ।। अव-
३. त चन्द्राकमेदनी ताव सुगोत्रपरगोत्राना व्याबाबीकृत नोप न लभते ।। एतत दानवती हरिब्रमभावो प्रमुषादीना
परिजनसंपंनेन जथोकतफल ततप्रापता भवति लोपालोपं न लभते अत्रार्थे शाक्षि दासभारोस ।।

(पछाडिपट्टि)

१. ८ यितवोक्षेत्र

२. दत्रपत्रेति ।।

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यसमा श्री अक्षर लेखिएको छ ।

ने. सं. ४४२ [वि. सं. १३७९] भाद्रशुक्लद्वादशीको यो लिखतपत्र अहिले प्रकाश गरिएका धेरैजसो लिखतपत्रभन्दा भिन्नै प्रकारको छ । चम्पागुलम [चापागाउँ] का एक जनाले आफ्नो हकभोगको २ रोपनी खेत यिनायभऱ्हागुठी [विनायकभट्टारकगूठी = गणेशगूठी] मा चढाइएको कुरा यस लिखतपत्रमा परेकोले यो दत्तपत्र हो ।

देवीदेवतालाई गूठी राखेको कुरा प्रमाणित गरिएको दत्तपत्रमा खास गरी वार नक्षत्र आदिको पनि उल्लेख हुने भए तापनि यसमा अरू खालका लिखतपत्रमा जस्तै साल महीना पक्ष र तिथिको मात्र उल्लेख आएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

चापागाउँलाई चम्पागुलम भनी यहाँ भनिएकोले नेपालखाल्डोको दक्षिणी भागमा रहेको चापागाउँमा त्यस ताका गुलम [चौकी][२६] रहेको कुरा देखिन्छ ।

(११ सङख्या)

(रीलसङख्या ई १९२७/८)

मूलपाठ

१. ९ श्रीयोऽस्तु ।। सम्वत् ४४४ अश्विनशुक्लप्रतिपद्या तिथौ ।। श्रीललितब्रुमाया०् ।। श्रीमानीग्वलके वक्षिनविहार-

---

२६. वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १० अङ्कमा छापिएको, धनवज्र वज्राचार्यको लिच्छविकालका शासन-सम्बन्धी पारिभाषिक शब्दको व्याख्या भन्ने निबन्ध, सो अङ्कका १०–११ पृष्ठ ।

कुटुंबज ॱ हटकोविहारप्रधानमहापात्र ।। श्रीजगरामवमनस नामन शुकीयं शुबुज्यमानक० ॱ ।। श्रीचम्पा(गुलम)८- दक्षिण–

२. टोल्के बु – उदेरामनायककेन सकासात ।। पेगलउक्ानक्षेत्रनामप्रदेसे ।। धरसीमाया पश्चिमत ।। घनकस्य स्तरतो पोव्वंतो ॱ दक्षिणत एततमधे ॱ पेगलउक्ानक्षेत्रसाधाधिकमेकरोपिनिक० ॱ जत खेत्र रोव १।। तत खेत्र सकर्षक-

३. परिभोग्य० ॱ तद्ययादेसकालप्रवृतमानसञ्चारारघेन मूलमाद्याया ।। कुयेन विक्रीतम्भवति ॱ तत खेत्रस्य निमितेने सङ्कठ्यावादकाले स्वयं सोधनीय भवति ।। शाक्षि प्रधानमहापात्र श्रीमेलनदेव नायकजुस एकप्रमानमितीति ।।०।।

(पछाडिपट्टि)

१. ः पेगलउक्ानबु

२. कृयपतेति: ।।

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ।

ने. सं. ४४४ [वि. सं. १३८१] आश्विनशुक्लप्रतिपदाको यो लिखतपत्र पाटन हटकोविहार [हौबाहा] का एक जना पात्रले आफ्नो हकभोगको डेढ रोपनी खेत चापागाउँका एक जनालाई बेची गरिदिएको फार्छेपत्र हो। यसभन्दा अघिल्लो पत्रमा गणेशगूठीलाई चढाएको जग्गाको चार किल्ला खुलाउँदा हटकोविहारका पात्रको खेतदेखि पश्चिम-पट्टि भनी चर्चा गरिएको खेत यही पत्रको विषयवस्तु बनेको खेत हो कि जस्तो देखिन्छ।

## (१२ सङ्ख्या)

(नेपाल राष्ट्रिय अभिलेखालय, बट्टाको सङ्ख्या ४०, क्रमसङ्ख्या ६००)

### मूलपाठ

१. ः श्रेयोऽस्तु ।। सम्वत् ४४६ फाल्गुणशुक्लअष्टम्याः । श्रीललितव्रुमायां श्रीमानीगलके । सोथंनिमंग्रहाद्धि-वासिनो । – रजीवभारो । भातृरामजीव द्वयो नाम्ना । सकासात । स एव ग्रहवास्तव्य । स्वगोत्र । संखभारो नाम्ना । शुकीयं शुभुजिमानिकं स एव सोथंनिमं वंकुलि अठङ्कछिनामप्रदेशे । स्ववर्ण–

२. कारगाजनभारोस ग्रहअङ्गनद्वयशोमायां पश्चिमत । श्रीविद्यापीठिशोमायां उत्रक । स्ववर्णकारगाजनभारोस । ग्रहशोमायां पूर्व्वत । सोथं श्रीविहारीयकस्य । भुमिकायां दखिणत । एतत्मधे मूलमार्गिन उत्रप्रवेश पुन पूर्व्व-प्रवेशग्रहमण्डल । वंकुलिमूलवामसोत सह द्वारद्वयं द्वार २ लिबीछेस्मेत स्वशोमा-

३. स्वपरिभोग्यं प्लोलसङ्ख्रबाहिरद्वारागनस्यं धनिकारस्मपरिभोग्यं यथानग्रहसञ्चाराघेंन मूलमादाय क्रयविक्रयस्वा- – – न क्रयेन विक्रीतम्भवति । ता ग्रह यदि स्यात देवराजिकं विनासष्टव्यावादो क्रयन स्या तदा धार्णकेन स्वयं परिसोध्यनीयं शाखि सोथंनिमं येकुलि । द्विजश्रीजयजुस । मेक द्रष्टेतिः ।। :

(पछाडिपट्टि)

१. सोथंनिमं वंकुलि

२. अठङ्कछि क्रयप्त्र भा-

३. वा नागनस तोला जुरों

ने. सं. ४४६ [वि. सं. १३८२] फाल्गुनशुक्लअष्टमीको यो लिखतपत्र पाटन सोथंनिमं [स्वठटोल] मा बस्ने दुइ जना दाजुभाइलाई त्यहीँको आफ्नो हकभोगको घर उनीहरूका एक जना गोतियाले बेची गरिदिएको फार्छेपत्र हो । त्यही टोलमा बस्ने एक जना ब्राह्मण यस पत्रमा साक्षी बसेका छन् ।

यस पत्रमा स्वठटोलमा बस्ने ब्राह्मणको उल्लेख आएको र अहिलेसम्म पनि राजोपाध्यायहरूको बसोबास स्वठटोलमा भइआएको कुरा चाखलाग्दो छ ।

(१३ सङ्ख्या)

(राष्ट्रिय अभिलेखालय बट्टाको सङ्ख्या ६६, क्रमसङ्ख्या ९८०)

मूलपाठ

१. ᳵ श्रयोऽस्तु ।। सम्वत ४५४ भादपदकृष्णचतुरदस्या०॒ श्रीवंथौ ख्वखनाग्रामाद्धिवाशिन ह्वीनभाकस्य सकासात् ।। योथौ ख्वखनाग्रामाद्धिवाशिन कितमालभावोकस्य नामन स्वकीय०॒ स्वविजमानिक०॒ · · ·

२. मालकस्य क्षेत्रे पूर्व्वत् । कोथौ पुलविहारिकस्य क्षेत्रे दक्षिनत् ।। एतत्मद्धे त्रियरोपनिक०॒ जतक्षेत्र रोव ३ तं क्षेत्र सर्कषपरिभोग्य०॒ तं क्षेत्रस्य जथौचेतमुलमादाय कृविकृस्वादीनतेनानुवत्क०॒ · · ·

यस लिखतपत्रमा बायाँपट्टि छेउमा माटाको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

ने. सं. ४५४ [वि. सं. १३९१] भाद्रकृष्णचतुर्दशीको यो लिखतपत्र खोकनामा बस्ने एक जनाले त्यहीँ बस्ने एक जनालाई आफ्नो हकभोगको तीन रोपनी खेत बेचबिखन गरी लेखिदिएको फार्छेपत्र हो ।

(१४ सङ्ख्या)

(रीलसङ्ख्या ई २१०१/४९)

मूलपाठ

१. ᳵ श्रेयोऽस्तु ।। सम्वत ४५५ चैत्रकृष्णपञ्चम्या०॒ श्रीललितब्रुमाया०॒ श्रीमानीगलोत्तरस्थ ।। श्रीकोविहारे यंथौ गह्लछें अद्धिवाशिनी । लक्ष्मीनाम्नायीशकाशात ।। तत्रैव स्थाने येथौ गह्लछें अद्धिवाशिन । नेखम्बं भ्रातृसहानुमतेन स्वकीयं स्वभुज्यमानिक०॒ ।। स एव येथौ गह्लछें नामप्रदेसे ।। वंवीविहा-

२. र लिवीछें शोह्भावोस गृहे पश्चिमत ।। गृहाङ्गनस्य उत्तरतः ।। धार्ण्णकस्य गृहे पूर्व्वतः ।। मगूह्लिमार्ग्गस्य दक्षिणतः ।। एतत्मध्ये मार्ग्गेन पश्चिमप्रवेस गृहसंण्डले दक्षिणाभिमुख यटो मूल्यद्वारेक०॒ द्वार १ तत्गृहे प्रालसंछन्नम्बाहिरद्वाराङ्गनस्यंदिनिकादिस्वशीमास्मपरिभोग्य०॒ तद्यथा न-

३. गरप्रवर्तमानसञ्चारार्घेन यथोदेसोचितमूल्यमादाय ।। क्रयविक्रयस्वद्धीनत्वेनानिवर्त्तकन्यायेन ।। क्रयेन विक्रयसम्भवति ।। तत्गृहे यदि सत्यादेवकराजिक विना सङ्कटव्यावादकाले तदा धार्ण्णकेन सोधनीय०॒ ।। अत्रार्थे साक्षि वम्बोविहाराद्धिवास्तव्य । अखरामभारोस । दृष्टः ।।

(पछाडिपट्टि)

येथो गहुछे यंटाछे क्रयपत्र ।। भाषावो

यस लिखतपत्रमा बायाँपट्टि माटाको गोलो छाप छ । तर त्यो छाप फुटी आधा मात्र बाँकी रहेकोले **श्री** अक्षर र त्यसको माथि चन्द्र मात्र देखिन्छ ।

ने. सं. ४५५ [वि. सं. १३९२] चैत्रकृष्णपञ्चमीको यो लिखतपत्र पाटन कोबिहार [कोबहाल] बस्ने एक जना स्त्रीलाई बम्बीविहार बस्ने एक जनाले कोविहारको आफ्नो हकभोगको घर बेचबिखन गरी लेखिदिएको फार्छेपत्र हो ।

(१५ सङ्ख्या)

(रीलसङ्ख्या ई २१००/४४)

मूलपाठ

**१. ৎ सम्वत ४५५ चैत्रवढि ५ यंथो गहुछें अद्य · · ·**

**२. छें यंटाछें पनकायदो गुन्द शिवका चतुर्दशा · · ·**

**३. म्म शिवका २ नियार दिन १५ अत्र साक्षि वम्बाविहार अखराममारोस दृष्टः ।।**

चौध सङ्ख्याको लिखतपत्र र यस लिखतपत्रको तिथिमिति र मूल विषयवस्तु एउटै छ तापनि पहिलो लिखतपत्रमा घर कतिमा बेचेको हो भनी रकम खुलाइएको छैन । यस लिखतपत्रमा रकम खुलाइए तापनि फार्छेको जम्मै बेहोरा परेको छैन । यस लिखतपत्रमा परेको जम्मै कुरा पत्र खण्डित भएकोले बुझिँदैन तापनि १४ शिवका लिई घर बिक्री गरेको जस्तो देखिन्छ । यस पत्रको दोस्रो पङ्क्तिको सबभन्दा पछिल्लो अक्षर द भएको कुरा तेस्रो पङ्क्तिको पहिलो अक्षर सम्म भएकोले भन्न सकिन्छ तापनि त्यसपछि आएको शिवका शब्दको पूर्वापरसम्बन्ध भने खुट्ट्याउन सकिएन ।

# रणजित् मल्लले नामुडामा खेत गूठी राखी लेखिदिएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

—महेशराज पन्त

श्रीपसुपतीर्जयती ৎ

**१. स्वस्ति श्रीमन्पेपसुपतित्याबोश्रीमाहाराजधीराजश्रीश्रीजयेरणजीतमल्लवे-**

**२. वानाम जवा जमरवीजयेनाम – – – – ।।**

**३. स्वस्ति श्री ३ नामदेवताका थान नोम वोयो बालनाका सोमोस्त**

**४. सोम दम्टो षेत चार रोपनी श्रीदेवताकन मैनै गुद् राप्या. मैले**

५. गन्या क ×××× काजी गोरी उमराव जो यो षेतमाहा घटीब-
६. ढी गरला × व मेरो गुनगार साछी प्रधां जैसींह गोरी श्रीपसुपति
७. श्रीकृष्णचंन थापा श्रीअमरसींह अधीकारी मीती माघसुदी
८. ९ सं १८०६ लीषक साछी चुकु ----

मूल लेखभन्दा माथि तेर्सो पारेर लेखेको—

**कसैले यो चीताई-**
**चाले अरुलाई बीनु**

बायाँपट्टि फड्केमा तेर्सो पारी लेखेको—

**श्रीधन जुजु साछी**
**तस्को चीताई गुग्या मडो**
**पेंनु लामाकन बीया सुभ**

त्यहीँ छेउ तेर्सो पारी लेखेको—

**न जैसी सुभ**

(यस पत्रको नकल भद्रकालीमा रहेको गूठीलगत तथा तहबील कार्यालयमा छ ।)

# पृथ्वीनारायण शाहले दोलखाका नारायण तथा भैरवको गूठीको व्यवस्था गरी लेखिदिएको पत्र

**—महेशराज पन्त**

वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बाप्रकाशनद्वारा प्रकाशित, नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९८१ पृष्ठमा गूठीअड्डामा रहेको नकलबाट यो पत्र छापिएको थियो । गूठीलगत तथा तहबीलकार्यालयमा यसको सकल हाल भेटिएकोले मूलसँग रुजू गरी शुद्ध पाठ प्रकाशित गरिएको छ ।

श्रीनारायण. श्रीभैरवकन. श्रीभीमसेनकन

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणीनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत-
२. श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्

३. आगे धनदत्त. रत्नविरसिंकन सिरसिंदेव ठकुरले – – – कन चन्हायाको गुठि धु-
४. ल्बु मुरि पचीस २५ – – – – – – कन चन्हायाको गुठि मुरि २५ गुठि बुँषेत
५. – – – – – – चन्हायाको षोडा षेत मुरि १२ बान्ह एति षेतको चितायो गर्नु बक-
६. स भयो. धनदत्त रत्नसिंले चितायो गर्नु. देवलपाटि बनाउनु. संवत् १८१६ जेष्ट-
७. शुदि ४ रोज ४ शुभम् ≡ ≡ ≡ ≡ ≡ ≡ ≡ ≡ ≡

# पृथ्वीनारायण शाहका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा लालमोहर

–महेशराज पन्त

वर्तमान नेपाल राज्यको स्थापनाको इतिहास बुझ्न पृथ्वीनारायण शाहका लिखत अपरिहार्य छन् । उनका, अहिलेसम्म प्रकाशमा नआएका ३ वटा लालमोहर काठमाडौँ भद्रकालीको गूठी लगत तथा तहबीलकार्यालयमा खोजीको क्रममा भेटिएकाले कालक्रमअनुसार तिनलाई यहाँ प्रकाशित गरिएको छ। ती तीनवटै लालमोहर नकल भएको कुरा यहाँनिर स्पष्ट पार्नुपर्छ।

(१ सङ्ख्या)

श्री

दुर्गाजी

श्रीवंसगोपालका

१. स्वस्ति श्रीगीरीराजचक्रचुडामणीनरनारायेणेत्यादीवीवीधवीरुदा-
२. वलीवीराजमान्मानान्ततश्रीमनमाहाराजजाधीराजश्रीश्रीश्रीम-
३. त्पृथ्वीनारायणसाहादेवानं सदा समरवीजयेनाम्————
४. आगे. – – – का पुजाहारा ब्राह्मणके. मकवानीले बी-
५. र्ता दीयेको गोडप्रसा गाउ हामीले थामीबक्स्यौँ. जोत
६. जोताउ चलं गर. षातीरजामासंग बस. इति सम्वत १८२०
७. फागुणवदी १२ रोज ४ शुभ्स् — —

(२ सङ्ख्या)

श्रीदुर्गाज्यु १

१. स्वस्ति श्रीमन्महाराजाधीराजकस्य रुक्का — — — —
२. आगे रंजीत मल्लका छोरा धनजुजुमल् डाटो जुवाई जैनारायनकन. भादगाऊका अठार्‍ह हजार-
३. का तरहको सलामी पनी सर्कार चर्‍हायो. पोता पनी तिर्दछो. तम्रो घर षेतबारी घट्ट जो
४. हीजो तम्रा बाबाले सुनावृर्त्ता गरीदीयाको हामीले पनी थामीबक्स्यौं को छ. षतिजम्मास-
५. ग भोग्य गर. इति सम्वत १८२९ वैशाषसुदी ११ रोज ४ मुकाम कांतीपुर राजधानी शुभं

(३ सङ्ख्या)

श्री

माहादेव

१. स्वस्ती श्रीमन्माहाराजाधीराजकस्ये रुक्का ☰ ☰ ☰
२. आग्ये सीऊराम गीरी गोसांईके: दोलालघाट्देषी माथीबाटका श्री — — — — को
३. पुजाहारी भारा र हीजो आज आफु बस्येका घरघडेरी थामीबक्स्यु. आपना षा-
४. तीरजामासीत पुजा गर. सो जगा भोग्य गर. सम्वत् १८२९ मीती फागुनसुदी ६
५. सुभ्म् — — — — — — — — —

# नामुडाको वनको रक्षाको लागि पृथ्वीनारायण शाहले गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

— महेशराज पन्त

श्रीदुर्गा सहाये

१. स्वस्ति श्रीमंमाहाराजधीराजकस्ये रुक्का — — — आगे नामबु — — — का
२. पुजाहारिलाई २ घरकन नामडोउको पुजाहारी अघीदेषी पनी नरोहेरा आज हामी-
३. ले पनी तीमीहरुकन थामीबक्सीउं पुजा गर बाकी थानको काफलको रुख-
४. मा रनफ गरेको नामोउधोको ✕✕✕✕ काफल ✕✕✕ को चोता
५. छ पनी गर जो त्यो वं काटला सोंउ गर पाउ त्यो वनको चीताई गर. तीमीहरुला-
६. ई कसेले थीचोमीचो गराउयन संवत १८३० जेठसुदी माडौ

(यस पत्रको नकल भद्रकालीमा रहेको गूठीलगत तथा तहबीलकार्यालयमा छ। )

# सेन राजाहरूका अहिलेसम्म प्रकाशमा नआएका तीनवटा पत्र

—महेशराज पन्त

(१ सङ्ख्या)

श्री

विष्णुपीती

श्रीकामदत्त सेन्—

१. आज्ञा श्रीश्रीश्री – – – – – – – जीव

२. श्रीकेशव का जोसीके षडा मोरंग तथा कटहरीमध्ये मौज्ये

३. पोषरीया बाकी गावो ठेक् १ मैहाद ससीम् श्री – – – षातीर

४. कुशबोर्ता वोहल्. आवन् षातीर. ज्माशं गावो हाद गुलजार कं

५. असल धगंरी दाम अंक. अबु आब दस्तूर शोध अनी मौज्म दा-

६. टीका शुबाई फौज्दारी ज्मादारी वो छापदारी द्वारदारी ववाशी

७. घोडही घुपही पंडीतारं चन्दा चौकारी नडी आना. वह छपी २।। ठेर

८. कठियारी वे आन्हुबानी संगौटा शिगारहाड मौआरी गैआरी

९. पलपपराईन् शब अंक उदापन्सहित् प्रति शुष भोग्य कं

१०. आशिर्वाद देत रहयु. ईती संम्वत् १८२५ शाल् माह अगहंनशु-

११. दी ता १ रोज मु. चोत्राहा – – – – –

(२ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्विपाल-

२. सेनबहादुरदेवाना सदा समरविजयीनाम्—————

३. आगे हातिराम नेवारके हुमिनु मैटाटि धा लैके जडचा

४. फुलबारी बनावंके ३ माना मकईकं बियाजे वं पा-

५. बारिस्मेत वोहल. सर्कारसं षोसंके नाही. नेवारे बेचे-

६. षायेके नाही बिन्ति कंविहल. पानि बोकवं षा १ घर

७. ठाटिधलबंया १ घर दुनो घरके चौधरिके कांवल नाही. घर

८. गनी अपने हात सर्कारमे देही. आगे सालसं घरजनी

९. माफ कंविहल. सम्वत १८५१ साल पौषवदि ३ रोज

१०. २ मुकाम ललितपुर शुभम् — —

(३ सङ्ख्या)

श्रीभवानीहृषीकेशौ जयतः ।

पत्र सही

१. स्वस्ति श्रीमन्माहाराजाधीराजश्रीश्रीश्रीमन्पृथ्वीपा-
२. लसेनबाहादुरदेवानां सदा समरवीजयीनाम्
३. आगे रतन घर्तीकै धोवाढीकै वरवाके पोखरे चौर
४. गाहा लेह्रो पानी जाय. ताहा तह्रो बीन्हावौ. पौवा-
५. कै जतन करं. थांहीं धरमं चलावो. पौवोकं सै.
६. हार करं. लामेवरकसे उपर. वेहलहैं: सम्वत्
७. १८५४ साल माघसुदी १० रोज ७ मुकाम् बोट-
८. वली सुभ्म्

(छेउमा)

माः काजी रणमर्दन् सेन्

(यी तीनै पत्रका नकल गुठीलगत तथा तहबीलकार्यालयमा छन् ।)

# प्रतापसिंह शाहले भादगाउँको गूठीको व्यवस्था गरी लेखिदिएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

—महेशराज पन्त

१. स्वस्ति श्रीमन्माहाराजधिराजकस्य रुक्का = = = =
२. आगे सहर भादगाऊको – – – को गुठीहार विष्णुनारायण नेवारप्रती – – –
३. को गुठमा छ्याली‍हरुले कचमच गर्छ गरे. त्यो – – – को गुठ परांपुर्वदेषी जस-
४. रि आयाको हो. तसै गर. तेसमा कसैको केहि लाग्दैन. आपना पातीरजम्मासीत
५. चलन गर. ईती सम्वत् १८३१ साल् चैत्रसुदी १४ रोज ६ मुकाम् भादगाऊ शुभम्

(यस पत्रको नकल गूठीलगत तथा तहबीलकार्यालयमा छ ।)

# पृथ्वीनारायण शाहले बाँधिदिएको स्थिति थामिएको कुरा परेको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

—महेशराज पन्त

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का——————
२. आगे पाल्चोक् छ्यांको ढाक्चाल् गरा लामालाई सोन्हसय से-
३. राको असिना थाम्न्या लामालाई अघि श्रीज्युज्युबाज्याको पा-
४. लामा ज्या थ्यात्मर्ज्याद् थीयो. सोहि सहि थामिबक्स्यु. हिजोदे-
५. खिको रित्ता गर. शम्वत् १८३६ फगुनशुदि २ रोज ५ मुकाम
६. कान्तीपुर शुभम् ——————

(यस पत्रको नकल गूठीलगत तथा तहबीलकार्यालयमा छ।)

# स्यामर्पा लामालाई जागीर दिई लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

—महेशराज पन्त

श्रीदुर्गा सहाय १

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्क——————
२. आगे स्यमार्पा लामाके. रंजं अधिकारिको थयल महांकाल्
३. थुम् षेत् १२ बन्ह सेरोफेरोसमेत् जागिर बक्स्यौ. जागिर जानि भो-
४. ग्य गर. ईति संवत् १८४५ साल आषाडवदि ८ रोज ६ मुकाम
५. कांतिपुर शुभ्म——————

(यस पत्रको नकल गूठीलगत तथा तहबीलकार्यालयमा छ।)

# परराष्ट्रमन्त्रालयमा रहेका ऐतिहासिक सामग्रीको सूची

– दिनेशराज पन्त

परराष्ट्रमन्त्रालयमा सयौं पोकामा ऐतिहासिक सामग्री रहेका छन् । तर त्यहाँ भएका सबै सामग्री बाहिर प्रकाशमा नआएकाले त्यसबाट अनुसन्धाताहरूले चाहिंदो लाभ उठाउन सकेका छैनन् । त्यहाँ रहेका सामग्रीको सूची मात्र तयार गरी प्रकाश गर्न सके पनि त्यसबाट निकै लाभ हुने थियो । तर त्यो सूची तयार गर्नेतिर पनि सम्बद्ध निकायको ध्यान गएको देखिंदैन ।

**गोरखाको इतिहास** तयार पार्ने प्रसङ्गमा आफूलाई चाहिने सामग्री खोज्दै जाँदा वि. सं. २०३८–२०३९ का केही महीना मैले परराष्ट्रमन्त्रालयमा बिताएको थिएँ । त्यसै वेला वि. सं. १९६४ मा तयार पारिएको सूचीपत्रको केही अंश भेट्टाइएको थियो र पछि काम लाग्ने ठानी सारिएको थियो । सो सूची तयार गर्ने मानिसहरूको नाम पनि त्यहाँ दिइएको छ र जुन मितिमा सो सूची तयार भयो, त्यसको उल्लेख पनि त्यहाँ छ ।[१] यस सूचीले परराष्ट्रमन्त्रालयमा रहेका ऐतिहासिक सामग्रीको बारेमा सानै भए पनि सूचना दिनेछ भनी यसलाई पूर्णिमाको

---

१. जैसिकोठाका पुरानु कागजको किताप षडा गर्ने अडाको
सम्वत् १९६४ साल वैशाष १ गतेदेषीको हाजीरी फाराम्
विक्रमसम्वत् १९६४ साल् शालिवाहनशक १८२९ शङ्खधरकृत नेपालसम्वत् १०२७ अङ्ग्रेजी सन् १९०७
वैशाष
नायब मूषिया चन्द्रलाल मास्के
बहिदार गौरीलाल मास्के
नौसिदा सिद्धिकुमार श्रेष्ठ
श्रीकालीदल पल्टंको सीपाही
१. अकलबहादुर थापा क्षेत्री मातातीर्थ
२. लालबहादुर कवर मातातीर्थ

माघ
ना. मु. चन्द्रलाल मास्के
नौ. देविप्रशाद अर्ज्याल
ब. शक्तिराज जोसि
श्रीकालीदल पल्टंका सीपाही
१. अकलबहादुर थापा क्षेत्री
२. लोकबहादुर दानी क्षेतृ

यस अङ्कमा प्रकाश गरेको छ। परराष्ट्रमन्त्रालयको १३ सङ्ख्याको खाममा रहेको यो सामग्री सङ्ग्रह गर्दा सारी सहयोग गर्ने श्रीरुक्मनाथ पौडेललाई धन्यवाद छ।

मूलमै कोष्ठ राखिएकोमा ( ) यस्तो कोष्ठ र खालि ठाउँमा अहिले भरिएको ठाउँमा [ ] यस्तो कोष्ठ दिइएको छ।

अषाड १।३

२० श्री ५ राम साहबाट थितिबदेज बाधिबक्सनुभयाको पछि बिचमा षड्बड् पर्न गयाको सच्याइ सोहि थिति थामि श्री ५ राजेन्द्रविक्रम साहबाट १८९६ सालमा गरीबक्सेको लालमोहर नकल— १

१४ सं. १८८७ सालमा शहर काठमाडौ भादगाउ पाटनका देवदेवताका देवालय नापियाको फिरिस्त— १

८ श्री ५ पुरन्दर साहका पालामा लमजुङ्ग्याले लिग्लिग् लकाङतिर आई गोर्षालीहरूसँग लडाञी हुदा गोर्षालीको गम् नपुग्दा लमजुङ्ग्याले ठाउठाउ अम्बल गर्‍याको बिस्तारको— १

८ श्री ५ नरभूपाल साहबाट लमजुङ अम्बल भैसकेपछि लमजुंग्याहरूले लड्न आउदा चंन्द्ररूप साह पठाइ लडाञी फत्य गरीबक्सेको बिस्तारको— १

अषाड २।४

३ सं १८७० सालमा बघाट्मा राजा अम्बरसिं थापाले अंग्रेजको जर्नैल अकटरलोनीसंग मुलाकात् गरेको र नीज जर्नेलका छोरासंग आफना छोरा रामदास थापाको मित्यारी गरायाको र अटक् कीलला काङ्डा मण्डलामा लडाञी भयाको विषयेमा अंग्रेजसित कुराकहानी भयाको हालषबरस्मेत जनरल अम्बरसिं थापालाइ लेषेको— १

३ चंपागढ्मा घेरा गर्दाका हानमार गर्‍या घाइत्याहरूको नामनामासि फर्द— १

८ श्री ५ राम साहबाट मीर्कोट अम्बल गर्‍याको बिस्तारको— १

८ देवानंद जैसिले सायत् हेर्दा दहचोक्का राजा कलि मुंढ्याको भेडा भैं बाहीर निस्क्याको छ

पृथ्वी भित्र पस्न नदि काटे मात्र फत्य होला भंदा सोहिबमोजीम गरेपछी दहचोक फत्य भयाको बिस्तारको— १

२१ सम्वत् १८९६ साल चैत्रसुदी १५ का दिन नुवाकोट् श्रीभैरवीका सुनका छाना उडायाको षबर— १

३ अम्बरसिं थापाले मालकडा फत्य गर्‍याको बिस्तार बम साहले लेषेको १८९६ सालको— १

अषाड ३।५

८ कान्तीपुरमा प्रवेश भयाको र राजा जयप्रकाश मल्ल भाग्याको बिस्तारको— १

८ अघि श्री ५ पुरन्दर साहका पाला नुनपाषी बंद हुदा चागे सुर्तानसंग दोस्त राषी गोर्षामा नीजलाई हात्ती देषाउदा यो क्या चीज षादो रहेछ भनी सोध्यो र हाम्रा मुलुकमा नहुने नुन षादो रहेछ भंदा वर्षको २१ मुरी नुन पठाइदिन लाग्यो ताहापछी नुनपाषिको रस्ता षुल्यो भंन्या वङ्शावली— १

जं ९८ सालमा माथबरसिंह थापाको सर्वश्व भयामध्ये कपडालुगा फिर्ता गयाको फिरीस्त— १

सम्वत् १९२८ सालमा श्री ५ सर्कारका हजूरमा श्री ३ महाराज जङ्गबहादुरबाट सोहनपुरमा लाट्साहेबसंग भेट्मुलाकात गर्न जादा औ मजकुर लाठसाहेबले भेट गर्न आउदास्मेतको पुरा हालषबरको — १

३ सम्वत् १८६३ सालमा हुंडुरका लडाजीमा हान्मार् गर्‍या सिपाहीहरूका नामानामासिफई— १

अषाड ४।६

३० श्रीअलकनन्दासम्म गोर्षालीले सर गरेपछी गढका राजा प्रद्युम्न साहलाइ श्री ५ रणबहादुर साहबाट केशरको पंजा दी अभय बक्सेको नक्कल १८५२ सालको— १

२० हामिबाट रिसानी भै हाम्रा परिवारलाइ सास्तीसासना गरीबक्सदा तिमिहरुले रोकनु हाम्रा हुकुम नाघी छुटचाउन्या भनी दगा लीबक्सन्या छैन भंन्या गुरुप्रोहितलगायत गैह्र दुनिञादारका नाउमा श्री ५ राजेन्द्रविक्रम साहबाट भयाको लालमोहरको नक्कल— १

२० भीमसेन थापाका मुषत्यारीषान्गी ६४०१ मा थप ४००० स्मेत षेत पुवा नगद गरी ज्मा १०४०१ को जर्णेली षान्गीको १८७१ सालको लालमोहरको नकल— १

२० नानी श्री ५ सुरेन्द्रविक्रम साहका यक हुकुम भयाबमोजिम मानी कंम्पू १६ पल्टं र हाम्रा भरमुलुकका चार बर्ण छत्तीस जातलाइ कमानमा चलाउनु भंन्या श्री ५ राजेन्द्रविक्रम साहबाट श्री ३ जङ्गबहादुरका नाउमा १९०३ सालमा भयाको लालमोहरको नक्कल— १

८ सम्वत् १८३४ सालमा श्री ५ सिंहप्रताप साहबाट सुंभेश्वर हान्न जांदाको बिस्तारको— १

कंपनीसरकारसंग गोर्षासरकारका दोस्ति प्रीति स्थिर रहनानिमित्त गोर्षाका गुरु भारादारले सहिछाप गरि इ २ सर्कारका दोस्तीमा तफावट् हुन दिन्याछैनौ तफा भयो भन्या हामिहरूले बुझाउला भनी ९७ सालमा लेषीदियाको— १

१६ सन् १८२५ मा मकवानपुरमा अंग्रेजसित हाम्रो लडाञी भयेदेषी अंग्रेजहरुसित हाम्रातर्फबाट बंदोबस्त सलुक भयाको बिस्तारको— १

अषाड ५।७

२० गुरु रङ्गनाथ पण्डितराजको सर्वश्व फिर्ता भयाको र गुरुपदवि थामिबक्सेको १८६० सालमा श्री ५ गीर्वाणयुद्धविक्रम साहबाट गरीबक्सेको लालमोहरको नक्कल— १

२० ६२ सालमा जफद भयाका ब्राह्मणका बीर्ता र देवदेवताका गुठि सट्टा भर्ना दिने विषयमा काजी जयबहादुर कुवरका नाउमा १९०३ सालमा भयाको लालमोहरको नकल— १

१ सिमानाका कुरालाई ल्हासामा अम्बालाइ लेखी पठायाको छ सोहीबमोजीम गर्‍याछन् भोट् गोर्खा अघि जस्तो मिलिजुलि बस्नु भंन्या श्री ५ चीनवादसाहबाट १८५७ सालमा लेषीआयाको भोटे अक्षरको उतार— १

२ १८९८ सालमा ताकलाषार सिषले सर गरेको षबर कुलचन्द्रसिंहले लेषेको— १

जनरल मातवर्रसिं थापाका आमाको र मुषेनीहरूको सर्कारमा जाहेर नगरी छोरा नानीहरूसंग चिठीपत्र गर्‍याछैनौ भंन्या मुचुल्का १९०२ सालको— १

३ भगीरथ जैसिले हेऱ्याका सायत्‌मा भारा ५ का मनले प्रतीत मानी मन्सुबा बढन्या हुनाले पठाइदियको छ भंने श्री ५ बाट चौ. बम् साहलाई लेषी गयाको नकल्— १

अषाड ६।१

गैह्र जङ्गी निजामति र भरमुलुकका चार वर्ण छतिसै जातले श्री ३ जङ्गबहादुर बम्बहादुरहरूको कमानमा नचली अबदेषी हजुरका हुकुममा चर्लौंला हजुरबाट पर्वजनी गरिबक्सेको हामिहरूको मंजुर छ ढड्डामा सहिछाप गरी चढाऱ्यूं भंने बेहोराको १९०४ सालको ढड्डाको नकल— १

८ बार्पाक्का लडाजीको बिस्तार नुनपाषि बंद भयाकोस्मेत्‌को— १

३ ६७ सालमा शिरमोडाको मोरनी गढी कृष्णसिहरूले हान्न जांदा हाम्रा सिपाहीले हानमार गऱ्याको फर्द — १

१ ल्हासा बस्न्या अम्बाहरूको अति मानि सांधसिमानाका राजासंग मिलिजुलि बस्नु भंन्या पर्माना बमोजिम काम गरुंला तांहाबाट आयाको इनाम् बुझी लिञौं भंन्या श्री ५ चीनबादसाहलाई १८८५ सालमा लेषी गयाको नक्कल् — १

३ जिल्लै कुमाउ प्रगन्ने पालीका चार सयाना उनैस थोकदार छ कमिनहरूले श्री ५ सर्कारमा १८८२ सालमा जाहेर गऱ्याको ३ मुष गरी गढकुमाउ हान्न आया सहजै फत्य हुन्याछ डुम राजा हुनाले हामिहरूका पितृ पनि नरक पऱ्याको हुनाले सारा दुनिञां पनि हजुरकै तर्फ छं भंने ब्यहोराको अर्जि— १

२ नञा मोहर ल्हासामा चलन् गर्न लगेबावत्‌को टक्सारी पानीजुले लेषेको पत्र— १

अषाड ७।२

३ गढ लङगुर्को लडाञीमा ५ राजाहरूका फौज ४०००० लाइ हाम्रा जम्मा ९००० ले हमला गरी जित्ता अर्जुन बानियाले गरेको पराक्रमको र सो पराक्रम गरेबापत षिल्लत पायेको बयान्‌को— १

२० मेरा दुस्मनहरूसंग नमिलि झिकाइबक्सेन र मसंग र मेरा चक्रसंग मिलिबक्संज्याल् मबाट र दुनिञांबाट हजुर्को इज्जत् हुर्म्मत् सन्मान गरुला गराउला अरू मुषत्यारले गरे जस्तो गर्ने छैन भंन्या १९०३ सालको श्री ३ जङ्गबहादुरको धर्म्मपत्रको नक्कल्— १

८ कर्णाटक देशका सूर्यवंशी विरक्त भै फिरेका राजपूत्र नान्यदेव श्रीतुलजाभवानीका अनुग्रहले सिमरौनगढ्का राजा भयको र श्री ५ पृथ्वीनारायण साहबाट सहर पाटन भादगाउ सर गरि नबक्सींज्यालसम्म इ ३ सहरमा राज्य गर्न्या ई नान्यदेवका वङशमा उत्पन्न भयेका राजाहरूका नामनामासिको पुस्तावली र रजाञी गरेको वर्षस्मेतको कागज श्रीतुलजाभवानी सिमरौनगढबाट श्रीहरिसिद्धि मल्लले ल्याइ भक्तपूर (भादगाउ) मा स्थापना गरेको र कान्तीपुरका राजा शिवसिंह मल्लले लम्बोकर्ण भट्ट गुरुद्वारा कान्तीपूर (सहर) ललितपट्टन (पाटन) मा दिगुतलेज्यू स्थापना गरेको औ श्री ५ पृथ्वीनारायण शाहबाट ई ३ सहर सर गरिबक्सेको मिति वारस्मेतको वृत्तान्त— १

अषाड ९।४

श्रीप्राइममिनिष्टर वजीरका आज्ञाले कामकाज गर्न लाग्युं अबदेषी हजुरका हुकुमले कामकाज गर्न

सक्दैनौ हजुर आहा पाउलागिबक्सनुभयो भन्या अघी जनरल भीमसेन थापाका पालामा जस्तो मानमर्ज्यादा गरी आयाका थिया सोबमोजीम हजुरको मानमर्ज्यादा जिउनार गैह्रको टहल गर्नामा हामीहरू हाजीर छौं भंन्या गुरुप्रोहितलगायत जंङ्गी निजामति गैह्रले श्री ५ राजेन्द्रविक्रम साहका हजुरमा १९०४ सालमा लेषेको अर्जिको नकल्— १

१४ ९२ सालको जिन्सि मालको बजारको दरभाउको फिरीस्त— १

मुषत्यारका षटन्बाहेक गादिका मालिक्ले पनी चांदवाला कम्पू पल्टन अह्वाषटम फोरफार नगर्नु भंन्या श्री ५ सुरेन्द्रविक्रम साहबाट गरीबक्सेको बन्देजको नकल— १

८ दहचोक अम्बल भैसकेको २ वर्षपछी शिवपुरी हान्नलाई फौजलाइ बिदा बक्सेको काजी कालु पाडे दहचोकमा परे भंन्या र ज्योतिष कुलानंद ढकाल बोलाहट भयाको— १

८ गोर्षालीहरूले लंजुग्याहरूसित लिग्लिग्मा हारेपछि श्रीपृथ्वीपति शाहबाट वैराग लिबक्सन लाग्दा कान्छा साहेबज्यू रणदुल्ल साहले बाबुबाट निकाला भयको बहाना गरि लिग्लिग्या साहेबसित दोस्ति बांधि पछि सो मुलुक करबलछल्ले आफ्नै तुल्याई बाबुलाइ वैराग लिन नदियेको बिस्तार— १

३ मेरा मानिस धरणीधरले धर्म्मपत्र गरी आयेबमोजीम साल ३ को ९ हज्जारका दरले १८५३ सालदेषी बुझाउनामा राजी छु भंन्या गढका राजा प्रद्युम्न शाहले श्री ५ रणबहादुर शाहका हजुर्मा चढाइपठायाको १८५३ सालको अर्जि— १

८ श्री ५ पृथ्वीपति शाहबाट कटुंज्या अम्बल् गरेको— १

२० श्री ५ सुरेन्द्रविक्रम शाहका येक हुकुंले कंपु सोह्र पल्टन् र हाम्रा भरमुलूक तिम्रो कमानमा चलाउनु भंन्या श्री ३ जङ्गबहादुरका नाउमा १९०३ साल्मा श्री ५ राजेन्द्रविक्रम शाहबाट गरीबक्सेको लालमोहरको नक्कल विरध्वज बस्न्यात् र दलमर्द्दन थापाहरूले श्री ५ सुरेन्द्रविक्रम शाह र श्री ५ साहेबज्यू उपेन्द्रविक्रम शाहहरूका गाथगादि ताक्दा श्री ५ कांछा बडामहारानीको हुकुम् फिकियो भंन्या र मजकुर महारानीका हुकुमले तिमिले आजसम्म गरेको बिजाजी पनि माफ भयो भंन्या कुरास्मेत परेको छ— १

२ बिजुलिकोट्का अमालि दुनिञा गैह्लाइ तन्हौं लमजुंगा भारादारहरूसंग आफ्ना जातअनुसारको हातहतियार ली सामेल हुन जानु भंन्या १८४१ सालको लालमोहरको नक्कल— १

असाड १०१५

८ श्री ५ राम शाहका पालामा लिग्लिग् च्याङलि मिर्कोट ३ ठाउका राजाहरूलाइ जिति मर्स्याङ्दि पार गरायको इ तिनै थर्सित लड्नषेरी बाहुमा षड्ग लियेकी १ कंन्या र फटिक्को दर्शन् लगायका १ जोगी गोर्षालीको फौजको अघीअघी देषियको औ लमजुङ्या राजाले बार्पाक्का राजालाई उचाली श्री ५ राम साहलाइ दगा गर्ने तजबिज बाधेको वृत्तान्त— १

२ सम्वत् १९१२ सालमा सुनागुम्बामा भोटेहरूसंग नेपाल सर्कारले लडाञी गर्दा भोटेहरू हारी भागी जादा बाटाबाटामा छाडी गयाको मालको फिरीस्तको कागज— १

२० चौ. फत्यजङ्ग साह गुरुप्रसाद साह षड्गविक्रम शाह मध्येस जादा साथ गयाका भनी पाल्पाबाट लेषी

आयाका फर्दमध्ये अदालत् इटाचपली पूर्व्वपश्चीम् अदालत्‌बाट दंड भयाकाको तपसिल भयाको कागज— १

अलौ पर्वमा मर्न्या भारादारहरूका नामनमेसीको फिरीस्त— १

१९१४ सालमा श्री ५ राजेन्द्रविक्रम शाहबाट श्री ३ जङ्गबहादुरलाई लेषीबक्सेको भोटेलाइ सालवसाल १० हज्जार कर तीरायेको र अँह्ले पगरीहरू र पल्टन्‌हरूलाइ अंग्रेजबाट कुथि र २ मैन्हाको षर्च दिलाउनाले मभंदा तिमि जमार्मदिमा र बुद्धिमा ज्यादा रह्याछौ जगाजगाबाट आयाको चिठी तीमीले हेरीसकेपछी मलाइ हेर्नालाइ पठाइदीनु भंन्या बाहुलीको हस्ताक्षरको चिठी— १

अषाड ११।६

१७ सन् १८२० मा इङलिस्तानमा नजा बादसाह हुंदा हामिहरूले गऱ्या कै हर्षबढाइ ताहा पनी गर्नु भंन्या बिहोराको लाठ्‌साहेबले पठायाको षलिताको नक्कल्— १

१९ तिमिहरूका फौजले हाम्रा गाउ लुटी ज्यान मारी स्वास्नीमानिस्‌को बेइज्जत् गर्न लागेको हुनाले तिमिहरू आफ्नो फौज लि हाम्रो मुलूक छाडी ब्रिटिस्‌को पनाह पर्न जाने काम गरू नत्र अंग्रेजको र हाम्रो फौज लगाइ कतल् तुल्याउन्याछु भंन्या श्री ३ जङ्गबहादुरबाट मम्मु षां नानाराव राजा वेनमाधौ बक्सलाइ लेषेको चिट्ठीको नकल— १

१७ हिरा औ बुलबुलको जवाहिरका र सुनका गहनाको फिरीस्त— १

दर्जलिङ गैह्र पाहाडमा गांटुक र सुषिमका तर्फबाट अंग्रेज सर्कारले षरंषजाना फौज राषन पायको हकमा हामि पनी सामेलै छौ कदाचीत् जमिन सट्टा दिन पऱ्यो भन्या हाम्रा सर्कारका इलाकाको सुषिमवालाका सांधमिल्दो सुषिम्‌बरावर आम्दानी हुन्या जमिन् सट्टा दिनामा पनी राजी छौ अघीदेषी चर्चा आयाको सुषीम लाठसाहेबसंग बिन्ती पारी हामीलाइ गराइदीन्या बंदोबस्त गरीदिन्यैछौ भंन्या रजीडंण्टसाहेबहरुलाइ लेषी गयाको याददास्तको नक्कल— १

अषाड ग १२।७ मा

२ मेरो रिसाहा मिजाज रिझाउन सकिन कम्याण्डरइनचीफलाइ मुषत्यारी गरीबक्सी बद्रीनरसिंह राणालाइ कम्यांडरइनचीफ गराइबक्सनुहवस् मलाइ श्रीसेरसबुज पल्टं तैनाथ गरी काहीलाको षानगी गरीबक्स्या षुसि भै षेतिपाति गरी बस्न्या थिजां भंन्या बिस्तार बिन्ती गरी पठायाका अर्थ. तिमि छन्‌ज्याल अर्कालाइ मुषत्यारी गरीबक्सन्या छैन यो बहना गरी औलो गर्मिमा बस्नु ठीक छैन चाडो आउने काम् गर भंन्या श्री ५ सुरेन्द्रविक्रम शाहबाट र श्री ५ महारानीहरू ३ बाटस्मेत् श्री ३ जङ्गबहादुरका नाउमा १९०५ सालमा भयाको लालमोहर— १

२ ३ मुहडामा २५०० दुस्मनमध्य १४२ जवान कटल गरी सुनागुम्बा दष्षल भयाको र २१ जवान् पक्री चलान् गरी पठायाको छु अब ५।७ दिनमा टचाकलिङ हान्ने काम गरौला भंन्या बेहोराको श्री ३ महाराजका हजुर्मा श्रीजनरल धीरशम्सेर जङ्ग राणा बहादुरबाट लेषीबक्सेको— १

श्री ५ राजेन्द्रविक्रम शाहबाट श्री ५ सुरेन्द्रविक्रम शाह श्री ५ साहेबज्यू उपेन्द्रविक्रम शाह र बुहारीहरूसंग हामिहरूका गाथमा दगा गर्न षोज्दा मेरा कांछा रानीसंग मेरा जिंदगानीसम्म कैह्ले मिलन्या छैन तिनलाई तिमिहरूले ठहरायाको जग्गामा राषनु धर्म्मपत्र गऱ्यां भंन्या भादगाऊबाट— १

अषाड १३।१ ×

अषाड १४।२

२० सम्वत् १८९६ सालमा काजी रणजङ पांडेका नाउमा मध्येस भरमुलूकको ९६ सालदेषी बंदोबस्त गर्नु भंन्या लालमोहर— १

राजा रत्न मल्लका पाला श्रीपशुपतिनाथका पूजाहारी सोमेश्वरानन्द षोढान्यासिले श्रीपशुपतीका दक्षिणमूर्त्ति दिशामा मातृकास्थापनादि गरेको र मजकुर पूजाहारीले समाधी चढाइ सुंन्यमा प्राप्त भयाको— १

जनरल मातवर्सि थापा लाहुर जादा षड्गसिले सवा लाष षिल्लत दियको र डेढ वर्षपछि बिदा भै लुध्याना जादा ताहाका बडासाहेबले जान हुदैन भनी रोकि मैह्लाको ३ हज्जार षर्च दिदा तिम्रो षर्च षान्न भनि कर्जा लियको र बडासाहेब जाहा जाहा जांछ मजकुर जनरल पछि लाग्न परेकोस्मेत हालषवर— १

अषाड १५।३

कप्तान् डिल्लीसिङ बस्न्यातले बेतियाका राजासङ्ग नेपाल सर्कारबाट सरसौगात ली १९०१ सालमा भेट् गर्न जादा मजकुर राजाले माथवर्सि थापाले काशि सवारी हुन बाटो लागीबक्सेका श्री ५ सुरेन्द्रविक्रम शाहलाइ समझाइ फर्काइ बुबाज्यूसित मेल गराइ सिषहरूको कै बिग्रन लागेको राज्य समाले भनी सोधदा नीज कप्तानले श्री ५ सर्कारहरूमा पुरा तवरले मेल गराइ मुलुक् डुबाउनपछी लागेका १६ जवान्लाइ काट्नुपर्छ भनी गैह्र पल्टनले कराउदा कत्तल् गरी राजकाज अटल् गरायबावत् श्री ५ हरूबाट षिल्लत पायको सारा श्रीमिनिष्टरको किर्त्तिन्को वृत्तान्त गर्दा मजकुर प्राइम्मिनिष्टरको तारीफ भयेको र सुगौलीका मेजर कप्तान बहनासाहेबले अग्रेजका बादसाहका साहज्यादासंग मुलाकाद गराइदियको पुरा हाल भयेको नीज कप्तान्ले मजकुर श्रीप्राइम्मिनीष्टर-लाइ लेषेको हेटौडामा श्रीमिनिष्टरलाइ हुल्याहाहरूले संगीनले घोचदा यक बाहुले बंदुक अडयाइ अर्को बाहुले तर्वार थुतदा हुल्याहाहरू भागेको र पछी पक्रियेकोस्मेत— १

मा. प्रशियाका शाहजादाबाट बिग्रीसकेको नेपालको राज्य कस्ले थाम्यो भन्दा कलकत्तामा र लाहुरमा गइ ठुलो नाम कमाइ आयेका माथवरसिङ थापाले यकला दमले अैन बांधी सारा राजकाज समाले भनी सुन्दा अन्त हिन्दुस्थान नहेरी पैह्ले यस्तो अपथ्यारो बाटोबाट हजुरसंग मुलाकाद गर्न आउन लाग्दा सारा हिन्दुस्थान्का राजारजौटाहरू आश्चर्य मानेका छन् भनी शाहजादा लिन जाने काजी त्रिविक्रमसींह थापाले १९०१ साल्मा पठायेको चिठी— १

अषाड १६।४

मा काजी त्रिविक्रमसिंह थापाले शाहजादासंग चुरेमुनी मुलाकाद गर्दा साहजादाले मिनिष्टरको पराक्रम-को तारिफ गरेको र श्रीमिनिष्टरसाहेबको थानकोट्सम्म लीन आउन्या सुर छ भंन्या सुनींछ सहरदेषी यक पाउ आधा पाउसम्म आया काफी हुंछ भंने इत्यादी कुरा गरेकाको काजी त्रिविक्रमसिंह थापाले पठायाको १९०१ सालको षबरको कागज— १

मा कप्तान् डिल्लीसिं बस्न्यात्ले हजुर्को पराक्रमको षबर सारा पृथ्वीभर फैलीयाको हुनाले यत्रा प्रशियाका शाहजादास्मेत हजुरसीत मुलाकाद गर्नानिमित्त आउन लागे भनी सारा दुनीञा भंदछन्

भनी सुगौलीबाट १६०१ सालमा श्रीमिनिष्टरसाहेबलाइ पठायाको चीठी— १

२० राजा गजेन्द्रसिंहका नाउमा अघि पश्चिमतर्फ हाम्रो सर हुदा तिमिहरूले मद्दत दियको हुनाले १९०७ सालका बालीदेषी थलहराको राजपदवी गरीबक्स्यौ सोही थलहराको ठेक सिर्तोस्मेत उमा ४०१५।। सालबसाल तीरी आफ्नु राज्य गरी भोग्य गर भंन्या १९०७ सालमा भयाको लालमोहरको नक्कल— १

असाड १७।५ ×

असाड १८ गते ६ मा

२० छुच्चाहरूले दर्बार फोर्दा जीज्यूबुबाज्यू श्री ५ रणबहादुर साह दिक् भै काशि सवारी हुदा तिमिले सम्झाइबुझाइ नेपाल फर्काउदा मुष्य काजी भयेका रह्याछौ फेरी श्री ५ जीज्युबुबाज्यूलाइ सेर्बहादुरले तरवार चलाउदा बुबाज्यू श्री ५ गीर्वाणयुद्धविक्रम शाहको ८ वर्षको उमेर भया तापनी तिमि हुनाले हुल्याहाहरूलाई सजाय गरी राजकाजमा षड्बड् हुन दियनछौ. तेस्बावत् जनरल पदवि र बिर्तास्मेत पायाछौ अँह्लें फेरी श्री ५ बुबाज्यू र श्री ५ मुमाज्यू पनी सङ्गसगै स्वर्ग होइबक्सदा ३ वर्षको मलाइ कापमा ली श्री ५ जिज्यूमुमाज्यूको हुकुम ली म नाबालक छदा राजकाज चलायाको र चुरेको सल्तनत्मा गइसकेको तराइ लाट्साहेबसंग लेषापढि गरी जुक्तिबुद्धिले फिरायको औ अघीदेषी आजसम्म आफ्नु मानिसको मोलाहिजा नगरी सब कुरामा अक्कल पुऱ्याइ इमान् समझि हाम्रो सोझो गरेको हुनाले र अंग्रेजसीतको तसल्लहस्मेत मिलायाको हुनाले तिमिलाई श्रीकम्यांडर-इनचीफ मान बक्सी श्रीगुरुप्रोहीत् जंङ्गी मुलुकी अफिसरहरूमाथि मुक्त्यारी तैनाथ गरीबक्स्यौ भंन्या श्री ५ राजेन्द्रविक्रम साहबाट १८९२ सालमा गरीबक्सेको लालमोहरको नकल— १

असाड १९।७

१९ मोल्वीको ३०००० पल्टन्लाइ हाम्रो १ बृगेड २ रेजिमन्टले जिति १० तोप लुटि फेरी पनी मोल्वी-को अर्को पल्टन्समेत्लाइ हराउदा आज गोर्षाली र गोरा फौजले लषनौ पुरा सर्गरे १० बेगम्हरू पनी पनाह पर्न आये भने १५ सालमा लषनौबाट श्री ३ जङ्गबहादुरको अर्जी— १

असाड २०।१

मा अंग्रेजको कम्यांडरइनचीफले १८९२ सालमा जनरल मातबरसिह थापालाइ कलकत्तामा किल्ला नाच तमासा रिभ्यू देषायको कुरा परेको मजकुर जनरलले जनरल कम्याण्डरइनचीफ् भिम्सेन थापालाइ लेषेको— १

जं मलाइ जत्तिको इज्जत् कोहि हिन्दुस्थानीलाइ बृटिस्हरूले गर्नेछैनन् भन्न जस्तो लाग्दछ भंन्ने र श्री ५ बडामहारानीलाइ आराम नतुल्याया कडोरी काम गरेको भया तापनी रिझिनेछैनौ भंन्या श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ जनरल बम्बहादुरलाइ १९०७ सालमा बिलायत्बाट पठायेको— १

२० श्री ५ रणबहादुर शाहबाट काजी जगजीत पांडे सर्दार अम्बरसिं थापास्मेत जवान् ५ का नाउमा श्रीनगर फत्य भयाको श्रीअलकनन्दावारको देश अम्बल भयाको समाचार पठायाको आइपुग्यो भोटसित लडाञी हुन्या डबल छ जो अम्बल् भयाको पका बंदोबस्त गरी राषनु अघि बढ्न्या काम नगर्नु श्रीनगर गढ्वाल देश उमराव गिरीलाई तेस् जग्गाबाट उदृति भयाअनुसार सिपाहीहरू पाहाड्

मध्येस्का किल्लामा बलियो गरी राषि आफ्नु जहान् चेलाहरू झिकाइ त्यो गौडा थामि षानु भनीदिनु तेस् जग्गामा तिनले थामन लाउनु ढेरै लडाञी देषेका पाका मानिस् छन् तिन्ले गढवाल देशमा बसिदिया पश्चीमतिर सब कुरामा निश्चीन्त हुंन्छ भोट्तर्फको यक् ठेगाना भयापछी गोसाञी-लाइ जाहा झिकाइ तिनिका सल्लाहले दक्षिणतर्फको उद्योग गरौंला भंन्या र काजी जगजीत पांडेले नेपालमा आउनु अम्वरसिं थापाले अलमोडामा बस्नु भंन्या इत्यादि बेहोराहरू र केरुङमा र कुंगातर्फ भारादार फौज गयाको र हाम्रा भाराफौजले केरुङ दिगर्चा इत्यादी षार्जासम्म अम्बल् गरी लङगुर नाघी टेगे भंन्या गढी घेरीराषेको सारा वृत्तान्त लेषिगयाको १८४८ सालको लालमोहरको नकल्— १

२ छोस्याङमा गै चढाञी गर्न जाने काम् गरौंला कुतिमा चढाञी गर्नालाई मीनपचासको याम् फौज साह्रै हिउले कक्रिने हुनाले जाहेर गरेको छु सिक्ष्या आया सोमुताबिक् गर्दा हुं भंन्या श्रीजधीरशम्सेर जङ्ग राणा बहादुरबाट १९१२ सालमा लेषीबक्सेको— १

४ श्रीजनरल भीम्सेन थापाले श्री ५ चीनबादशाहबाट लालगजुर मयुरको कल्की र षिल्लत्स्मेत पाउदा अघी हामिहरूका वङशावलीमा भैरवसिं थापाले डिल्लीका बादसाहबाट षील्लत् पायाथ्या भंन्या लेषियाको थियो अैल्हे इन्द्रतुल्ल्य चीन बादशाहबाट यत्रो इज्जत् हुदा बहुत हर्ष लाग्यो भंन्या कर्णेल उजीरसिं थापाले पाल्पाबाट लेषेको— १

१४ १८६६ सालमा बाणगङ्गा र क्षीरगङ्गाका सङ्गममा लडाञी हुदा घायेल् भयाका तपसिल्वारको फिरीस्त— १

अषाड २१।२

९ काजी त्रिविक्रमसिंहको १९०२ सालको ज्वानबंदी मुचुल्काको नकल्— १

अषाड २२।३

रा तैंले लेषीछस् त के भयो भिम्सेन थापालाई मरायको मैले होइन कुलराज पाडेले हो कोतपर्व्व पार्ने कान्छा महारानी र तं होस् अैल्हे सारा अफिसरले श्रीप्राइम्मिनिष्टरको कमानमा चलन थाल्यौं राजकाजमा हजुर्को हुकुम मान्दैनौ भनी लेषाउन्या तैं होस् भन्न्या इत्यादि बेहोराको श्री ३ जङ्ग-बहादुरका नाउको लालमोहरको नक्कल् श्री ५ कांछा बडामहारानीले हजुर्बाट मलाइ अनाहकमा फतुर्लाइवक्सीदारहेछ भनी लेषेको अर्जिमा षामी श्री ५ राजेन्द्रविक्रम शाहका हजुरमा पठाइबक्सेको १९०४ सालको— १

८ श्री ५ पृथ्वीनारायण शाहका पालामा मोरङतक किरात अम्बल् भैसकेपछी सुषिम्यासित लडाञी गरी कनकानदीको सांध लाइ ल्हासासित दोस्ति गरेको र श्री ५ सिंहप्रताप शाहबाट सुषिम्याहरूलाइ ४००० सिक्का दण्ड गरीबक्सेको बेहोराको कागज— १

अषाड २३।४

२ सुनागुम्बाका लडाञीमा हानमार गर्न्या र दुष्मन् पक्रन्या बन्दुक् षोसन्याहरूका नामनामासिको फिरीस्त— १

रा श्रीप्राइम्मिनिष्टरलाइ दगा गर्न बनारसबाट षर्चपर्च र पंजामोहरस्मेत् आफै हजुरबाट बक्सी अैल्हे मलाइ अनाहकमा फतुर लाइ श्री ३ जंङ्गबहादुरलाइ र श्रीगुरुज्यू विजयराजलाइ लेषिबक्सदा

हजुरको इमान् धर्म्म थाहा भयो भंन्या र इ २ जनाले अजमाइस् गरी लेषी पठायेको भये इनीहरू कत्तिका फरेबी रहेछन् हजुरबाट जानीबक्सी मेरो इन्साफ् बक्सीयोस् भंन्या श्री ५ कांछा बडामहारानीले बनारसबाट श्री ५ राजेन्द्रविक्रम शाहका हजुर्मा लेषीबक्सेको अर्जी— १

सवारी चलाउनालाइ चिसापानीसम्म गयाका गुरुज्यु विजयराजले अलौपवं हुन लागेको सुनी श्री ५ राजेन्द्रविक्रम शाहका हजुर्मा लेखेको अर्जी— १

४ पट्ना जान्या हाम्रा हलकारालाइ गोरा सिपाहीहरूले नेपालमा गारनसाहेबको हुकुम चल्यो चलेन भनी सोध्या भंन्या र अंग्रेजले फौज षजाना ज्मा गर्न लाग्याका छन् भंन्या १८७५ सालको उजीरसिंह थापाको अर्जी— १

अषाड २४।५

२ कुड्गाबाट टिमुरेमा रसद बोकन आयाका श्रीनाथका भगुवा पीपा ६ मध्ये मुष्येलाइ कुन्डघाइ अरू ५ को दाहिना कान काटि रसद बोकाउन लाग्यूं भंन्या १२ सालमा टिमुरेबाट कम्यां क. सनर्कसि षत्रीको अर्जी— १

१९ १४ सालमा लषनौका लडाञीमा बिग्रेका अंग्रेजी र नवाफी फौज तोप बंदुक् बम् हात्ती घोडा उट् बैल जनाना लडिकाहरू गैह्रको फिरीस्त— १

अषाड २५।६ मा

३ गोर्षाको र कल्लुको २ घरको १ घर भयो आजदेषी काजीको आज्ञाबमोजीम् सब् काम् गर्छौं भनि काजी अम्बरसीङको र श्रीमहाराजा वीक्रमसींहको १८६९ सालमा धर्मपत्र भयाको नक्कल्— १

२ कांजे गाउमा भोटेको र हाम्रो फौजको लडाञी हुदा हाम्रो जीत् भै दुस्मन्को २९ सये फौज्मध्ये ७९ मरेको र पक्रीयेको हात् परेको यो यो येती यती भंन्या र हीउदोमा जाहा लडन अफत्यारो हुनेछ हजुरको जो तजबीज् भंन्या इत्यादी बेहोराको श्री ३ जङ्गबहादुरका हजुरमा मेजर जनरल कृष्णध्वज कुवर राणाजीले १९१२ साल्मा सीम्कोट्बाट लेषेको— १

अषाड २६।७ मा

२० श्रीगुरुप्रोहित काशिराज पंडितज्यूका नाउमा हाम्रा दर्बारमा ६।७ पुस्ता अघिदेषिन् आजतक् तिमिहरूले पुरोहित्याइ चलाइ आयाको हुनाले तिम्रा संतानदरसंतानसम्मलाइ प्रोहित्याइ विनाकसुरले षोसिबक्सन्या छैनौं भंन्या श्री ३ महाराज जङ्गबहादुर भैयाद छोराप्रभृतिबाट गरीबक्सेको १९२८ सालको धर्म्मपत्रको रुक्का दसषत्को नक्कल— १

१४ कम्पू पल्टन् कंम्पनीका पगरी भारादार रकमदार गैह्रको ९४ सालको षान्गी षेतको तेरीज— १

३ जमुनापश्चिम सतरुद्रापूर्व जग्गाजग्गामा बस्याका भारादारहरूको र ८० कम्पनीको १८६८ सालमा (मुट्ठा) किल्ला काङडाबाट पठायाको फिरीस्ती— १

३ कप्तान भक्तवीर थापाका साथ आयाका कंपनी ढाक्र्या मोहडामा आयाका ढाक्र्यास्मेत्को किल्लाकाङडाबाट आयाको नामनामासि फिरीस्त— १

३ ४५०० रुपैञा षर्च हुकुम् प्रमांगी भैसकेको पनी आजसम्म पायाको छैन भंन्या र भोटमा लडाञी हुदा पश्चीम्तर्फका राजा बाबुले आफ्नाआफ्नातर्फका १०० नाल्लाइ तोसाषानाको षर्च षुवायाथ्या

हामिहरूले आफ्नै घरघरानाबाट षुवायाको हो भंन्या इत्यादी बेहोराको बझांगी राजा विक्रमबहादुरले १९३१ सालमा चढाइ पठायाको अर्जी— १

२० काजी अम्बरसिं थापा षोसिदा काजमा भन्या अगुवा षान्या बषतमा पछुवा भजे तीर्थ जांछु भनी अर्जी लेषी पठाउदा तिम्रा बाबा काकाले ज्यु दियाको र कनका हरद्वारको सांध हुँदा जग्गाजग्गामा तिमिले मिहेनत् गरेको हाम्रा हजुरमा जाहेरै छ षान पनि पाउलौ तसर्थ ताहा षाइ ताहा चुठ्न आउन्या काम गर भंन्या १८५१ सालमा श्री ५ रणबहादुर साहबाट भयको लालमोहरको नकल्— १

अषाड २७।१

१९ नवाफी फौज १० हज्जारसंग हाम्रा १२ सये फौजले १०।१२ घडी लडाञी गर्दा हाम्रो फत्य भयो ४ तोप् पनी षोसी ल्याऱ्यूं भंने श्रीमिनिष्टर याण्ड कम्याण्डरइनचीफका हजुर्मा १४ सालमा लेषेको अर्जी— १

मा १८७५ सालमा कर्णेल माथबरसिं थापा तिर्थयात्रा गर्न जान लाग्दा ७०० मानीस हातहतीयार नलीनु जग्गाजग्गामा कर नलीनु भंने अंग्रेजबाट राहादानी भयो भंने— १

१८ ९० सालका भइचालाले ठाउठाउ भत्केबिग्रेको ठाउठाउबाट लेषी आयाको षबरहरू— १

२ भोट्तर्फ अघी भोटेहरूलाइ जगात्भंसार लागेको रकमको र पछी छुट भयाको बढ्चाको कागज्का मिसिलहरू— १

सं. १८७१–७२ सालमा नेपालसर्कारको र अंग्रेजको लडाञी हुदा अंग्रेजको फौजको संख्याको कागज— १

१४ मरवट् मानाचावल मोहर दस्षत् लेषायाको षेत चेप्यापश्चीम प्युठानापूर्वका षान्या मानीसहरूका नामनामासिस्मेतको फिरीस्त— १

अषाड २८।२ १

२ ऋुङ्का १२ सालका लडाञीमा घाइत्या हुन्या जवान् १३ को नामनामासि फिरीस्त—

हाम्रा गाथमा र श्री ५ नानीमहाराजधीराजको र श्रीनानी माहीलासाहेबज्यूको स्मेतका गाथमा दगा गरी श्रीनानीसाहेबज्यूलाइ गद्दिमा बसाउन्या कौशल गरेकोमा हाम्रा धर्म्मले र कम्यांडरइन-चीफ जङ्गबहादुरको होसियारीले जाहेर हुदा वीरध्वज बस्न्यात्प्रभृती १२ जवान् चंण्डालहरूलाइ मारीबक्सी हजुरलाइ प्राइम्मिनिष्टरी पदवी बुढा जर्नेलका षान्गीस्मेत् बक्सीस् भयाको लालमोहर आउदा हामीहरूलाइ हर्ष भयो भंन्या डोटी डडेलधुराका सुबेदारहरूले १९०३ सालमा श्री ३ जङ्ग-बहादुरका हजुर्मा चढाइपठायाको अर्जी— १

१८ पर्वत पाषापानी बस्न्या तुल्या रोहानीले म कृष्णअवतार भै भरमुलूक उदयाचलदेषी अस्ताचलसम्म-का राजा भञा भनी ५१ जवान् जमा गरी गाउहरूस्मेत लुट्पीट् गर्दा हामीहरूले हातहतीयार ली लड्डा त्यो राजा हुं भंन्यास्मेत् दुवैतर्फका १३ जवान् मारीया २७ जवान् घाईत्या भया भनी ८ हज्जार गाउलेहरूको १८९७ सालको अर्जी— १

अषाड २९।३

३ गुरुद्वारका रैयत् भलाद्मी र कुमाउका जिमिदारहरूले अघी अंग्रेजतर्फ मिलन जानेनौ

गोर्षासर्कारबाट फौजको मद्त बक्स्या अंग्रेजलाई सहजै जित्न्याछौ बिन्ति चढाइदेउ भनी भनेको षबर— १

९ विषसम्बंधीका कुराको बावत्मा काजी त्रीविक्रमसिंह थापाको १९०२ सालको जमानबन्दी— १

९ ५ सर्कारहरूका यकान्तका बषत्मा मैले आंषाको इसारा गरी श्री ५ महाराजाधीराजको सवारी चलाउन जानेन भंन्या काजी त्रिविक्रमसिंह थापाको ज्मानबंदी— १

१५ भडरुवादेषी जग्गाजग्गा बेतियासम्ममा अंग्रेजको फौज रह्याको छ गोडपसारा बेतियादेषी तितिलियासम्म यकै दिनमा हान्न्या चांजो भया हाम्रो फत्य हुन्या थियो भंने भडरुवाकोठीबाट अचल थापाको १८७१ सालको अर्जी— १

असाड ३०।४

ए छोराछोरी पछान्र्याको संतान् होस् भंन्या इत्यादी गाली गरी लेषी पठाइबक्सदा अरूहरू अर्काको मुलुक् मार्दछन् हजुरबाट मुलुक मराउन लागीबक्स्यो अब त श्री ३ जङ्गबहादुरसाथ मेल राषीबक्स्या मात्र हजुर्को सप्रनेछ नत्र हजुरबाट जति रिसाइबक्से पनी कसैलाइ केही हुने छैन भंन्या इत्यादी कडा बेहोराको श्री ५ राजेन्द्रविक्रम शाहका हजुर्मा तीर्थराज शर्म्माले चढायाको अर्जी— १

ए श्री ३ जङ्गबहादुर कुवरलाइ र अभिमानसि रानालाइ बम्बहादुर कुवरले फोर्न लाग्यो भनी गगनसिले मेरा हजुर्मा बिती गर्थ्यो ढड्डामा सहिछाप गर्ने कुरामा पनी जङ्गबहादुरले कबुल गऱ्याका हुन् तं जातोपेलाहाले चमकाउदा सहिछाप गरेन भंन्या हुकुम भै आयामा मेरा अह्लावट्मा चलन्या दाज्यू होइनन् मैले कसैसङ्ग पनी षेलचुकली गऱ्याको छैन भंन्या १९०४ सालको श्रीकम्यांडरइनचीफ जनरल बम्बहादुर कुवर राणाजीको अर्जी— १

भाद्र १।३

१९ लषनौको वेगम र बालारावहरूले हामिलाइ दियका जोहारातका र अरू मालहरू रुक्कामुताबिक सर्दार सिद्धिमानसिङलाई बुझाओ बुझायको भन्दा बढ्ता ठहऱ्यो भन्या जियधनको सजाय गर्नु भंन्या वृ. क. पहलमानसिङ बस्न्यात् र अरू २ अफिसरहरूको १९१६ सालको मुचुल्काका नक्कलहरू— १

ज अंग्रेजका कम्याण्डरइनचीफसित कवायत् सिकन जादा श्री जं. बबरजङ्ग राणा बहादुरले श्री ३ जङ्गबहादुरका हजुरमा पन्जाबतर्फबाट पठायको झुठ्ठा लडाजीको र अरू अरू षबरस्मेतको बिन्तीपत्रहरू— १

२ १२ सालमा कुङ्गातर्फका लडाजीमा हाम्रातर्फ मर्न्या घाइत्या भयाको र कुङ्गा किल्ला सर भयाबावत्को श्रीजनरल जगतशम्सेर जङ्गकुवर राणाजीको अर्जीहरू— १

भाद्र २।४ ×

भाद्र ३।५

३ बुढाकाजी अम्बरसिङ थापाले बलयसेन् र रबेसहर अम्बल गऱ्या भंन्ने १९६८ सालको सिवदत्त रायको अर्जी— १

३ बालसुन्दर थापाको बाज्ये पर्शुराम थापाले श्री ५ पृथ्वीनारायण शाहका हजुर्मा पिछा गरी काम

गऱ्याको र नीज बालसुन्दरले पनी किल्लाकाङडातर्फ षुबै बाहादुरीसङ्ग लडेको र अरू सर्कारीया काम पनी सब तामेल गऱ्याको पुरा वृत्तान्तको अर्जी — १

२ केरुङका छोटाबडा रयत र ध्याङ गुम्बाको लामाहरू सबै ज्मा भै आधा कोस्सम्म बराबर लस्कर-को तांति लागि लिन आया केरुङ्के लामा मुषियाहरूमा १०।११ जनाले आइ षाताभेट्को सलामि राष्या भंन्या र श्रीमिनिष्टर दाज्यैज्यू बम्बहादुर कुंवर राणाजीबाट पांसिटारमा बनाइबक्सेको किल्ला बहुत बढिया जग्गा हेरी बनाइबक्सनुभयाको रहेछ भंन्या इत्यादि षबर श्री ३ जंङ्गबहादुरका हजुर्मा १९१२ सालमा पांसिटारबाट श्री ज. जगतसम्सेर जङ्ग राणा बहादुरबाट लेषीबक्सेको अर्जी— १

भाद्र ५।७

भादगाउ जाने बाटोको मनोहरा वाग्मती धोबीषोलाको र विष्णुमतीको औ नषुको स्मेत् पुलहरू बन्न थालेको र कपर्दारका सतलअगाडीका कमलपोषरीदेषी विष्णुमतीका पुलसम्म र बालाज्यूपट्टी हाडचाबयरका रुषसम्म हाल ३२६१ सडक पनी तयार हुन लाग्यो भंने बृर्गेडियर कर्णेल पहलमान-सिङ बस्न्यातले श्री ३ जंङ्गबहादुरका हजुर्मा १९१७ सालमा लेषेको अर्जी— १

१७ ब्रह्मांका राजाले नेपालसर्कारसित दोस्ति गर्न्या इरादा गर्छन् भंन्ने कुरा ब्रह्मातर्फका मानिसले भंन्न आयाको इत्यादी कुरा कलकत्ताका वकिल चन्द्रशेषर पाध्याले १८७५ सालमा श्रीजनरल भीमसेन थापालाइ लेषेको— १

१७ तीर्थराज पण्डितलाइ जेतेमेते गालि गरेको मलाइ पाप लागेको छ ५०० रुपैञा गोदान दिन्छु भनी श्री ५ राजेन्द्रविक्रम शाहबाट हुकुम भयो भंने श्रीरणउद्योतसीह कुवर राणाजीबाट श्री ३ जङ्ग-बहादुरलाइ लेषीबक्सेको १९०४ सालमा भादगाउबाट— १

भाद्र ६।१

सम्वत् १९०० साल कार्तिक मैन्हाको अनाजको दरभाउको कागत— १

भाद्र १४।२

४ ३ कम्पनीले बटवल्देषी दक्षीण दोसाधनेराका जङ्गल्मा गै चर्गम् हेरी आफ्नु जोरगम्ले पुगी जीतीने देषीयो भन्या हान्ये काम गर्नु जोर पुग्ने देषीयन भने मुहडा छली उस्का मुलुक्का गाउघर पोली लुटी फिरी जङ्गलैमा आइ बस्नु भनी अह्राई भीममर्द्दन साहीहरूलाई भगीरथ् जैसीले दियाका साइतमा बीदा गरी पठाऱ्यौं भंन्या इत्यादी बेहोराको नुवाकोट्बाट उजीरसीङ थापाले पठायाको— १

९ अग्रेजसङ्गका समन्पूरका लडाईमा भास्कर जैसीले सायेत् हेर्दा मलाइ जुरेको हुनाले म अगुवा भै लडाइ फत्त्य भयो अंग्रेजका ५ साहेबहरू मरे भंन्या र श्रीदेवीदत्त पल्टन्को नीसान् सार्दा भगीरथ जैसीले पछी लडाई हूनेछ चामू बानियांलाइ पल्टन्मा नराषे बीग्रनेछ भने भंन्या इत्यादी बेहोराको नीज बानिञांको दुषदर्दको अर्जी— १

भाद्र १३।१

जं अङग्रेजहरूले हामिहरूसङ लड्न तैयारी गरीरहेछन् भन्ने गलवा छ याहां सवारी हुनमा ठिक परोइन भंन्या कलकत्ताबाट १९३१ सालमा रणजङबहादुरले श्री ३ महाराजका हजुरमा चढाइ-पठायेको अर्जी— १

जं पारसिलिस भन्ने सहरबाट कुज गरे टिकाको दिनमा अलेकजेन्डिया पुगनेछु भन्ने १९०७ सालमा श्री ३ जङ्गबहादुरका बाहुलीबाट श्रीकम्यांडरइनचीफ बम्बहादुर राणाजीलाइ लेषीबक्सेको— १

रा कटहरवनमा रजिडंटसाहेबसित श्री ५ महाराजबाट कोतपर्व्वको र पछिल्ला पालाको कुरा सबै हुकुम हुदा रजिडन्टसाहेबले इ मानिस् के बेहोराले मऱ्यो भनी सोद्धा कोतपर्वमा भने आपस्आपस्-मा लडाजी गरी मऱ्याका हुन् पछिल्ला पालामा भने मैले हुकुम दि जनरल जङ्गबहादुरले र अरू सबै भै मान्याको भनी रजीडंटसङ्ग हुकुम भयो भंन्यासमेत बेहोराको १९०३ सालमा कप्तान षड्गबहादुर धीरबहादुरहरूले श्रीजनरल जङ्गबहादुरका हजुर्मा लेषेको—— १

९ श्रीजनरल भिम्सेन थापा बिग्रेपछि पाडेहरूलगायत् सारा भारादारहरूले आपनाआपना दुःखदर्द र राय सर्कारमा जाहेर गरेका अर्जिहरूको तेरिज र माथवरसिङ थापा बेलायत् जादा यसो भन्या भंन्या कुरा परेकोस्मेतको— १

२० माथवरसिङ थापाले एति एति कुरामा बेअदबि गरि हाम्रा गद्दिको समेत षलल् गर्न षोजि श्री ५ माहिलासाहेबज्यूलाइ गादिमा बसाउन्या मतलब गर्दा निज माथबरसिं थापालाइ हामिबाट गोलि चलाइ षुकुरिल हानी मारिबक्स्यौ अबउप्रान्त राजकाजका कुरामा श्रीनानीमहाराजधीराजलाइ मैले हुकुम गर्नु नानीले तिमिलाइ हुकुम गर्नु तिमीले मेरो र श्रीनानीको बंन्या सप्रन्या गरी मोषतार भरभारादारलाइ तिम्रो हुकुम चलाइ राजकाज गर्नु भन्या इत्यादी बेहोराको श्री ५ राजेन्द्रविक्रम शाहबाट र श्री ५ बुवाज्यूबाट मलाई हुकुम गर्नु मैले हजुरलाइ हुकुम गऱ्याबमोजीम हजूरले गरी राजकाज चलाउनु भंन्या इत्यादी बेहोराको श्री ५ सुरेन्द्रविक्रम साहबाटसमेत श्री ५ कांछा रानीका नाउमा भयाको १९०२ सालको लालमोहरको नक्कलहरु— १

२० हाम्रा दर्बारमा परोआयाको घा घरसार न्याय कटक गैह्र काज र हाम्रा मुलुक जङ्गी निजामति मध्यस पाहाड गैह्रको परपजनी कम्पु सोह्र पल्टन् तैनाथ गरी कम्याडरइनचीफको षीतापसमेत हालीमुहाली मुषतारी गरीबक्स्यौ हाम्रा श्री ५ कान्छा महारानीसङ्ग साबसोध गरी हुकुम पाया-बमोजीम काम्काज् गर्नु हाम्रा सप्रन्या कामकाज त आफुले आंटी गर्नु २।४ कुरा बित्तलप पर्न गयो भन्या माफ बक्स्याको छ तेरो मनासिब बिन्ती हाम्रा हजुरमा लागेन भन्या तैले कामकाज छोडनु तलाइ अबजस हुन्याछैन भंन्या इत्यादी बेहोराको श्री ३ जङ्गबहादुरका नाउमा गरीबक्सेको १९०३ सालको लालमोहरको नक्कल— १

भाद्र ८।३

रा कपतान षड्गबहादुर धीरबहादुर कुवरहरूलाइ श्री ५ राजेन्द्रविक्रम शाहबाट अङ्ग्रेजका सबारहरू लि लपेटा दिंदा निज कप्तानहरूसङ भाग्ने सिपाहिहरू र सवारहरूको हात मिसिइ कपतान्हरू-समेत पकडिये भन्ने हाल र भगुवा गुरुज्यू साहि काला गोरा पाडे थापाहरु मिलि श्री ५ का हजुरमा बरु अङ्ग्रेजलाइ ४।६ अञ्चि दि कुवरहरूलाइ निकालि राज्य हात लाइबक्सनुपर्दछ भनी बिन्ती पार्नन् की भन्ने चीत्तमा लाग्छ भन्ने पाल्पाबाट १९०४ सालमा श्रीकृष्णबहादुर कुवर राणा-जीले श्री ३ जङ्गबहादुरका हजुर्मा लेषेको— १

वा कुडुाका राजाकी छोरीलाइ ल्याउन काजी हेमदल थापाको केहि चल्दैन भनी भारादारहरूले भन्दा सर्दार कनकसिङ महतले निज काजीको आद्योपान्त वृत्तान्त गरी तारीफ गरी सबै भारादारहरूलाइ

तिमिहरू बैल ह्वौ भनै भन्ने बेहोराको नीज सर्दारले १९०६ सालमा मजकुर काजीलाइ बनारसमा लेषिपठायको चिठीको मसौदा— १

भाद्र ९।४

१ श्री ५ राजेन्द्रविक्रम शाहका तारीफको फारसिको कविता— १

७ सारा हिन्दुस्थान भोट चिन बेलायत इत्यादिको अषवारको षबरको उतारको ठुलो ढड्डा— १

८ शाके १५२७ मा श्री ५ छत्र शाहबाट गोर्षाका तषतमा राज गरि ७ मैह्ना राज्य गरी शाके १५२८ मा स्वर्ग भयाको वृत्तान्तको— १

२ श्रीकांछा भाइ जनरल धीरशम्सेर जङ्ग कुवर राणाजीले दुस्मनका फौज ११०० कत्तल गरी कुति हानी आफ्ना षरषजाना रसद बन्दुक हातहतीयार तोप गैह्र हात गरी कुति सर भयो कुञ्जामा पनी दुष्मन्का ढरै फौज आइ किल्लामा भरेङ लाइ किल्लाभित्र पस्दा मे. कप्तान् प्रतीमन कुवर राणाजीले १५।१६ सये लस्कर कतल गरी १ कोस लगाऱ्याछं भन्ने सिक्ष्या बक्सेको सिर चढाऔ भंन्ने र भोटेले चिनमा मद्दत माग्दा तिमिहरू गोर्षा भोट हामिलाइ सिर्तो तिर्न्या बराबर ह्वौ गोर्षा हामिसित आउदा तिमिहरूले बाटामा लुट्पिट् गरी उरव दियौ र पो ह्लासा हान्न गोर्षा आयाको हो जेसुकै गर हामिबाट मद्दत पाउदैनौ भंन्ने षलिता गरि पठाया भनि भोटेहरूका फौजमा कुरा भयाका हाम्रा चेवाले षवर ल्यायो भंन्ने इत्यादि बेहोराको चंन्द्रवीर बिष्टहरूको १९१२ सालको श्री ३ का हजुरमा पठायको अर्जी— १

भाद्र १४।२

रा श्री ३ जङ्गबहादुर्का नाम्मा केन स्नान गर्नुभयो भनि श्री ५ माहीलासाहेबज्यूसीत बीन्ती गर्दा तैले दीयाको मन्त्र पनि जप्दीन तं कुमाईका जाड् षाने देवता पनि मान्दीन भंन्या अवाच्य बोल्नुहुदा मैले पनि रीस थाम्न नसकी तिम्रै जडाहा गुरु मान उनैको देवता पूज भनि भंन्न्यासमेत् इत्यादी गुरुज्यू वीजयेराजराज्ले १९२७ सालमा पठायाको अर्जि— १

८ श्री ५ नरभूपाल शाहबाट गादिमा राज् गरायाको बीस्तार— १

१४ डोटीका मदेस्मा १८६६ सालमा फीरंगी र मीर्जा आउदा लुट्पीट् गरेको फाट्वारी फिरीस्त— १

२ ह्लासामा लुटीयाका महाजन्हरूको जिन्सी नगदीको महाजन्ले पाउने हीसाब्को तप्सील्बमोजीमको फिरीस्त— १

१४ १८८० साल्देषी १८९१ सालसंम चिन् भोट् हिन्दुस्थान्तर्फबाट र आफ्ना मुलुक्का राजारजौटा भला आदमीहरूबाट आयेको सौगाद र नजर्आना चढाइ पठायेको मीतिवार फिरीस्त— १

भाद्र १५।३

१० पर्सा जिल्लातर्फ सिमानाबावत् अङ्ग्रेज्का साहेबवान्हरूसित बसि मिनार षडा गर्नालाई गयेका काजी अभिमानसिङ्ग राना सर्दार भवानिसिङ्हरूले लेषेको चिट्ठीपत्रहरू— १

३ काङडा श्रीनगर बजारका महाजन प्रीतमदासस्मेत जवान् २१ ले अदालत्मा बसि निसाफ गर्नालाइ जगदेउ थापालाइ थामिबक्स्या हक निसाफ पाउदा हौं भन्ने १८७० सालमा श्रीजनरल भीमसेन

थापालाइ लेषेको— १

भाद्र १६।४

४ याहा पल्टन्ले टुडीषेलबाट नाल्नीसान् उठाई दर्बार आई कोत्मा राषी हुकुमबमोजीम तानाबाना बुझाउ भंन्या सल्लाह गरी आफ्नाआफ्ना डेरामा गया. हीजो कुटीयाका अफिसर पगरीहरू हेर्न पठाउदा साह्रै छन् भंन्या र १००० सीपाहीहरूले तानामाना बुझाउनेसाथ सर्कारमा हाजीर हुनेछु भंन्या पाल्पाकाजी रणदल् पाडेले १८९९ साल्मा पठायाको अर्जि— १

१८ हजूरका मर्जिमुताबीक भाइभैयादस्मेत् कंपनी भोट् श्री ३ मेजर ज. साहेब्का हजुरमा पठायां मजकुर जनरलका मर्जिमुताबीक् गर्दैछन् भंन्या सल्ल्यान्का राजा नरेन्द्र साहको अर्जि १९१२ सालको— १

१९ १९०७ सालमा सुगौलीमा आयाका भगुवाहरूका तेरीज— १

भाद्र १७।५

३ किल्ला काङडातर्फ मोरणीनेरा कृष्णसिङसित ह्राम्रा भाराकंपनी गै लडाञी गर्दा दुष्मनतर्फ २१८ मऱ्यो ह्राम्रातर्फ १३ घायल् भया नीज कृष्णसिङ भाग्यो भंन्या लेषी आयो भंन्या सुबाठुबाट १८६७ सालमा श्रीकाजी अम्बरसिङ थापाले श्रीकाजी भीम्सेन थापाहरूलाई लेषेको— १

२ अङग्रेजहरू छचामदुमा बसेकै छन् यताबाट थुन्न भनी पठायाका मानीस्हरूले फर्की जाउ भनी भंछन् अङग्रेजहरू श्री ५ चीनबादशाहका हुकुमले आयाका हौ अब काटे पनी फर्कन्नौ भंछन् भंन्या हौडा छ भन्या र श्री ५ चीनबादशाह स्वर्ग हुदा अम्बरले लेषीपठायेबमोजीम ह्राम्रा ह्लासाका महाजन्हरूलाइ ५० दिनसम्म रातो टीका नलाउन्या र कपाल षौरन्या वृद्दि दिञे भन्ने कप्तान् चन्द्रमान् कार्किको १९१८ सालको अर्जी— १

१४ १८९० सालमा बनेको दैलेष किल्लाको अग्लो बाक्लो फेरो नापेको षर्दार रणदीप बस्न्यात्को अर्जी— १

चीनका मुलुकहरूको लमाई चौडाई कोसस्मेतको हीसाफ् लेषीयाको कागज— १

काजी रनजोर थापाले चीं जादा ठाउठाउमा वास गरेको कागज— १

चौ. पुष्कर साहले १८९४ सालमा चीं जादा वास परेको फीरीष्ट— १

का. वीरकेसर पाडेका हस्ते पठाइबक्सेका ईनाम् बुझीलीञौ भंन्या चीं वाहाका ह. लेषी गयाको षलीताको नक्कल— १

१९१० सालमा सुब्बा भीम्सेन् रानाप्रभीतीले पठायाको चिठी— १

चींमा सौगात जाने मालका फीरीष्ट— १

चींमा मामुली ली जादा गर्नुपर्ने कां रीत दस्तुरका बेहोराको— १

ह्राम्रा काजी भक्ती थापाहरूका हात बक्सी पठाउनु [श्री ३ का हजुरमा राषीन][२] भयाको प्रमाना

---

२. अर्कै मसीले लेखिएको।

ईनाम्स्मेत् बुझी लीन्यौ भंन्या १८७० सालमा श्री ५ चींबादसाहका हजुरमा लेषी गयाको षलीताको नकल— १

श्री ५ चींबादसाहबाट श्री ५ गीर्वाणयुद्धवीक्र साहका नाउमा आफुलाइ मुमालाइ सौगात पठाइदियाको छु भंन्या— १

टीगरीदेषी पैचींसम्म अडाअडामा सीपाही रहेका फाट्— १

चींबादसाहलाई सौगाड ली जाने का. वीरकेसरलाइ दस्तुर सीकाउनु भंन्या १८८९ सालमा ल्हासाका अम्बालाइ लेषी गयाको— १

काजी दलभंजं पाडेले १८७९ सालमा सीधाफुबाट चढाइपठायाको अर्जि— १

पेचीं पुगी सौगाड चढाजौं हामीलाइ दीनुपर्ने दस्तुरात बक्सीयो २ मैन्हा मुकां गरी पेचींबाट कुच गऱ्यौ भंन्या १९१० सालमा भीम्सीं रानाको अ.— १

ताहाबाट पठादीयाको हाती ली आउने मानीसलाइ राहदानी दीपठायाको छ भंन्या डीगर्चाको तेसु लामा [को] चीठीको उतार— १

चीनीया अैनको पंजीका— १

ल्हासाका अम्बाहरूको अर्ती मानी बस्नु भंन्या र ताहाबाट आयाका ईनां प्रमाना बुझी लीया भंन्या १८८५ सालको षलीताको नकल— १

भोट्का बडाराजा ढोसी सांश ग्यां छोडः काठमाडौंका राजा श्रीभुपालेन्द्र मल्लदेव २ मीली बन्दोबस्त गऱ्याबमोजीं गर्नु भंन्या १८५६ सालको भोटे नागरी अक्षर लेषीयाको कागज— १

हाती घोडा पठाउनुपर्दैन भंन्या र तीमीलाई र तीमीहरूका काजीलाइ ईनाम् पठायाको छु भंन्या १८५३ सालमा श्री ५ चींबादसाहबाट लेषी आयाका सुनको प्रमानाका नकल— १

चीं जाने काजी सर्दारहरूले पाउने दस्तुर लेषीयाको— १

६३ साल् वैसाष् १७।१ मा

चींबाट श्री ५ रणबहादुर साहका हजुरमा र अरूअरूस्मेतलाई सगुन सौगाद आयाको तपसीलवारको कागज— १

काजी भक्तवीर थापा पैचीं जादा श्रीचीनबादसाह ल्हासाका अम्बाहरूलाइ सौगाद गयाको फाट— १

श्रीचींबादसाहबाट श्री ५ रणबहादुर साह बाहादुर साहलाइ सगुं सौगात् बक्सीस् आयाको १८४९ सालको— १

१९०० सालमा श्री ५ चीनबादसाहबाट अम्बा काजी लामाहरूस्मेतले नेपालसर्कारलाइ पठायाको सौगादको फीरीस्त— १

१८९९ सालमा श्री ५ चींबादसाहबाट र चार काजी लामा अम्बाहरूबाटस्मेत् आयाको फीरीस्त— १

१८८५ सालमा चीनबाट प्रमानाको साथ आयाका सौगात्को फीरीस्त— १

पोतला लामाहरूबाट आयाका मालको फिरीस्त— १

सौगात पठायाको चींबादसाहबाट बक्सेको षीतापको षबरस्मेत श्री ५ रणबाहादुर साहका हजुरमा

१८५० साल कुंपुंस्या सन्गुम्बाहरूले पठायाको— १

काजी नरसीं माधौ साहीहरूले पैंचीं पुगी चींबादसाहको दर्शन गरी नीजहरूले षीलत पायाको १८५३ साल ऐं ऐं — १

मामुली सालसालै पठाउनुपर्दैन ५।५ वर्ष पुगेपछी पठाइदीनु भंन्या १८५१ सालमा ऐं ऐं— १

हाती घोडा म्याना पाल्की पठाउनुपर्दैन भनी श्री ५ चींबाट हुकुम भयाको छ भंन्या १८५७ साल्मा श्री ५ गीवार्णयुद्धवीक्रं साहका हजुरमा होतारीं अंबाको — १

कुंपुंस्यां सु टु थु होतारीं अम्बाहरूद्वारा लेषापढी गर्नु भंन्या र सौगात पठायाको छु भंन्या १८५० सालको— १

चीनबादसाहको र अंग्रेजसर्कारको अहृदनामा भयाको कागजको नकल— १

| | | | | |
|---|---|---|---|---|
| १ –चीन | ६ –नक्सा | ११ –अलौ | १६ –मकवान. | २१ –देवदेवता |
| २ –भोट | ७ –अषवार | १२ –कोत | १७ –षलिता | २२ –हस्ताक्षर |
| ३ –किल्ला | ८ –वंशा. | १३ –भँडार | १८ –अनौठा | २३ –ज्योतिष |
| ४ –पाल्पा | ९ –पुराना गोश्वारा | १४ –गुठी फौज लगत | १९ –लषनौ | |
| ५ –हि. स्था. | १० –सिमाना | १५ –जिल्लाको | २० –लालमोहर | |

१ – चीनतर्फ

चीनीआ अक्षरको चिठीपत्रहरू— १

सुनको पर्माना आया गयाको र अरू— १

खलिताहरू— १

सिबानासमबंधी लेषापढीहरू— १

क्षमकुशलको चीठीपत्रहरू लेषापडि— १

मामुली आयेको र सिर्तो पठायको चिठीपत्रहरू
नक्साहरू— १

२ – भोट्तर्फ

दिगर्चाको कागजपत्रहरू
मोस्ताङका "
कुतिको "
देवाधर्माको "
ताक्लाषार
केरुङ
नक्साहरू
११ सालको लडाइको

सिंकिमा भोट् अंग्रेज नेपालीहरू कारबार भयाको कागजपत्र

सिर्तोको कागजपत्रहरू

ब्येपारसम्बंधी लेषापढीहरू

भोटे अक्षरको चिठिपत्रहरू

भीं मलले पुर्वको बाटो बंद गरी हाम्रा मुलुक्को बाटो मात्र चलाइ बेपार गर्ने बंदोबस्त बाधेको—

वलाङ्चोक सिबानासम्बंधी लेषाषढिहरू

भोटका गोश्वारा कागजपत्र

३ – किल्ला कागडा

गढ्कुमाउका लडाजीका विषयेको कागजपत्रहरू

डोटि दुल्लु दैलेषसम्बन्धी कागजपत्र

सिबानासम्बन्धी कागजपत्रहरू

महाकालीपश्चिमतर्फका राजारजौटाहरूबाट आयाको सिर्तोको लगत्

किल्ला कागडा हान्न जादा भक्तवीर थापा चौ. बम्साहलगायत् अफिसरहरूसित नालापानी मुण्डला इत्यादि लडाजीका विषयमा राजा अम्बरसिंको लेषापढी भयाको चि ठीपत्रहरू

बाइसे चौबिसे राजाहरूलाइ लडाजीमा जीतेपछी लेषापढी भयाको चीठ्ठिपत्र

४ – पाल्पा बुटौलतर्फ

उजीरसिं थापाले अंग्रेजसित बुटौल लडेको र पाल्पादेषि सल्ल्यान्सम्मको अड्डा गौडाको थितिबंदेज गरेको औ सिबानाप्रभृति सारा कामकाज गरेको चिठिपत्रहरू

अम्बरसिं थापाले पाल्पा बस्दा लेषापढि गऱ्याको चिठीपत्रहरू

बक्तवारसिंको ऐं

स्यूराज कायत् ४ तप्पाको सिबानासम्बंधी कागजपत्रहरू

प्युठान मेगजीनका सालसालमा बनेको हातहतियार तोप बंदुक बनेको फिरिस्तहरू

सीमानामा अंग्रेजका सरहदका डाकु भागी आयाकालाई हाम्रा ५ पल्टं र अंग्रेजका ५०० जवान सिपाहिहरूस्मेत भै सर्दार २ स्मेत ज्मा डांकु ५५ पक्रीयाको हालषबरको चिठीपत्र र अरू कामको स्मेत्को कागजपत्रहरू

रणध्वज थापा ऐं

श्रीगुरुजु पण्डित रंगनाथको अमिन्हरूसंग सिबानाबावत् सल्तन् गरेको र अरूअरू विषयको लेखापढि

७२ सालको लडाजीको पुरा हाल र सुलहस्मेतको षबर

पाल्पाको गोश्वारा कागजपत्रहरू

५ – हिन्दुस्थान काबु

सारा हिन्दुस्थानको हाम्रा हल्कारा जासुसिद्वारा आयाको सम्पूर्ण विषयेको षबर

अंग्रेजी जियोग्राफि किताबबाट उतारेको ठाउठाउको मुलुक्मुलुक्को षबर

६ – नक्सा

मध्येस पाहाडको ठाउठाउको नक्साहरू

७ – पुराना अषबार

किल्ला कांगडाको लडाजीदेषी पछिपछिसंमका लडाजीहरूको र अरूअरू पनि हाम्रा मुलुक्‌विषयको औ हिन्दुस्थानतर्फको स्मेत् पुराना अषबारहरू

८ – वंशावली

माथवरसिं १९०० साल पर्व

रणबहादुर साहालाइ सेरबहादुरले मार्दा काजी बालनर्सिले मारि नीज काजीले राजेन्द्रसित बिस्तार लेषेको कागज

माथवरसिं पंजाबमा बस्दाको र अंग्रेजसंग कलकत्तामा मुलाकात गर्दा लेषेको चिठिपत्रहरू

भूजापत्र

मुष्त्यार प्राइममिनिष्टरहरूलाइ श्री ५ सर्कारबाट भयाको धर्म्मपत्रहरू

२९ सालमा सोनपुरमा अंग्रेजका लाठले मुलाकात् गर्दा श्री ३ जङ्गबहादुरलाइ सनमान गरेको ब्यहोराको चिट्ठी

अरूअरू देशको वंशावली

काठ्माडौ शहरभरको सेन्सस (मानिसको गिन्ती)

हाम्रा मुलुक्‌मा कोस् नापियाको र नेपाल् चौगिर्दा नापियाको फिरीस्तहरू

श्री ५ द्रव्य साहदेषि श्री ५ सुरेन्द्र साहसम्मको पुस्तावली वंशावली

श्री ५ पृथ्वीनारायण साहका पालादेषी ठाउठाउका देवालय पुल दरबार इत्यादी बनेको मिति बारस्मेत् कागज

सिकन्दर बादसाहलगायत् अरूअरू राजा बादसाहस्मेतको र तएसुरनामा किस्सा कहानीहरू

९ – पुराना गोश्वारा कागतपत्र

१० – ठाउठाउका सिबानासनबंधी

११ – अलौपर्व

३८ सालपर्व ३८ सालमा काटियाका भारादारहरूको नामनामासि फिरिस्त

गगनसिंपर्व

श्री ५ राजेन्द्रविक्रम साहबाट श्री ५ कांछामहारानी काशिमा राज हुदा लेषिबक्सेको बाहुलीको हस्ताक्षर

९४ सालपर्व

भीम्सेन थापाका सर्वश्वको तायदाती

१२ – कोतपर्व

१३ – भडारषालपर्व

१४ – गुठीको र मुलुक्‌का उठ्तिको लगत् र करको

ठाउठाउ मुलुक्मुलुक्को आम्दानी षर्च फौज राजा बादसाहको नामनामासि दस्षत् र गादिमा बसेको सालस्मेत्को फिरिस्तहरू

अफिसरहरूको पान्गीको फिरिस्त र अधिअघिका अफिसर सिपाहीहरूको नामनामासी र हाजीरी फर्द

ठाउठाउको किल्ला कांगडालगायत लडाजीहरूमा काटिन्या र काट्न्या अफिसर सिपाहीहरूको नामनामासिको फिरिस्तहरू

१५ – ७ जिल्लासम्बंधी लडाजी सिबाना औ सलतनत्को कागजपत्रहरू

सर्दार अचल थापाले ७ जिल्लामा लडाजी गरी थामेको विषयको कागजपत्रहरू

१६ – मकवानपुरको लडाजी र सलतनत्का विषयका कागजपत्रहरू

१७ – हिन्दुस्थानका राजा रजौटाहरू र अंग्रेजहरूबाट आयाका षलिता र सुनका तपक्स्मेत भयाका चिठीपत्रहरू र काबुलका अमिरबाट आफ्नै मानिस साथ लगाइषठायाको षलितास्मेत्

श्री ३ महाराज जङ्गबहादुर बिलायेत्बाट फिरिबक्सेपछि ताहांका अंग्रेजहरूलाइ लेषिबक्सेको र अघिपछि पनि अंग्रेजहरूलाइ लेषिगयाको यादास्तको नकलहरू

१८ – अनौठा पुराना कागजपत्रहरू

१९ – १३ साल लषनौलडाजीको कागजपत्रहरू

२० – पुराना र अघिअघिका लालमोहर र ऐं ऐं को नकल

श्री ५ पृथ्वीनारायण साहबाट गोडागोडालाइ लेषिबक्सेको लालमोहर

२१ – देवदेवता

शहर भादगाउ पाटन् ३ सहरका देवदेवताका फिरिस्त

– श्रीकुमारीका मंदिरमा देवदेवताको चित्रकार भयाको श्री ५ पृथ्वीनारायण शाहका पालाको फिरिस्त

– मछिन्द्रनाथको र देवदेवताको वर्णन जगंनाथजीको बर्षबन्धनको दानपत्रस्मेतको कागजपत्रहरू

२२ – श्री ५ राजेन्द्रविक्रम साहबाट राजकाज आफैबाट चलाइबक्सदा राजकाजबावतको अरूअरू बाहुलिको हस्ताक्षरका मुठ्ठा

२३ – जोतिष राजनीति अरूअरू विषयका श्लोकसंग्र[ह]हरू

श्री ५ पृथ्वीनारायण रणबहादुर साहहरूका पालादेषि ठाउठाउ मुलुक् फत्य भयाको सायतको कुराको फर्द

सूर्यचन्द्रग्रहणको श्रीयंत्र

२४ – नासलचोक्का बैठक्मा रह्याको नागरी ३ अंग्रेजी २३७ फार्सि ५३ बंगाली २१ जात् २ का अक्षर भयाको १३ जमा किताब ३२७ र नासलचोक् सिसमहल् बैठकमा अंग्रेजी २७ नागरी २६ षाली १७ फार्सि ५ जमा कीताब ७५ को औ कौषि तोसाषाना जैसिकोठामा रहेका कागजात्को स्मेत् फिरिस्त

ज्येष्ठ ३।१

जैसिकोठा कौसी रह्याको कागजको फिरीस्त
नासलचोक् किताब्का
श्री ५ पृथ्वीनारायणबाट गौडा २ लाइ लेषीबक्सेको
श्रीकुमारीका देवालयमा चीत्रकार भयाको फिरीस्त
१८९४ मुलुक् २ को आम्दानी फौजको जमा
मुलुक् २ को आम्दानीको
जगंनाथका देवालयको वर्षबन्धनको
कलकत्ता चौबीस प्रगंनाका आम्दानीको
अंग्रेजको बादसाह् भयाको
बिलायततर्फ मुलुक्को नाम् आम्दानीको
नेपाली राजाको नामावली
रामराजाका मुलुक्को बयान्
हैरान चारतर्फी सिबाना लेषी
सुषीमका आम्दानी
९५ सालका भारादारी दर्दको
बुद्धीमांले गर्नुपर्ने कामको
हुङ्गलीन्का बादसाहहरूका नाम जंम्याको तषत्स्मेत्को साल
बेतीया ९० सालका आम्दानीषर्च
नालापानीमा मानीस् काटीयाका
नेपाल् चौगिर्दा नापेको
श्री ३ जङ्गबहापछि जनरलहरूलाइ उर्दी गयाको
लंडन् सहरको फौजको

श्री ५ राजे. भीम्सेन थापाका संन्तान भीत्र आउन नदीनु भन्ने छाप माना चावल रैबंदी बाधीयाको लमजुंतर्फ धर्मपत्रको लालमोहर

१४ ठाउठाउ मुलुक्को आम्दानीषर्च फौज र राजा बादसाहको फिरिस्त
मछिन्द्रनाथको र देवदेवताको श्रीकुमारीका स्थानमा चीत्रकार भयाको दानपत्रस्मेत
अंग्रेजी जियोग्राफि किताबबाट उतारेको ठाउठाउ मुलुक्मुलुक्को षबर
हाम्रा मुलुक्मा कोस् नापियाको र नेपाल् चौगिर्दा नापीयाको स्मेत्

ज्येष्ठ ३१।१

२ १९१२ सालमा श्रीजनरल धीरशम्सेर जङ्ग राणा बहादुरबाट सुनागुम्बा फत्य गरीबक्सेको र दुस्मन २ लाइ आफैंबाट तोप हानी मारीबक्सनुभयाको औ टयाकलीङ आठ् हमला गर्नेछु भंन्या र अरूअरू हालस्मेतको चीठी श्रीमिनिष्टर बम्बहादुर राणा बहादुरलाइ लेषीबक्सेको—

२० १८६६ साल जिल्लै मोरङ महुत्तरी कठ्महल जिन्सीस्मेत् बेपारको यकहट्टी गरी सुबा अचल

थापालाइ बक्स्याको छ भंन्या लालमोहरको नकल र नीज अचल थापाले चैनपुरमा २५०० बीर्त्ता पायाको—

१३ जनरल जीतजङ्ग बहादुरको ३८ सालदेषीको ४२ साल भयापछी हिन्दुस्थान धपियाका बागीहरू-स्मेतको चालचलन र कार्रबाइको सारा वृत्तान्त मजकुर जनरलका मुष्य कारिन्दा लेफ्टेन विष्णुप्रसाद गीरीले मुषजवान कह्याको कागत—

८ श्रीजयप्रकाश मल्ल राजाले श्रीसिंहप्रताप साहलाइ चीसापानीका वनमा दगा गर्न लागेको बयान्को—

८ भीम मल्लले मोहनचोक ५ कोटि द्रव्य पठाइदियाको अरू विषयस्मेतको बंशावली—

ज्येष्ठ ३२।२

३ श्रीकाजी रणज्वर थापा कप्तान भूपाल थापा र अरूहरूका नामको पर्माना र सिष राजाहरूबाट र अरू राजारजौटाबाट लेषी आयाको चिठीहरूका नक्कलहरू—

१८ दिगर्चा तासिलुं लामाले निलो घोडाहरू पठाइदिनुभयाको आइपुग्यो साहेब जियेमा आनन्द हबस् भंनानिमित्त म धर्म्म गर्दछु भंन्या श्री ३ जङ्गबहादुरलाइ १९०५ सालमा लेषेको—

२० जैसिब्राह्मणका बितिको १८१८ सालमा श्री ५ पृथ्वीनारायण साहबाट गरीबक्सेको लालमोहर [को] नक्कल—

अबदेषि पुढो मेरो यक हुकुम ली राजकाज गर्नु नानी श्री ५ सुरेन्द्रविक्रम साहको हुकुम नमांन्नु भंन्या गुरुप्रोहितलगायत् भरमुलूक्का नाउमा श्री ५ राजेन्द्रविक्रम साहबाट लेषीबक्सेको बाहुलीको हस्ताक्षर—

११।१२ सालका भोटलडाजीमा षर्च ज्यास्ता हुनाले १३ सालका बालीमा बिर्ता फिकडाब इत्यादिमा र जागिरमा स्मेत तल्लो चार सयसम्म षान्याको त्रीषंडी ली सदर मुलुकीषानामा बुझाउनू भंन्या सुब्बा तारानीधी पद्मनाथहरूका नाम्मा दस्पत्को नकलहरू—

ज्येष्ठ ३०।७

८ गोर्षामा राज्य गर्न्या श्री ५ द्रव्य साहदेषीको र नेपालतषत जीती राज गर्न्या श्री ५ पृथ्वीनारायण साहदेषी श्री ५ पृथ्वीवीरविक्रम साहतक गद्दीमा राज गरीबक्सेको साल रजाजीवर्ष मुक्त भयाको साल मितीस्मेत षोलीयको श्री ५ सर्कारहरूका वङ्शावली—

काजी रणजङ्ग पाडेलाइ मुक्तयारी बक्सी मुक्तयारले गर्नुपर्ने काम्को सवाल गरीबक्सेको १ मुक्तयारीको १ श्री ५ राजेन्द्रवीक्रं साहबाट गरीबक्सेको लालमोहर—

८ श्री ५ राम साहका पालामा मकुवा अम्बल भयापछी लमजुंग्यासित लडाजी भयाको बिस्तारको—

८ नुवाकोट अम्बल् भयाको ब्यहोरा र लडाजीमा जाने भारादारहरूका नामनामासिस्मेत्—

सं १८३४ सालमा कविलासपुरका लडाजीमा जान्या अफिसर नामनामासि र लडाजीमा मर्न्याका नाम—

गाजीपुरबाट १९०७ सालमा श्री ३ जङ्गबहादुरबाट जनरल बद्रीनरसिं राणाजीलाइ लेषीबक्सेको मेरो रोटी – – उने होस् बषत षुब पारी सिकार षेलन आइस् सर्कार रि – गरा हात्ति छोइस् भंन्या

जानलास् मेजमानी र तेरा मानिस्ले लुटीयो भनेर बिगारीलीयो भन्या षाददा २ मार्नेछु भन्या—

८ श्री ५ सिंहप्रतापका पालाको वंशावली—

१६ सम्वत् १९०३ सालमा चौ. फत्यजङ्ग साहका तर्फबाट रजीडंट जान रसलका नाउमा लेषी गयाको र नीज रजीडंटले चौ. लाइ लेषी आयाको सुभेश्वरका सिबानाबावत्को याददास्तको नकलहरू—

२० गढका राजा प्रद्युम्न साहलाइ श्री ५ गीर्वाणयुद्धविक्रम साहबाट १८५८ सालमा अभयको केशर-पञ्जाको तामापत्र गरीबक्सेको तामापत्र नकल्—

ज्येष्ठ २८।५

१४ ९६ सालमा भिम्सेन थापाका घरमा बाँकि रहेको सिल्षाना दाखिल् भयाको फिरीस्त—

सन् ७२ मा डिल्लीबाट लेफटेंट कर्णेल लार्लसि सिजापती क्षेतृले ळुट्टा लडाञी हेर्न जादाको बयान् लेषेको—

६ हुमला ताकलाषारतर्फको नक्सा—

ज्येष्ठ २९।६

२ थापाहरूका साथ श्रीकाजी बालनरसिंको पनी सर्वश्व फिर्ता भयाको श्री ३ जङ्गबहादुरका नाउमा १९०१ सालमा भयाको लाल्मोहरको नकल— १

८ १९०४ सालमा श्री ५ राजेन्द्रविक्रम साह चौतरीयासंग अलौ सवारी हुंदा अलौमा पऱ्याको मालताल् सुनाचादीको फिरीस्त— १

१ १८४८ सालमा काजी दामोदर पाडेले दिगर्चासम्म सर गरेको र चिनिञा फौज कतल् गरेको बयान्को— १

८ ल्हुतिकोट्देषी किर्त्तिपुरतक अम्बल् भयाको बिस्तारको— १

८ श्री ५ पृथ्वीनारायणबाट वायु स्थापना गरीबक्सेका वृतान्तको— १

२ १९११ सालमा कर्णेल लार्लसि सिजापतीले कलकत्तामा जंङ्गी षजाना तोप् बन्दुक् षरीद गऱ्याको अर्जी— १

१८ १८९० सालमा ठूलो भूमिकंप भयाको बयान्को कागज १

२३ बोक्ती लागेको छुटाउने यंत्रमंत्र लेषीयाको— १

ज्येष्ठ २४।२५।२६ ×

ज्येष्ठ २७।४

८ सम्वत् १८८७–९१ मा हात्ती गैंडा अर्णा बाघ बडेल ठाउठाउमा लडायाको फिरिस्तहरूको पर्इ— १

८ सम्वत् १९०७ मा दलबहादुर बनारसमा बस्न नपावस् भंन्या र हाम्रा मुलुक्को चोर डांकु तिमी-हरूले पनी पक्रि सुपुर्द गरीदिनुपर्छ भनी श्री ३ बाट लाट्साहेबको सिक्रेटरीलाइ हुकुम भयो भन्ने नकल— १

२१ १८९१ सालमा श्रीपशुपतिमा पुरश्चरण गरेको सामाग्रीको र षर्चको फाट्वारी कागजसमेत्— १

८ श्रीमहेन्द्र मल्लले श्रीतुलजाको मंदिर बनायाको बयान र श्रीतुलजा सं ६६९ साल माघशुक्ल ५ अनुराधानक्षत्र सोमवारका दिन भ्रमररूप भै देवालयेभित्र प्रवेश गरीबक्सनुभयो भंन्या र अरू पशुपत्यादि स्थापनासमेत्को वङशावली— १

२० श्री ५ राम साह र श्रीराजा नारायण मल्लहरूबाट सल्यानकोट्मा तपस्या गरेको र अरू ५ राजाहरूलाइ बोलाइ थितिबंदेज गऱ्याको कागज— १

८ श्री ५ पृथ्वीनारायण साह श्रीकाशि गयाजी पाउ लाग्नुभयाको बयान्को कागज— १

राजा जयनिवासमल्लहरू बसि नेपालि सं ७९५ मा राजाहरूबाट जुठो बार्न विषयेको थितिबंदेज भयाको— १

१ ४० सालमा चीनबादसाहबाट श्री ३ महाराजलाइ थोङलिङको किताब लि आउने चिनीया भारादारहरू आउदा न्हुल्छे बैठकमा सन्मान भयाको र इस्पीच भयाको वृत्तान्तस्मेत्को— १

२ भोट्तर्फको कोस् यतीको गिर्दा भंन्या र ठाउठाउको बयानको फिरीस्त— २

२ ल्हासाको चारतर्फको सिमाना लेषीयाको कागज— १

१९१० सालमा साहिला साहेबज्यू रणेन्द्रविक्रंले दहचोक बस्न्या केशरसिं अधिकारीलाइ श्री ३ जङ्गबहादुरलाइ मार्न सकिस् भने २५ हज्जार रुपैंञा र घरषेत बक्सौला भंन्या धर्मपत्र— १

१९१६ सालमा नीज केशरसिंको कायलनामा ज्मानबंदी भयाको कागज— १

श्री ५ कांछा बडामहारानीबाट सिद्धिमान राजभडारीलाइ साहीला साहेबको करामत् मलाइ थाहा छैन श्री ३ मा बिन्ती गर्नु भंन्या १६ सालमा लेषीबक्सेको— १

ज्येष्ठ २३।७

८ राजा रत्नदेवले श्रीतुलजाको प्रतिष्ठा स्थापना गऱ्याको साल मिति र महिन्द्र मल्ल गादिमा बस्याको र स्वर्ग भयाको साल् मिती षोलियाको कागत— १

१४ काला पाडेको १९०० सालमा सर्वश्व भयाको मालको तायदाती— १

श्री ३ जंङ्गबहादुर १९०७ सालमा बिलायत् सवारी हुदा श्री ३ को र साथमा जान्या भाइभारादारहरूस्मेतको समुद्रबाट आयाको चिठीपत्रहरू— १

१४ ९८ सालमा थापा बस्न्यात्हरूका सर्वश्वको तायदातीहरू— १

८ श्री ५ पृथ्वीनारायण साह नुवाकोट् हान्न सवारी हुदा साथ लाग्न्या अफिसरहरूको नामनामासिको श्री ५ राजेन्द्रविक्रम साहका बाहुलीको हस्तअक्षरको— १

८ श्री ५ पृथ्वीनारायण साहबाट नेपाल हान्न सवारी हुदा साथ आउन्या भारादारहरूको नामनामासी फौजको संख्या कुलानंद ढकालले हेऱ्याको सायत्मा सवारी हुदा त्रीसुल्गंगा तर्न लाग्दा जलकपूर माछा उफ्री श्री ५ का डुगामा परेको बयान्— १

१४ भीम्सेन थापाको षान्गी बाधीयाको— १

ज्येष्ठ २२।६

श्री ५ कांछा बडामहारानीबाट श्री ३ जङ्गबहादुरलाइ २ पल्ट दगा गर्नंलाइ हाम्रा हजुर्मा बिन्ती पार्दा मानिबक्स्यौन भनी श्री ५ राजेन्द्रविक्रं साहबाट लेषी आयो भंने श्री ३ को चिट्ठीको श्री ५

कांछा बडामहारानीबाट भयाको जवाफ १९०४ सालमा बनारसबाट— १

ढड्डामा सहि परि नआइ नेपाल जाउ भनी बिन्ती चढाउन्या साइधुवा हौला भंन्या हुकुम भयो भंन्या र भगुवाहरूको चिवा आउदैछ भनी कप्तान षड्गबहादुर धीरबहादुरहरूले १९०४ सालमा श्री ३ लाइ लेषेको— १

श्री ५ महाराजाबाट श्रीगुह्यश्वरीमा पावलाग्नुभै दिक्ष्या मंत्र हुदा तिर्जाबाहेक् गयाको षर्चको फाट्वारी कागत— १

ज्येष्ठ २१ गते ५ मा

श्री ३ जङ्गबहादुरलाइ दगा गर्न भनी चौ. साह काजी जगद्बम् पाडे सुब्बा बषतवार षड्काहरूले पठाया[का] ३ जना मानिस्लाइ सजाय भयको विषयमा सुगौलीबाट १९०४ सालमा श्री ५ राजेन्द्रवीक्रंबाट श्री ३ लाइ अभयको लालमोहर पठाइबक्सेको— १

ऐं को जवाफ श्री ३ बाट— १

श्री ५ कांछा बडामहारानीको राजकाजविषयको हुकुम कसैले नमांन्नु भंने श्री ५ राजेन्द्रबिक्रं शाहबाट १९०४ सालमा भयाको लालमोहर— १

लाठ् आया भन्या श्रीनानी श्री ५ सुरेन्द्रविक्रं साहका सवारी आधाफेरसम्म चलाउनु भंन्या श्री ५ राजेन्द्रविक्रं साहबाट श्री ३ जङ्गबहादुरलाइ लेषीबक्सेको १९०३ सालको— १

अलौबाट सवारी फिर्दा जाहा नआइ उतैबाट भाग्न्या र सुगौलीबाट भाग्न्याहरूलाइ जाहा पठाइदिनु भन्या नामनामासिको फिरिस्तसमेत १९०४ सालमा श्री ५ राजेन्द्रविक्रम साहबाट श्री ३ जङ्गबहादुरलाइ लेषिबक्सेको— १

१९०३ सालमा श्री ५ राजेन्द्रविक्रम साह बनारस सवारी हुदा अंग्रेजका अफिसरहरू सौक्रोसम्म आइ सन्मान गरेको बावत्को— १

ठाउठाउका राजारजौटाहरूले राजेन्द्रविक्रम साहसंग भेट् गर्न आयाबापत् सर्दार करवीर षत्रीले श्री ३ जङ्गबहादुरलाइ १९०३ साल्मा लेषेको अर्जी— १

जनरल मेग्रिगरसाहेबले तिमि हुकुं दिन्या हौ तिमि गोलिका दरेसमा जान नदिनु भंन्या मलाइ लाठ्साहेबको हुकुम छ भनी मलाइ जान दिदैन भंन्या र केशरबागहरू फत्य भयाको स्मेत्को हाल् श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफलाइ १४ सालमा लेषिबक्सेको— १

ज्येष्ठ २० गते रोज ४

१९ श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ जनरल कृष्णबहादुरलाइ १४ साल्मा बिसौलियाबाट पठाइबक्सेको लषनौलडाजो हुनुभंन्दा अलिअघि लडाजोको इन्तोजामबापत बडासाहेबले पठायाका फार्सि चिठिको तर्जुमा— १

११ छुल्याहाहरूले गर्दा हामीहरूले इज्जत् र जातसम्बंधीका कुरामा अंन्यायमा मर्नुपर्ने होइन इज्जत् हजुरहरूकै हो भनी श्री ५ कांछा बडामहारानी श्री ५ साहीला काहीला साहेबहरूले श्री ५ राजेन्द्रविक्रम साह श्री ५ सुरेन्द्रविक्रम साहका हजुरमा १९०७ सालमा बनारसबाट लेषी आयाको— १

९ श्री ३ जङ्गबहादुरबाट अकबरपूरको किल्ला १४ साल्मा जीतेको औ मार्टिङको कोठी लीदा कर्णेल

पहलमानसिंका गोर्षाली फौजले अंग्रेजका कम्यांडरइनचीफलाइ षुसी गराया रेवीलको तालिमि फौज १।ऽ १।। लाष छ भंन्या श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ जनरल कृष्णबहादुरलाइ लेषीबक्स्याको — १

श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ जनरल कृष्णबहादुरलाइ १४ सालमा पिपराबाट लेषि आयेको — १

२ कुतितर्फको सिमाना कर्णेल रणसिं षतृले लगायाका षरानेपोषरीको भया पनी फुटुं तुङथाङले गरिदियाकोमा मान्छन् भन्या पनी हुन्छ नत्र हुदैन भंन्ये— १

१९ श्री ३ जङ्गबहादुबाट बडासाहेबलाइ हाम्रा फौजमा अंग्रेज सरजनहरू पठाइदियपछि लेषी गयको र भेरवातर्फ हाम्रा फौजले लडाजो सर गरेकोस्मेत् लेषिगया गरेपछि बडासाहेबलाइ लेषी गयाको याददास्तको नक्कल — १

१९ जनरल मेग्रिगरसाहेबलाइ श्री ३ जङ्गबहादुबाट अड्डा गौडामा यति फौज राषेको छ भंन्या सुनाइ-बक्स्याको कागज— १

१९ जनरल बषतजंले पिपरा सर गरेको श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ जनरल कृष्ण-बहादुरलाइ १९१४ सालमा लेषीबक्सेको — १

पल्टन्ले लषनौलडाजीमा लुटि लियाका माल गैह्र लिलाम् बिक्री गरी पल्टन्लाइ बराबर बाडिदींछु भनी श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ कृष्णबहादुरलाइ १४ सालमा लेषीबक्सेको— १

ज्येष्ठ १४।५ मा

१४ १९१२ साल्मा ताक्लाषारका लडाजीमा लुटियको हतियारहरूको र लुतने भवानीबक्स कंपनीका सिपाहीहरूको फर्द— १

१४ १९११ साल्मा रोल् बढ्ने भाईभारादारहरूको फर्द— १

१४ १८७९ साल्को श्री ५ स्वामीमहाराज्को पुस्तकहरू बतासजींमा रहेको कागज्— १

१४ श्रीहनुमान्ढोकादेषी ल्हासासम्मको कोसको फर्द— १

४ चौतरीया विष्णुप्रसाद साहहरू १९०४ साल्मा पाल्पाबाट भागेबावत्को कागज्पत्रहरू— १

२० श्री ५ सुरेन्द्रवीक्रम् साहबाट १९११ साल्मा जनरल बद्रीनरसीं कुवर कर्णेल कृष्णधोज कुवर कर्णेल षड्गबहादुर कुवरलाई जङ्गी षजाना रसद तयार गर्नु भंन्या लालमोहरहरू— १

१८ ल्हासामा पानी नपरी बलीनीबाट पानी चूह्यो भंन्या र अनेक् तरहका उल्का भयो भंन्या षबर— १

८ श्री ५ राम साह र भोटको लडाई भयाको वंसावली— १

३ १८६६ साल्मा माल्कडा र कांडा सर भयाको— १

२ भोटतर्फ लडाई भईसकेपछी सलतनत्बावट् श्री ३ जङ्गबहादुरका हस्ताक्षेरीको मसौदा— १

केसरसींले हजूरका गाथ दगा गर्नालाइ आंहांबाट हीडचो भन्या षबर १९१० साल्मा बनारसबाट दलबहादुरले लेषेको — १

श्री ५ राजेन्द्रविक्रं साह १९०३।४ सालमा बनारस राज हुदा लेषाप(ढी) — १

ज्येष्ठ १९।३

प्रयागका किल्लामा थुनियाका बेलामा श्री ५ माहिला साहेबज्यू उपेन्द्रविक्रम साहबाट र जनरल बद्रीनरसिंह जयबहादुर कुवर राणाजीहरूले श्री ३ जङ्गबहादुरलाइ लेषेको— १

स १९१६ सालमा अंग्रेजी फौज र रेविलहरूले दाङ्देउषुरीतर्फ लुटेको फर्द— १

१४ श्रीगुरुज्यूराज रंगनाथ पण्डितज्यूको ९७ सालमा सर्वश्रमध्यका संस्कृत पुस्तकहरूको फिरिस्त— १

बृगेडीयर कर्णेल सनकसि षतृले केशरबाग फत्य गर्याको र गोरषपुरदेषी लषनउसम्म साफ गरी लडाजी फत्य भयो भंन्या १५ सालमा श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ कृष्णबहादुरलाइ लेषीबक्सेको— १

श्री ३ जङ्गबहादुरलाइ श्री ३ का साथमा जाने कम्यांडीङ जनरलहरूलाइ सबै पृन्सपल मिलिटरी-हरुते सन्पोष्ट क्याम्पमा पुग्नेबित्तिकै सलामि दर्जाअनुसार दीनु भंन्या बेहोराको बडासाहेबको याददास्तको जवाफ— १

१४ सं १८९७ साल्मा चौतरीया पुष्कर साहका घरमा दंगा गर्न्याहरूले भांचि फोरी पोलि च्यात्चुत् पारी बिकम्बा गरी फालि गयाको र हरायाको माल नगद जिन्सीको कप्तान कुलराज पाडेका घरमा कंम्पुले लुट्पिट् गर्‍याको स्मेत्को फर्दहरू—

१४ सम्वत् १८९६ सालको काठमाडौं सहरको सेन्सस्को ज्मा ३६२४६ बिस् लाष् मानिसलाइ षानाषर्च वर्ष १ को १७९२५७५० लाग्छ भंने लागत्स्मेत्को— १

२१ शालिवाहनशाके १७२१ मा श्रीविन्ध्यवासिनीको वर्षबन्धी बिसासय बलिदान् श्री ५ गीर्वाणयुद्ध-विक्रम साहबाट तांमापत्र गरी राषिबक्सेको पूजाआजाको तपसीलवार र पूजा गर्दा षर्च भयाको फाट्वारीस्मेत— १

१८९६ सालमा अंग्रेज सर्कारसंग[को] थितिबंदेजको नक्कल— १

१८७३ सालमा शीतलाले श्री ५ गीर्वाणयुद्धविक्रम साह स्वर्ग भयो भनी [राम नगरका][१] राजा तेजप्रताप सेनलाइ श्री ५ बाट लेषिगयाको षलिताको नक्कल्— १

१९ १४ सालमा हिन्दुस्थानमा कंपनिसर्कारका मद्तमा जाने अफिसरहरूका नाममा गयाको र्हद्को कागज— १

ज्येष्ठ १७ गते रोज १

८ श्री ५ राम साहबाट मैधितर्फ सर गर्नुभयाको वंशावली— १

८ नुवाकोट् हानी नेपाल सर गर्न जान्या कुराको वंशावली— १

गद्दिको हुकुम चलाउन्या थितिबंदेजको श्री ५ राजेन्द्रविक्रम साहबाट तर्जुमा भयाको लालमोहर [को] नक्कल— १

श्री ५ राजेन्द्रविक्रमका सवारी बनारसमा राज हुदा माथवरसिंका ३ छोराहरू आइरह्याका छं

---

१. यति अर्कै अक्षरमा लेखिएको छ।

भंन्या र अरूअरू हालषबरस्मेत्को श्री ३ जङ्गबहादुरलाइ कप्तान् धीरबहादुर षड्गबहादुरले लेषेको १९०३ साल्को— १

श्री ३ जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ बम्बहादुरलाई साधीकन काम गर्नु क्या हो भन्या जिभ्रो पकडनु हो यत्रो मुलुकको अभिभारा दियापछी साना २ कुरा पनी साधी गर्न लाग्या कसो गरि निर्वाह चलाउलास् भनेर अंग्रेजचीनसंम्बंधीको कामकाज मात्र साधी गर्नु भंन्या १९०९ सालमा लेषी आयाको— १

३ किल्ला कांङडातर्फ रणजितसिंसंग सलतनत् हुदा सतरुद्राको साथ लागेको विषयको सर्दार प्रसुराम थापाको चिठी र जगतगढी किल्ला फत्त्य भयो भनी महेन्द्रसिले लेषेको चीठीहरू— १

ज्येष्ठ १८।२

११ १९०४ साल अलौपर्व्वमा काटिन्या मानिसहरूको नामनामासि कप्तान् सनकसिं षतृले पठायाको— १

श्री ५ राजेन्द्रविक्रंबाट रणउज्ज्वल थापालाइ षर्च र षातिरजामा दि तिमिलाइ दगा गर्न पठाइ-बक्सेको छ आफ्नु होस गर भनी श्री ५ कांछा बडामहारानीले बनारसबाट १९०४ सालमा श्री ३ जङ्गबहादुरलाइ लेषीबक्सेको— १

श्री ५ राजेन्द्रविक्रं साहका कोतपर्वमा कस्ले कस्लाइ काटयो कति काटिया नामनामासि षोलि पठाइदीनु भंने श्री ३ जङ्गबहादुरलाई सुगौलीबाट १९०४ सालमा लेषी आयाको— १

नेपालबाट भागी आउने मानिस् सबै जमा हुने तवर छ राम्रो ढंङ्ग पनी बुझींन गुरुप्रसादका साथमा २०० मानिस छं भंने श्री ३ जंङ्गबहादुरलाइ कप्तान षड्गबहादुर धीरबहादुर कुवर राणाले १९०३ सालमा लेषेको— १

२ नेपाल र भोट दुवै चीनसर्कारको ताबेदार हौ आपसमा लड्नाले भलो हुन्या छैन भंन्या र सलतनत्ले काम् गऱ्या बेस हुंछ भनी सुषिमका राजाले १२ सालमा श्री ३ जङ्गबहादुरलाइ लेषेको— १

१९ श्रीकम्यांडरइनचीफ जनरल कृष्णबहादुरलाइ श्री ३ जंङ्गबहादुरबाट आफैं लडीबक्सी दुस्मनको तोप लुटेको लषनौ सर गरे भंने ब्यहोराको र हाम्रातर्फमा मर्ने र घाइताको संख्याको औ बेगमहरूको पनाहस्मेत् लीबक्सेको हालषबरको चिठी— १

१९ श्रीकम्यांडरइनचीफ जनरल कृष्णबहादुरलाइ श्री ३ महाराज जंङ्गबहादुरबाट १४ सालमा राप्तिको घाट्मा लडी गोरषपुर सर गरीबक्सेको हालषबर लेषीबक्सेको—

१९ लाठ्साहेबबाट हामीलाइ र हाम्रा अफिसरहरूलाइ लषनौ सर भैसकेपछी बांडेको नजरको फिरिस्तस्मेत् पठाइबक्सेको छ भंन्या श्री ३ महाराज जङ्गबहादुरबाट श्रीकम्यांडरइनचीफ कृष्ण-बहादुर श्रीकम्यांडीङ जेनरल जगत्सम्सेरलाइ १५ सालमा लेषीबक्सेको— १

ज्येष्ठ १५।६

श्री ५ राजेन्द्रविक्रं साह १९०३।४ साल्मा बनारस सवारी हुदा श्री ५ बाट भयाको लेषापढीहरू र श्री ५ र श्री ५ कांछा बडामहारानीको साथ जान्या काजी हेमदल थापा जनरल वजिसिङ इत्यादि अफिसरहरूस्मेतको लालमोहर र चिठीपत्रहरू— १

११ श्री ३ जङ्गबहादुरलाइ दगा गर्न सेरमर्द्दन हमाल डम्बरसिं विष्टहरूले किर्ते लालमोहर ली आयाका

विषयेमा श्री ५ राजेन्द्रविक्र शाहबाट श्री ३ जंङ्गबहादुरलाइ लेषी आयाको— १

११ कोतपर्व श्री ५ कांछा बडामहारानी र तेरा सल्लाहले भयाको हो भंन्या र भिम्सेन थापालाई मराउन्या कुलराज पाडे हो भंन्या श्री ५ राजेन्द्रवीक्रबाट श्री ३ जंङ्गबहादुरलाइ १९०४ सालमा लेषी आयाको सुगौलीबाट— १

११ श्री ५ राजेन्द्रविक्र भेट् गर्न सुगौलीमा भीमविक्र साहले अढाइ सय तीन सय मानिस ली आया भनी १९०४ सालमा श्री ३ जंङ्गबहादुरलाइ करविर षतृहरूले लेषेको— १

३ अंग्रेज पाहाडतर्फ चढचो भने गोर्षालीहरूलाइ मद्दत् हामिहरूले दिन्छौ भनी चिनिया देवाहरूले भंछं भनी ७२ सालमा बंसराज षतृका जाहेरी— १

ज्येष्ठ १६।७

सुगौलीमा श्री ५ राजेन्द्रविक्रम साहका हजुरमा श्री ५ कांछा बडामहारानीले कोतपर्व मेरा हुकुमले भयाको होइन गगनसिलाइ मान्याबाट कोतपर्व भयाको हो भनी बनारसबाट १९०४ सालमा लेषापढी भयाको— १

श्री ५ राजेन्द्रविक्रम साहबाट १९०५ साल्को पजनी म आफै गर्छु मुलुकि कामकाज तिमिहरू गरौला भन्या श्री ३ जङ्गबहादुरलाइ बनारसबाट १९०३ सालमा लेषीबक्सेको— १

१४ श्रीसाहिला साहेबज्यू श्रीकाहिला साहेबज्यूका धन दौलथ असवाप गैह्रको डिपटिसाहेब काजी हेमदल थापा जनरल वजीरसिंह अमिन सुब्बा सिद्धिमानसि राजभंडारी बसी तायदाती भयाको फर्द— १

श्री ५ राजेन्द्रविक्रम साहबाट पजनी गरीबक्सेमा हामि राजि छौ भनी सारा भारादार पगरी सीपाही गैह्रले सहीछाप हालन्या १९०३ सालमा श्री ५ राजेन्द्रविक्र साहबाट पठाइबक्सेको ढड्डा र ऐंका बाहुलीको हस्ताक्षरको मसौदासमेत— १

१९०४ सालमा अलौपर्व भैसकेपछी श्री ५ राजेन्द्रविक्र साह सुगौली सवारी हुदा भयाको षबर कर्णेल षड्गबहादुर धीरबहादुरहरूले श्री ३ जङ्गबहादुरलाइ लेषेको— १

ज्येष्ठ १२।३

८ श्रीराम साह नरभूपाल साहका पालासम्मको मुलुक्को साक्षा लागेको— १

२ जुठो बान्र्या श्रीनीवास मल्लले थीती बाधेको— १

२ ल्हासामा बौद्धका मंदीरमा पानी नपरी बलेनीबाट पानी चूह्यो अनेक् तरहका उत्पात् भयाको षबर १९१० साल्को— १

३ पाल्पाबाट काजी अम्बरसीङ आउदा नालागढीमा अंग्रेज जनरल अक्टोरलोनीले नीज काजीले लगायाको असबाप रोकी हेर्दा नगद ज्मा ५२ लाष रहेछ भंन्या षबरको— १

६ वेत्रावतीको लडाई भयाको बषत्मा ट्रेस गरेको जगाको नक्सा

८ श्रीराजा जयस्थिति मल्लबाट थितिबंदेज भयाको र ने. सं. ५४९ मा पर्लोक हुनुभयाको भंन्या— १

८ काठमाडौमा प्रवेश भयाका श्रीरत्न मल्लदेषी श्रीजयप्रकाश मल्लसम्म १५ राजाहरूका नामनामासि र स्वर्ग भयाको साल्समेत्को कागज— १

२० श्रीराजा सिद्धिनरसिंह मल्लबाट जातका व्यवस्थाको थितिबंदेज भयाको—

२० बुंगमती मछिन्द्रनाथलाइ इष्टदेवता मानि गुठि राषी थिति बाधेको जय श्रीनिवास मल्लले—

८ श्रीराजा महेन्द्र मल्लको राज्याभिषेक भयाको सिक्काको टक मान्याको श्रीतुलजा स्थापना गन्याको र ६३ वर्षसम्म जियको बर्णन—

८ श्रीराजा प्रताप मल्लबाट कांछा छोरा चक्रवर्तीन्द्र मल्ललाइ राज्य दियको बिस्तार—

८ ललितपट्टनका राजा श्रीसिद्धिनर्सिंहबाट ठाउठाउ देवदेवालय बनायाको दान पुण्य होम व्रत इत्यादि गरेको र पुत्रपौत्रादि राजा योगनरेन्द्र मल्लसम्मको किर्ति राषेको र अरूअरूसमेत्को वंशावली—

८ श्रीराजा प्रताप मल्लका पर्य्यायमा श्रीदक्षिणकाली इत्यादिले स्वप्न देषायाको षोडश प्रकारका जल-धेनुमा लेषियाका अक्षर पढ्न नसकि जसले इ धन झिक्ला पंचमहापातक् लाग्ला भंन्या बेहोराको र अरूअरू देवता स्थापनादि गरेकोसमेत्—

श्री ५ सर्कारको राजकाजको हुकुम मानौला श्री ५ कांछा बडामहारानीको राजकाजको हुकुम मान्ने छैनौ भंन्या १९०३ सालमा चौतरीयालगायत् गैह्रले सहीछाप गरेको करारनामा—

सम्वत् १८९६ मा सहर पाटनका जातका व्यवस्थाको—

पानि चलन्या नचलन्या जातको सिद्धानंदस्मेत् जवान् २३ ले १८९८ सालमा लेषीदियाको कागज—

२० श्रीजयरणजित् मल्लले निसाफ गर्न्या थिति बाधेको ८८२ नेपाली सम्बत्मा भयाको—

२० श्री ५ राजा जयस्थिति मल्लले गमन नगर्नु पानी नषानु भनी थिति गन्यामा पछि गमन् गर्न र पानी षान चल्याका जात्—

२० साल १९०१ मा श्री ५ बाट पानी नचलन्या जातको तजबिज भयाको—

२० श्रीजयस्थिति मल्लको थितिको नीलग्रीवाणका छोराले चढायाको ४४४ नेपाली सम्वत्को—

२० नेपाली संवत् ७९५ मा ३ राजा बसि जुठो सुतक बार्न्या बंदेजको विषयमा गन्याको कागज—

६१ ज्येष्ठ ११।२

८ श्रीहेमनारायणदेषी श्री ५ राजेन्द्रबिक्रं साहका पालासम्म राज्य गरेको वर्षको र ठाउठाउ लडाञी गर्न गयाको लडाञी सर भै प्रवेश गन्याको मिति वारस्मेतको वंशावली—

११ अलौपर्वमा काटिन्या भागन्याहरूको नामनामासिको फिरिस्त—

चौ. फत्यजङ्ग साहलाई मार्न्या श्री ३ जंङ्गबहादुर भीमा आले रामु आलेहरू हुन् भनी श्री ५ कांछा बडामहारानीबाट श्री ५ राजेन्द्रविक्रं साहका हजुर्मा बिन्ती पार्दा श्री ५ बाट हस्ताक्षरको श्री ३ जङ्गबहादुरलाइ लेषीबक्सेको भडारषालपर्व—

श्री ५ राजेन्द्रविक्रम साहका हजुर्मा विजयराज गुरुज्यूले नेपालमा पावलागीबक्सनुहोस् यसो गरीबक्स्या मात्र हजुरको बंन्याछ भंन्या र श्री ३ जङ्गबहादुरले सारा कामकाज हुकुमैबमोजीं गन्याका छं भंन्या इत्यादी अरूअरू विषयसमेत्को १९०४ सालको बिन्तीपत्रहरू—

११ कोतपर्व्वमा फलानालाइ फलानाले मान्यो भंने श्री ५ राजेन्द्रविक्रं साहका बाहुलीको हस्ताक्षर—

श्री ५ राजेन्द्रविक्रं साहबाट श्री ३ जंङ्गबहादुरलाइ सह्लानी गरी शाके १७८४ मा लेषीबक्सेको—

उजिरसिं थापाका पालामा लडाञी गर्न्याहरूका नाउनमेसि ढड्डा—

८ श्री ५ कांछा बडामहारानीबाट अंग्रेजसर्कारमा रहेको मेरो र साहेबज्यूहरूको अंस मेरो जिम्मामा दिनु भनी लेषी पठाइदिनु भनी १९०८ सालमा श्री ३ जंङ्गबहादुरलाइ बनारसबाट लेषीबक्सेको—

चौ. बम साह किल्ला कांङडामा थपनु—.

१९ अंग्रेजको पल्टंमा मिलिटरी काम सिक्न जादा जेनरल बबरजङ राणाबाट लेष्याको चिठीहरू—

१९ पाल्पामा रेविलसंग १६ साल्मा लडाञी भयाको विषयको—

१४ हामिलाइ कर तिर्ने बाइसे चौबिसे राजारजौटाहरूको आम्दानीस्मेतको नामनामासि र महाकालीपश्चीं किल्लाकाङडासम्मका छुटेका राज्य २० को राजा रजौटाहरूका नामनामासिस्मेत ज्मा राज्य ८७ को फिरीस्त—

१९ अंग्रेजको र नवाफको जगाजगामा राषेको फौज तोप घोडा बयल इत्यादीको करौलि पहलमानसिं बस्न्यात्ले चढायाको फिरीस्त—

१४ भडौली मण्डलाका गुमतीका टिप्पामा लडाञी भयाको श्रीकालीप्रसाद पल्टंका लडाञीमा घाइट्या भयाको र मऱ्याकाको नामनामासिको कप्तान् भक्तवीर थापाले पठायाको फिरीस्त—

८ १८७१ सालमा ज्येष्ठसुदी ११ रोज १ मा अंग्रेजका मानिस् काटी हाम्रा मानीसले ल्यायाको हातहतीयारको फिरीस्त—

५ अंग्रेजी फारसि अक्षरको चिठीपत्रहरू—

१४ पूर्वपश्चिम गौडागौडामा रहेको पल्टं कंपनी गैह्रको १९०२ साल्को फिरीस्त

१४ नेपाल हांन आउदा आउने भरभारादारको नामनामासि र ठाउठाउ लडाञी सर गरेको मिति वारस्मेतको फर्द—

२३ श्रीराजा युधिष्ठिरदेषी बादसाह आलंसाहसम्मका राजाहरूले राज्य गरेको वर्ष मास् दिन षोलियाको र सत्य त्रेता द्वापर कलीयुग ४ को प्रमाणस्मेत भयाको फिरीस्त श्रीपंडीतराज रंगनाथले पठायाको— १

५ हिन्दुस्थानका सहर फलाना ठाउदेषी फलाना ठाउसम्म यती कोस छ भंन्या कोसवर्णनको फिरीस्त—

१६ साल ९६ मा अंग्रेजसर्कारसंगको अहदनामाको चिठीपत्र—

१४ पाल्पा तान्सेंका सबुज पल्टंको जंङ्गी विषय षजानालगायत् तानाबानास्मेत्को फीरीस्त—

१४ १२ सालका लडाञीमा घा[इ]ट्या हुन्या र मर्न्या मानीसको फिरीस्त—

१६ सिंधुलीमा अंग्रेजसंग १८२४ साल्मा लडाञी हुदा फत्य भयाको र १८४८ सालमा सलतनत् भयाका अरू विषयको स्मेत्को मुठा—

१ साल ७२ मा अंग्रेजको र नेपालको लडाञी भयाको मुद्दामा ल्हासाका अम्बाहरूले मद्दत हुदैन मिलिजुलि काम गर्नु भंने लेषेको—

१७ हड्सन्साहेबले नेपालका वकिल भने हिन्दुस्थान जाहा गया पनी रोकटोक् छैन हामीलाइ भने रोकटोक गर्दछन् भंने सर्कारमा इतलाज दियेको—

१४ सं १९०४ सालमा अलौपर्वमा काटिने र घाइत्या भयाकाको फिरीस्त—

३ दलमुषी भै किल्लाकाङडा हांन्न जादाको ६१ सालदेषी ७२ सालसम्मको पुरा बयान्—
स्वप्नफलको बयान्को कागज—

श्री ५ राजेन्द्रविक्रं साहबाट अघी हाम्रा श्री ५ ज्येठा महारानीका सल्लाहले राजकाज भयाको मञकुर पर्लोक भयाको हुनाले अब श्रीश्रीकांछा महारानीका सरसल्लाहबमोजिम हुनेछ भंने अंग्रेजलाइ लेषी गयाको याददास्तको नकल—

१७ अंग्रेजसर्कारलाइ मांन्या हीन्दुस्थानका राजारजौटाहरूकहाँ गुप्ती पुलीस पठाउनाले र अरूअरू पनी सन्तनत्को बर्षीलाप्को कांकाजस्मेत् गर्नाले हामी २ सर्कारको दोस्ती षलल हुनेछ भंन्या बेहोराको १८३९ सन्को अंग्रेजी षलिताहरूको तर्जुमा—

१४ पल्टंका पगरी गैह्र लाजिमाहरूको षेत्पुवाका—

१७ हिन्दुस्थानमा रह्याका हाम्रा जासुसिको घरको कागतपत्र अंग्रेजले लुटि लग्यो भंने षबर—

१७ नेपालसर्कारबाट सारा हिन्दुस्थानका राजारजौटाहरूलाइ षलिता पठाउछन् जासुस पनि ठाउठाउको षबर पठाउदछन् हरेक कुरामा निउ पनि षोज्दछन् भनी लाठसाहेबले लडाञीलाइ तैंयारि गरेको छन् भंन्ने र अरूअरू बेहोरास्मेत्को १९९५ सालको जमादार मन्नुसिङ मेजर रघुविरको सिमलाबाट पठायाको अर्जि—

ऐं बेहोराको १८९५ सालको याददास्त—

९५ सालमा अंग्रेजसित गुप्ती पुलिसलगायत् बावत्‌मा अंग्रेजसीत षड्‌बड् परेको चीठीपत्रहरू—

२० श्री ५ रणबहादुर साहबाट थितिबंदेज भयाको तामापत्रनकल—

२ श्री ५ रणबहादुर साहबाट श्री ५ गीर्वाणयुद्धविक्रं साहलाइ गादि बक्सी अदलस्मेत लेषीबक्सेको १८५५ सालको तामापत्रनक्कल—

२ भीम्सेन थापाले ९६ सालमा अपहत्या गरी मरेको ल्हासाका अम्बालाइ लेषी गयाको—

१४ कंपनीसर्कारले १८१३ सन्‌मा हाम्रो मुलूकमा चढाइ गर्दा पठायाको फौज अफिसर तोपको फिरीस्त—

८ श्री ५ द्रव्य साहबाट भरभारादारहरू साथ ली लडाञी गरी घले राजालाइ मारी उपल्लोकोट् अम्बल भयाको बिस्तारको—

८ श्रीनिवास मल्ल राजाले बाबा श्रीसिद्धिनरसिं मल्लका नाउबाट नेपाली सम्वत् ७७४ मा कुम्भेश्वरका देवालय ५ तले पोषरी बनायाको भंन्ने—

८ श्री ५ पृथ्वीनारायेण साह १६९६ साल माघेसंक्रान्तीका दिन सोर्गे भयाको भन्ये—

८ श्री ५ प्रीथ्वीपती साहका पालामा सल्ल्याना अम्बल गरेको बिस्तारको—

८ श्री ५ द्रव्य साहबाट घले राजालाइ मारी लिग्लिग्कोट सर गरीबक्सेको—

८ श्री ५ राम साहबाट गादिको तिलक लायाको बिस्तारको—

८ श्री ५ छत्र साहका पालामा सिङजुंका लडाञी जिती अम्बल गरी चागे र सुर्वान् दुवैलाइ पक्री

ल्यायाको बिस्तारको—

८ श्री ५ राम साहबाट पट्टा छुरिको हात ईत्यादि ईलम् सिकिबक्सेको र लिग्लिग्स्मेत् ज्मा थुम ७ आफ्नु कबुजमा राषी परपजनी गरी थितिबन्देज बाधिबक्सेको—

८ श्री ५ द्रव्य साहदेषी श्री ५ गीर्वाणयुद्धवीक्रम साहसम्मको र श्रीजनरल भीम्सेन् थापाको वर्णन औ श्री ५ रणबहादुर साहका कांछा बडामहारानी श्री ५ ललीतत्रीपुरसुंदरीदेवीबाट स्वामीज्यूको उधार-निमित्त शाके १७३२ सम्वत् १८६७ सालमा श्रीवाग्मतीको पुल १३५३ हात लम्बाको बनाइ सुवर्णका सिहको ध्वोजस्तंम्भले सहीत गरी गुठीस्मेत राषीबक्सेको र सो पुल बनाउने कांमा षटीयाका अफीसरहरूको नाउनमेसीस्मेत षोलीयाको इत्यादी बेहोराको—

८ श्री ५ नरभूपाल साहका माहीला महारानीबाट स्वपनामा सुर्य्य आफैले नील्याको देषनुभयाको र ७ मैह्नामा श्री ५ पृथ्वीनारायण साह पैदा भैबक्सनुभयाको फर्द—

शाके १६६६ सालमा श्रीगोरषनाथको दर्सन गर्न पावलागीबक्सदा योगी भेटीदा योगीले तीम्रो फत्ये छ भनी भनेको स्मेत् ईत्यादीको—

८ काठमाडौका राजा महिन्द्रसींले मकवानपुर हान्न पठाउदा लडाञी हारेको र महिन्द्रसि सोर्गे भयापछि गादिमा बस्ने नपाउदा भानिज पर्ने जगजयेलाई राजा थापना गरेको बयान् र जयेप्रकास मल्लले गादि पायाको स्मेत् वृत्तान्तको—

नेपालमा १८७५ साल चैत्र मैह्नादेषी उपरतली हैजा सितरस् भंन्या रोग आरंभ भयाको भंन्या र १६७६ सालदेषी १९१३ सालसम्म सो रोगले मानीस साल्सालमा मऱ्याको यती यती भंन्यास्मेत् षोलीयाको कप्तान् करबीर षत्रीमार्फत् अंग्रेजका बडासाहेबलाई लेषी गयाको फिरीस्तको नकल—

श्री ५ सिहप्रतापका पालामा सुम्भेश्वर पाल्पा कवीलासपुर हान्न जान्या सर्दार रामकृष्ण कुवरस्मेत ईत्यादी भारादारहरूका नाउनमेसीको लेषीयको र कबिलासपुर लियको मितीस्मेतको—

८ श्री ५ पृथ्वीनारायण साहका पालामा सिवपुरी साके १६९१ मा सर भयाको र लडाञीमा पर्न्या र पुरुषार्थ गर्न्यास्मेत्को नाम्नामासि लेषीयाको र पलांचोक् हान्न जादा जान्या भारादार रामकृष्ण कुवरहरू ईत्यादीका नाउनमेसि र पराक्रम गरेको सर भयाको स्मेत् र साके १६८१ मा काभ्रचा र १६८३ सालमा चौकोट अम्बल गरेको भंने—

८ श्री ५ साहेबज्यू सिहप्रताप साहबाट बंन्दीपुर हान्न गयाको बीस्तार—

८ श्री ५ सिंहप्रताप साहबाट काठमाडौका गादिमा राजगरीबक्सनुभयाको र फागु इन्द्रजात्रामा बहुतै सोष मानिबक्सनुहुंन्छ भंन्या—

३ सम्वत् १८६७ सालमा किल्लाकाङडातर्फ जान्या भारादार अफिसर पगरिहरूका पट्टीषट्टीका पलेट् लाजिमा हुद्दा ज्मादार गैह्लको नामनमेसिको हाजिरीहरू—

२० भोट्सर्कारबाट धेरै वर्षदेषि नेपालसर्कारका रैयतलाइ बीजाईबीदुत् बारंबार गर्दा गोर्षासरकार-को र भोटसर्कारको लडाञी भयाको हो पछि भोट्सर्कारबाट हामी सलुक् गर्छौं लड्न सक्तौन लाष लामाले जये मनाउंछौं भंदा गोर्षाभोट्सर्कार दुवैतर्फका भारादार राषी १९१२ सालमा भयाको १० मुद्दाको मीलापत्रमा हामीबाट पनि मजुर गरीबक्स्यौ भनी १९१३ साल्मा श्री ५ सुरेन्द्रवीक्रम

साहबाट गरीबक्सेको नेकिनामको मीलापत्रको लालमोहर गरिबक्सेको—

१ मामुली लि चीन जादा गर्नुपर्ने काजकाम् रित दस्तुरका बेहोराको काजि रणजोर थापाले चह्रायाको—

१ १८७४ सालमा काजि रणजोर थापा पैचीन जादा श्रीगुह्येश्वरीदेषि पैचीनसम्मको डेरावास पऱ्याको फिरीस्त —

चंम्पागढीको उचा चौडा चहबच्चाको कैफीयेत्को फिरिष्ट—

२० श्री ५ गीर्वाणयुद्धवीक्रम् साहसित कुल्लुका राजा वीरवीक्रम्‌सिले गऱ्याका गोर्षामाथि हंगमा भयो भने कुल्लुले मद्दत् दिनु कुल्लुमाथी हंगमा भयो भने गोर्षाले मद्दत् दीनु कुल्लु कायम गरेपछि साल ७२ देषी बादसाही कौडी गोर्षालाइ कुल्लुले दिउला भंन्ने दोहोरा धर्मपत्रका नक्कल मुहुडाबाट काजि अमरसींह थापाले पठायाको—

२० श्री ५ रणबहादुर साहबाट हाम्रो देस् नेपाल्‌मा कोठी थापी बेपार गर्नु बेनीसाफमा तम्रो धंन् बलात्कारले जफद गर्ने र ज्यूमा दगास्मेत् गर्ने छैन भंन्या १८४७ सालमा कास्मीरी मल्लका नाउमा गरीबक्सेको धर्मपत्रको नकल—

१९०७ सालमा श्री ३ जङ्गबहादुरबाट मणिकर्णिकामा स्नान गर्न सवारी हुदा अंग्रेजी गारदले बढाई गरे १९ तोपका सलामी गऱ्या चप्रासी ठाना गैह्र हाजीर भया फलानाफलानालाई यति येती बक्स भयो श्री ३ को तमाम् दुनीयाले तारीफ गऱ्या भंन्या ईत्यादी बेहोराको श्रीगुरुज्यू विजयराज पण्डितज्यूबाट श्रीकम्यांडरइनचीफ बम्बहादुरलाइ लेषी आयाको—

श्रीबन्द्रि केदार दर्सन गर्न जानालाइ साहेबवान् १ साथ लाईदिया बेस होला भनी बडासाहेबसित ईतलाये गरी जवाफ लेषी पठाउनु भंन्या ईत्यादी १९०२ (?) सालमा श्री ३ जंङ्गबहादुरबाट कम्यांडरइनचीफ जनरल बम्बहादुर कुवर राणाजीका नाउमा लेषीबक्सेको—

३ श्रीमोढ राज्येका किल्ला गड् मुलुक सबै अम्बल् भयो कम्पनीका १०।१० ताल् षटाई बढाइ गऱ्यौं भंन्या ईत्यादी १८६६ सालमा श्रीमोढको वैराजगढबाट वीरभद्र कवरले पठायाको अर्जि—

१९ राजा मानसिङ आई श्री ३ का हजुरमा मुलाकाद गर्न आयो भंन्या र लषनौतर्फ लडाजी भयाको वृत्तांन्त र अंग्रेजको कम्यांडरइनचीफ आई श्री ३ का हजुरमा मुलाकाद गरेको पुरा वृत्तान्तको हाल १९१४ सालमा दिलकुस्‌बाग्‌बाट षरीदार धीर्जनरसींले श्रीकम्यांडरइनचीफ बम्बहादुरका हजुरमा चढाई पठायाको अर्जि—

१९ हाम्रा सीबानाभीत्र आयाका रेबीलका फौज हाती घोडास्मेत्को तेरीज १९१६ सालमा ठाडागढीबाट सिधीमानसि राजभंडारीले चढाईपठायाको—

२१ श्री ५ को गाथ जोगाई अरू भगुवाहरूलाई मारेको फाट् लेषीबक्सेको देषदा बहुत् हर्ष भयो भंन्या श्री ३ जंङ्गबहादुरका हजुरमा १९०४ सालमा पालपाबाट कृष्णबहादुर कुवरले चढाई पठायाको—

२२ फागुणभरमा अंग्रेजले पश्चीमतर्फ कोहि जगा अम्बल गर्नेछ भंने १८९९ साल फागुनवदी ५ मा श्री ५ बाट भवीष्य कुरा हुकुंम् भयाको र फागुनवदी ६ मा सिन्द हैदराबाद अम्बल गऱ्यो भंन्या—

१४ सम्वत् १८५२ सालदेषि १८९३ सालतकमा अंग्रेजहरूलाई ९२ सालमा माथवरसिं थापा जादा लि

गयाको स्मेत सौगाद गयाको हाति हत्यानी गैडाहरूको फिरिस्त—

मार्ग ७।२

८ श्री ५ नरभूपाल शाहबाट २४ पुरश्चरणको संकल्प गरी गोरषनाथका मंदीरमा ११ श्रीमाइका मंदिरमा १२ पुरश्चरण भैसकेपछि ६।८ वर्षकी कंन्या १ र १०।८ वर्षको स्फटिक्को दर्शन लगायाको योगीबाट उठ् उठ् नरभूपाल भन्ने आज्ञच हुदा श्री ५ नरभूपालबाट लट्ठी उज्याउन लागिबक्सदा कंन्या योगी अलप हुनुभयो पछि श्री ५ नरभूपाल शाह बहुलाइबक्सदा श्री ५ पृथ्वीनारायण शाहका मुमा श्री ५ महारानीबाट ७ दिनसम्म अन्न जल त्याग गरी जप गरीबक्सदा श्रीमाइबाट दर्शन बक्सी तीम्रा राजाले लट्ठी उज्याउदा विछिप्त भयाको हो अब बीशासय बलिदान् र रोट् चढाउ नीको हुन्छ भंन्ने आज्ञच भयेछ भन्या वृत्तान्तको—

श्री ५ नरहरि शाहले आफ्ना भाइ श्री ५ द्रव्य शाहलाई तिमि सर्दार पो हौ सर्दा[र]ले लियाको मुलुक् राजाको हुन्छ राज्य छाडिदे भनी दुइ भाइको तक्रार हुदा श्री ५ मुमामहारानीबाट तिमी दुवै भाइका मुलुक्को साध मेरा दुइ दुदको धारा भयो भनी आफ्नु दुद दुही च्येप्यामा बगाइ चेप्यापार श्री ५ नरहरि शाहलाइ चेप्यावार श्री ५ द्रव्य शाहलाइ गरी बन्देज बाधीदिनुभयाको र श्री ५ द्रव्य शाहका पालामा सिह्लान्चोक्याहरूसीत सल्लाह हुदा नमिली सीह्लानचोक्याहरूलाइ मारी सिह्लानचोक अम्बल भयेको औ श्री ५ नरहरि शाहबाट श्री ५ बुबाज्यूको श्राद्ध हामी २ भाइ भै गरौला आउनु भनी लेषी पठाउदा श्री ५ द्रव्य शाहबाट श्राद्ध गर्न पाउलागिबक्सनु भै २ भाइबाट श्राद्ध गरीसके-पछी भान्सा हुन्या बषत्मा दगा गर्न आटेको बुझी दीसाको निहु पारी चेप्या तरी र्हामिको बाटो गरी पाउलाग्नुभयो भंन्या वृत्तान्तको—

८ द्रव्य शाहलाइ चमकाउनु मात्र भयो इनलाइ पछेटा ली पक्रौं भनी गुरुंथोकसम्म श्री ५ नरहरि शाह पुग्दा श्री ५ द्रव्य शाहबाट आफ्ना फौज लडाञी गर्न पठाउदा हटाइ चेप्या पार गरायापछी श्री ५ द्रव्य शाहबाट श्री ५ मुमाज्यूबाट गर्नुभयाको थिति नाघी धर्म फाल्नभयो अब धर्म्मदेषी फरागत् भयो भनी श्री ५ नरहरि साहलाइ लेषीपठाउदा रिसाइ फेरी आफ्ना फौज पठाइ लीग्लिग्मा लडाञी हुदा गोर्षालीले हटायाको र ११ वर्षसम्म राज्य गरी श्री ५ द्रव्य शाह स्वर्ग भयाको वृत्तान्त—

८ श्री ५ यशोब्रह्म शाहका रानीबाट श्री ५ नरहरी साह श्रीदवै शाहहरूलाइ मुलुक् बन्दा गरीदियाको र गोर्षाका गणेश पाडेले गोर्षामा निच जाती षड्का राजा भयाका छन् हजुरबाट राज्य गर्ने उद्योग्मा लाग्नुहवस् पैह्ले लिग्लिग् हात गरेपछी गोर्षा लीनालाइ बल् पुग्छ भन्ने सल्लाह गरी फौज पठाइ लडाञी गरी लिग्लिग् अम्बल गऱ्यापछी गोर्षाका षड्कासित लडाञी गर्न पठाउदा ढेरै पटक औसर नपरी फर्की आयाको हुदा श्री ५ द्रव्य शाह आफै पावलागिबक्सनुभयो भंन्या इत्यादीको—

८ श्री ५ राम शाहबाट थितिबंदेज बाधीबक्सेको र राज्य गरीबक्सदाको वर्णन् औ स्वप्नामा श्रीगोरक्ष-नाथबाट तीम्रो राज्यभोग सकियो अब धर्म्म गर्नु भंन्या स्वप्ना हुदा श्रीसाहेबज्यू डम्बर शाहलाइ उपदेश बक्सी आफु श्री ५ बाट धर्म्मकर्म्ममा लागि अन्तेमा गङ्गास्नान् गरी अब मेरो कलेवर फेर्ने बषत भयो भनी रामरक्ष्याकवच पाठ गरी ब्रह्माण्डभेदन् गरी प्राणत्याग गरीबक्सेको र श्री ५ महारानी सहगामि भै चितामा राज गरि पुत्र डम्बर शाहलाइ सिन्दुरको टीका बक्सी राजाले गर्ने नगर्ने ईत्यादी बंधान्को अर्ती उपदेश बक्सेको र साहेबज्यूबाट गादीमा राज गरीबक्सनुभयो भंन्या इत्यादीको—

२० पुरोहितलाइबावत्को थितिको—

२० बोक्सीबावत्को थितिको—

२० ढुंगो छुवाइ न्याय गर्ने थितिको—

८ श्री ५ पृथ्वीनारायण शाहका पालामा सुम्भेश्वर हान्न जादाको वर्णन्को दोहाको—

१४ १९०८ सालमा कमारा कमारी अमलेष भै गयाको र आजापुत्रका सन्तान् फिर्ता भयाको जमा जमां ९४७ को फाट्वारी फिरीस्त—

ब्रह्माका मुलूकमा पुगी हेरी बुझी गर्नुपर्ने कामको ९ मुद्दाको सबाल र दोस्तीको अहदनामा गर्न्या मसौदासमेत्को—

८ गोर्षाका फौजका अगाडी बाहुमा षड्ग चलायेकी कंन्या १ र स्फटिक्का दर्शन् लगायाको गेरु वस्त्र पर्ह्रेका योगी १ अघाडी लाग्दा फौजको सूर बढी वैरी हटाइ मर्स्यांदीपार गरायाको लकाङलडाञी-को बिस्तारको —

८ श्री ५ पुरन्दर शाहका पालामा गोर्षाको र लमजुङको लडाञी भयाको बिस्तारको—

८ श्री ५ रणबहादुर शाहका पालामा लमजुङ हान्न जादा जान्या भारा अफीसरहरूका नाम्नमेसी र श्रीनाथ सबुज कंपनी ली गै लडाञी भयाको र लडाञीमा पर्न्या अफिसरका नाम र तह्री नुवाकोट् ठाउठाउ लडाञी भयाको बीस्तारको—

८ श्री ५ पृथ्वीनारायणबाट हर्ष मिश्रलाइ बनारस (बाट) झिकाइ गुरु तुल्याइबक्सनुभयाको र मकवानपुरे राजाकी छोरी विवाह गरीबक्सेको र पछी तकार भयाको औ नुवाकोट हान्न पठाइबक्सदा मौका नपरी हटी आयाको काशिमा सवारी भै मैले नेपाल मार्न...

कार्त्ती २९।१

१४ तिमिले तोप गोला नलागने ठाउमा जानु नगिच गया मेरा गाथको हत्या लाग्ला भंन्या १९१४ सालमा श्री ५ सुरेन्द्रविक्रम शाहबाट श्री ३ जङ्गबहादुरलाइ लेषीबक्सेको बाहुलीको हस्ताक्षरको—

१० तरिका सिमानाबावत्मा रजंट गबरनर गारनसित कुरा भयाको १८७२ सालमा बैतडीबाट बम् शाहले लेषेको अर्जी—

२ भाइ जनरल धीरशम्सेर जङ्ग कुवर राणाजीले २ पल्टन् ली लिस्तीतर्फ गयाका छोस्याङ पुग्दा टिंगीरीबाट अफीसर रुपन्ले भोटे सिपाही ५००० को फौज ली ७ मुष गरी लड्न आयेछ र हाम्रा फौजले ५ मुष गरी फयेर गराइ लडाञी गरी कुती अम्बल् गर्याछन् षुसीनामाको २१ तोपको सलामी दीन्या काम गर्न्यू ताहा पनी बढाइ गर्नु भंन्या लेषीबक्सेमुताबिक् बढाइ गराउन्या काम् गर्यां भंन्या सिलगढीबाट १९१२ सालमा कनकसीगहरूले श्री ३ जङ्गबहादुरका हजुर्मा लेषेको—

११ हामिलाइ दगा गर्ने जालसाजमा लाग्याका काजी मेघगंभीर बस्न्यात्लाइ नाकमा गोदना गरी जन्म-भरको कयद तारा पर्दार मुडीयो ददा गोठु राना ज्मादार सुरबीर षतृसमेत् जना ५ काटीया अरूको पनी तलास् हुदैछ भंने शत्रुक्षेदन गरी लेष्नुभयाको देष्दा बहुत हर्ष लाग्यो भंन्या १९०५ सालमा धनकुटाबाट श्रीकर्णेल कृष्णधोज कुवर राणाजीबाट श्री ३ जङ्गबहादुरका हजुर्मा लेषेको—

११ काला पाडेहरूले ९४ सालमा नभयाको चुकली गरी भीम्सेन थापाको ज्यूस्मेत् मराया आज छोटाबडा

सबै हनुमानढोकामा राषी जनरल माधवरसिंह थापाको र करवीर पाडे कुलराज पाडेहरूसङ्ग रोबकार हुदा थापाहरूको चूक केही ठहरेन जनरल भीम्सेन थापाले हाम्रो षैरषाही गऱ्याकै रहेछ पाडेहरूले चुकली गर्न जानेनौ भनी कायलनामा लेषी चढाया नीज पाडेहरूको घरषेत थुनीयाको छ नीजहरूको धनमाल् केही जान नपावस् गौडा मजबूती गर्नु भंन्या हुकुमका लालमोहर बक्सी आया-मुताबीक् बाट्घाट्मा उर्दी गौडामा चौकीसमेत् राषन्या काम् गऱ्यां भंन्या १९०० सालको उदैपुर-गढीबाट बलभद्रज्यूको अर्जी—

१४ सम्वत् १८९३ सालमा जीन्सी अनाजहरूको बजारका दरभाउ जाचको कागज—

२० तेरा बाबा दामोदर पाडे दाज्यू रणकेशर पाडेको र तेरा किनुवा बीर्तासमेत् सर्वश्व भयाको मध्यस् पहाडको बीर्ता घरबारी बेष बक्स फोइबक्स्यौ भंन्या तपसील्वार भयाको १८९५ सालको काजी रणजङ्ग पाडेका नाउमा भयाको लालमोहरको नकल—

२० राजा [त्रि]विक्रम सेनले लमजुङ कास्की दरोबस्त श्री ५ पृथ्वीनारायण शाहलाइ चढाया त्यो जग्गा मार्न पस्या पाप् थाम्या पुण्य गोर्षाले तह्नौंसङ्ग षा राषंजीसम्म भंन्ने १८२० सालको दोहरा धर्म्मपत्रको नकल्—

२० श्री ५ बुबाज्यू श्री ५ दाज्यैज्यू श्री ५ कांछा मुमाज्यूहरूबाट राजकाज मिलि गर्नुहुदासम्म हुकुम्का थितीमा लाग्छौ गादीको दैया गर्ने छैन भंन्या श्री ५ माहीला साहेबज्यू उपेन्द्रविक्रम शाह र रानी-समेत्को धर्म्मपत्रको साल मिती नभयेको नक्कल—

२० गोर्षा र सिरमोढका सिमाना गङ्गाजी भयो गोर्षाका अम्बलभित्र लालच गर्न्या छैन गोर्षाका शत्रुलाइ शत्रु मित्रलाइ मित्रै थानुला यस धर्म्ममा रहीन भन्या देवताको कुद्रीष्टी हवस् भन्ने १८४९ सालमा श्रीमोड्का राजा जगत्प्रकाशले श्री ५ रणबहादुर शाहका हजुर्मा चढायाको धर्म्मपत्रको नक्कल्—

१२ सयेको बादर ताहाका सबारी फिर्दा ल्याइदिनु भंने र जनरलहरूले रितदस्तुरमा नरहेपछी हामीबाट मिलाप गरीबक्सी पुग्दैन भंन्या ईत्यादी बेहोराको श्री ५ सुरेन्द्रविक्रम शाहबाट श्री ३ जङ्गबहादुरका नाउमा गरीबक्सेको पंजाको लालमोहर—

२ लडाञी भयाको जगामा दुसमनको मानीसले सेतो ध्वजा ली भोटे अक्षरमा लेषीयाको १ चिठी गाडी गयेछ र चीठी षोली हेर्दा दुवैतर्फका मानीस् जषम् भयाको तीमीलाइ थाहै छ अब षा बंदोबस्त हुन्छ भन्या ताहाको जबाफ ली आउनु भनी देवाधर्म्माका लामालाइ लेषेको रहेछ हजुरबाट पठाइबक्सेको षाबंदोबस्त गर्न्या कागज नीज लामालाइ पठाउंला भंन्या बेहोराको १९१२ सालमा कुकुरघाटीबाट श्री ज. जगत्शम्सेर जङ्ग कुवर राणाजीबाट श्री ३ लाइ लेषेको—

२ कुतीका षासादेषी उधो बोगचेत्मा वर्सेन्दी घासको मोल मोहर २४ गोर्षालाइ दिन्या ठेगाना भयो गोर्षाको जमिन्मा भोटेले र भोट्का जमिन्मा गोर्षाले जनावर राषी चढाया अघीका दस्तुरबमोजीम घासको मोल लिनु दिनु नजा रीत बिगारि जो झगडा गराउला उसलाइ तम्बी गर्नु भंन्या १८५३ सालमा कुतीका ढेवा २ र हाम्रा तर्फ काजी नरसिङ्गहरू बसी बंदोबस्त गरी सहीछाप गऱ्याको कागजको नकल्—

आश्विन ५ गते २ मा

१४ १८९१ साल्को जीन्सी माल्को दरभाउको कागत—

१४ भद्रकालिका स्थानमा माहामारीसान्तिलाई चाहीन्या मालको फाट् १८९१ सालको कागत—
बेलायतबाट श्री ३ जङ्गबहादुरको सवारी फीरीबक्सी २५ सये जवान्समेत् आरामसाथ कलकत्ता पुगीबक्सनुभयो कम्पनिका पल्टन्मा पनि १९ तोप्को सलामी दीनु भन्न्या प्रमानगी आयाको रहेछ र बीलायेत्बाट फीऱ्यादेषी जाहाज्को मजूरी खानाषर्च रोजीन्दा १५० रूपैंञा सर्कार कम्पनीबाट दीयाको छ जग्गाजग्गाको बादसाहबाट साहेब्लाई षातिर सन्मान् भयाको बिस्तार लेषी पुग्दैन कुइन वीक्तोडिया आफै नाची देषाया कुइन वीक्तोडीयाका लोग्ने कर्णल्ले इस्काट्लयेण्डमा आफ्ना पल्टन्मा सामेल भै सलामी गऱ्या प्यारीस्का बादसाहले हात् समाती सेक्ह्येण्ड गरी बोनेपाट्का गादीमा साहेबलाइ बसायो ३ धाम्मा ५।५ हजार सङ्कल्प गरी राषनुभयो भन्या इत्यादी वृत्तान्त कल्कत्ताबाट अमीन् सुब्बा सीद्धिमान्सीङ राजभंडारीले १९०७ साल्मा श्रीकम्याण्डरइन्चीफ ज. बम्बहादुर कुवर राणाजीका हजूरमा लेषेको अर्जी—

२० पृथ्वीपती राजाबाट शिवहरी जैसीलाई १७५६ साल्मा गरीबक्सेको लाल्मोहर—
आश्वीण ५।३

२ १९२० सालमा जमादार क्षवान् षजांची मिमाधुंजुहरूहस्ते गयाको मै सराजामसमेत्को तोप् ९ जङ्गा गोला गीराफ् कार्तोस् बारुद र अरू सराजामको फाट्वारी औ १९२५ सालमा फीर्ता भै आयाको र बाँकीसमेत्को कच्चावारी फिरिस्त कप्तान् वीर्बहादुर बस्न्यात्ले चढायाको रपोट्—

२ भोटका लडाञीमा लुटी ल्यायाका हातहतीयार भाडावर्त्तन लुगाफाटो र मर्न्याको समेत् फिरीस्त—

१७ रामनगरका राजाले श्री ३ जङ्गबहादुरका हजुर्मा कटुवा भगुवाहरू पछि लागे भन्या तोपमा उडाइ-बक्सीयेला भनी १९०४ साल्मा पिछा परी लेषेको अर्जी—

९ अम्बरसिङ थापाको छोरा भूपाल थापालाइ रणजीतसिङले मैह्ना १ को ५०० र अर्जुन थापालाइ रोजको ८ का दर्ले दर्माहा दि फ्रासेसका अफिसरहरूसित कवायत सिक्न पठायाका छन् भन्ने षबरहरू र नीज भूपाल थापाको १८८८ सालका दुःखदर्दको अर्जीहरू—

२ अम्बाले पठायाको ताल्वे र भोटे भारादारहरूले भोटेहरूले गरेको ९।९ कलम्को बिगो र दंड गरी १५ हज्जार चांदिका टाक पठाइदियाको छु भन्ने चिठी ली आउदा ५७ सालमा भयाका थितिका लाल-मोहरभंदा बढ्ता लियाको ६४ वर्षको ब्याजसमेत र लडाञीको षर्च भयाको गरी अढाइ करवर रुपैञा हुंन्छ तेसमा अरू सबै माया मारी घा गर्छौं भन्या कि त टेक्याको जमीन कि नब्ये लाष हामि-लाइ दिने बंदोबस्त गर्न सकदछौ भन्या घा गर्दछौ भनी भंदा ५० हज्जार टाकभन्दा बढ्ता हामि आंटि काम् गर्न सकदैनौ भन्या र ८० लाषभंदा कम्मा होइसकदैन भंदा अम्बासङ्ग साधनपर्छ भनी गये भंन्ने र च्युगुम्बाको थान् भत्काइ सुन्षानी षन्ने काम् नगर भंन्ने इत्यादी बेहोराको सिक्ष्यार्ती आइपुग्यो हुकुमबमोजीम काम गर्नेछु भंन्ने श्रीमे. जनरल कृष्णध्वज कुवर राणाजीबाट श्री ३ जङ्गबहादुरका हजुरमा ताकलाषारबाट चढाइ पठायाको १९१२ सालको अर्जी—
आश्वोण ३ गते रोज १

१४ गोर्षाका जागिरे ढाक्रेहरूका षुंडा बन्दुक धनु षेत् षुवाको १८१९ सालको फिरिस्त—

१४ १८३० सालको षरषजानाको फिरिस्त—

१४ लिग्लिग्मा बीर्ता बकस् पाउनेहरूको नामनामासि र बकस् पायाको फाट्वारी कागज—

११ कोतपर्वको हिन्दि भाषाले लेषिबक्सेको बयान् श्री ५ राजेन्द्रविक्रम शाहबाट लेषीबक्सेको बाहुलीको हस्ताक्षर —

२१ श्रीगुह्यश्वरीका पर्खाल र सतल बनायाको १९२६ सालको मे. कप्तान् युद्धमानसिङ राजभडारीले श्री ३ मैजामहारानीका हजुर्मा लेषेको अर्जी —

११ श्रीदाज्यैज्यू जनरल बषतजङ कुवर राणाका गाथमा तर्वार चलाउन्या पद्मसिङ थापालाइ किल्लामा घुमाइ ठुंडचाइ मारियो भन्ने बावत्को श्रीकम्याण्डरइनचीफ जनरल रणउद्दीपसींह कुवर राणाजी श्री प. कम्पांडीङ जनरल जगतशम्सेर कुवर राणाजीबाट १९२२ सालमा श्रीजनरल धीरशम्सेर जङ्ग राणा बहादुरलाइ लेषिबक्सेको —

१४ सम्वत् १८२९ सालमा छपरामा गुल्टेन् साहेबसित मुलाकाद गर्न जांदा षर्च भयाको फिरीस्त—

११ मुलुकि काम् र देशदेशावरी कामकाजको मुक्त्यारी श्रीगुरु पंडीतराज रङ्गनाथ पंडीतज्यूलाइ बक्स्याको छ जङ्गी कामकाजको मुक्त्यारी काजी दलभंञ्जन पांडे काजी रणजङ पांडेहरूलाइ बक्स्यौं हड्बड् मांनुपर्दैन भन्ने. लालमोहर बक्सी आयाको आइपुग्यो भन्ने र सिहसाहेबले षातिर गरेको र सोधनी भयाको जवाफ दियाको वृत्तान्त १८९४ सालमा अम्बर सहरबाट काजी कालु-सिङ कप्तान करबीर बिष्टहरूले श्री ५ राजेन्द्रविक्रम शाहका हजुर्मा चढाइपठायाको अर्जी—

८ शाके १४८१ सम्वत् १६१६ सालमा गद्दिमा राज गर्न्या श्री ५ [यशो]ब्रह्म शाहदेषी श्री ५ राजेन्द्रविक्रम शाहसम्म राज्य गर्न्या १७ श्री ५ हरूका नामनामासि र राज्यभोगवर्षसमेत षोलीयाको फिरीस्त —

२० मुलुक् आबाद हुन्या गादि अटल् रहने हाम्रा बन्ने कुरामा कसैले पनी आपस्तका रीसरागले कुरा नकाट्नु भन्ने थितिबंदेजको १८९७ सालको लालमोहर—

२० श्री ५ सुरेन्द्रविक्रम शाहबाट १९१६ साल कार्तीकसुदी ४ रोज ५ का दिन गद्दीमा राज भै आम कचहरीमा इस्पीच बक्सेको श्री ३ जङ्गबहादुरले हाम्रा पल्टन् अफीसरहरू लगाइ बृटिस् सर्कारको थोरै बेहत्तरी गर्दा मलाइ सये कोस्को मुलूक् र अफिसर फौजहरूलाइ भत्ता इनाम् दिलाइ आफुलाइ समेत् हिन्दुस्थान्मा कसैले नपायाको ठुलो दर्जा नाइट् ग्रान्ड क्रास् आफ् दि आर्डर आफ् बाथ् भन्ने इलकाब् इङ्लीस्तान्का कुइन् भिक्टोरीयाबाट पाइ कंपनीसर्कारसित मजबुती दोस्ती बांधी हाम्रा इज्जत बढायाको हुदा श्री ३ जङ्गबहादुरलाइ केही जग्गाजमीन् बक्सनेछु इन्का दम् छंज्याल् र इनका शेषपछी इनका भाइछोराबाहेक प्राइम्‌मिनीष्टरी अरू कसैलाइ मेरा दम् छंज्याल् दिन्याछैन भंन्ने इत्यादी बेहोराको —

आश्वीण २।७

१७ श्री ५ जीज्यूबाज्ये पृथ्वीनारायण शाहका नेपालमा उदये भयेदेषी जग बसि परस्पर प्रीतिपूर्व्वक् चलीआयाको बृटीससर्कारसङ्गको दोस्तीमा हामी नाबालक छदा हाम्रा मिनीष्टरहरू कच्चा हुनाले नजानेर हो वा अर्काका कुरा सुनेर हो वा हामी २ सर्कारमा तोड पार्नाको षराब मतलबले हो वा षलल् पर्न जादा मलाइ साह्रै अपसोच छ भन्न्या र काबुलका बादशाह सुजावल मुल्कलाइ काजी दोस्त महमदले निकाल्दा बृटीस सर्कारबाट फौज पठायेको छ भन्ने सुन्दा म दोस्तले पनी अघीको दोस्ती कायम् राषनानिमित्त तपाञीको मद्दतलाइ मेरा सर्दार फौज पठाउने सुर गरेको छु जवाफ

आयेबमोजीम् गर्नेछु भन्ने र आसाम्मा पनी डांकुहरूले तपाञीहरूलाइ दुःख दीरहेछंन् भन्ने सुन्दा डांकुहरू पक्रन सिपालु मानिसहरूलाइ तेस्तर्फ पटाउनाको समेत् मनसुवा राषेको छु तपाञीहरूको जो तजबीज भन्ने इत्यादी बेहोराको श्री ५ राजेन्द्रवीक्रम शाहबाट अङ्ग्रेज सर्कारलाइ लेषी गयाको षलीताको नक्कल्—

२ लामाज्यू चोइ फोपुन्हरूसित भेट्घाट् भयो लडाञी माफुक भयाको रहेनछ भन्ने इत्यादी दिगर्चाबाट सर्व्वजीत पांडे चामु भडारी अजीत षड्काहरूले श्री ५ रणबहादुर शाहका हजुरमा चढाइ पठायेको अर्जी—

८ श्री ५ नरभूपाल शाहका पालामा लामा घले राजालाइ मारी धादिङ सर गरी त्रिशूलगङ्गा सांध लायाको बिस्तारको—

१४ १९२७ सालमा तोपषानामा चोरीयाका मालको फाट्वारी कागज—

३ मोरणी किल्लानेराका लडाञी फत्त्य हुदा दुस्मन्को २१८ परे हाम्रातर्फ १३ जवान् घायल् भये भन्ने १८६७ सालमा सुवाठु काजी अम्बरसिङ थापा काजी रणजीत कवरहरूले श्री ५ गीर्वाणयुद्धविक्रम शाहका हजुरमा चढाइ पठायेको अर्जी—

३ चंपागढ्को लडाञी फत्त्य गरी नालनिसान् प्रवेश गराञी किल्लाको नापो षजाना अन्न पायाको फिरीस्त चढाइपठायाका छौ भंने इत्यादी काजी रणजीत कवरहरूले १८६७ सालमा चंपागढ्बाट श्री ५ गीर्वाणयुद्धवीक्रम शाहका हजुरमा चढाइ पठायेको अर्जी—

३ हंडुरका लडाञी फत्त्य भयाको कृती रानाले १८६७ सालमा काजी रणध्वोज थापालाइ लेषेको—

८ श्री ५ राम शाहका पालाको थितिबंदेज श्री ५ राजेन्द्रविक्रम शाहबाट सच्याइबक्सेको थितीबंदेजको— आश्वीन १ गते ६

२० श्री ५ सुरेन्द्रविक्रम शाहबाट श्री ३ बडामहारानीका नाउमा १९३१ सालमा गरीबक्सेको पञ्जाको लालमोहर—

१४ श्रीबरष् पल्टन्का कोतमा र डडेल्धुरा किल्ला बाधनी गढी तिपागढीमा रह्याका हातहतियार षर-षजाना रसदपानीको तपसिलवारको १८९९ सालको फर्द—

१४ प्यूठानामेगजीनमा रह्याका जङ्गी असवाफ्को फिरीस्त १९०० सालको—

१६ नेपालसर्कारको र बृटीस्सर्कारको अहदनामाको कागज श्री ५ सुरेन्द्रविक्रम शाहका पालामा श्री ३ जङ्गबहादुर र रेजिडेन्ट मेजर रामसेसाहेबले बाधेको—

२ बाबुबराज्यूका पालामा गरी चलिआयाबमोजीम्को थितिरिती गरौला भंन्या अर्जी मुस्ताङ्गी राजाको १९०२ सालको—

८ श्री ५ प्रतापसिंह शाहका पालामा संभेश्वर कविलासपूर शाके १६९९ मा सर भयाको मिती वार-समेत्को वृत्तान्त—

८ श्री ५ राम शाहका पालामा मझुवा अम्बल भयाको बिस्तारको—

८ श्री ५ राम शाहका पालामा गोर्षालीले भोटान्तर सर गरेको वृत्तान्तको—

८ श्री ५ द्रव्य शाहका पालामा शालिवाहनशाके १६४४ विक्रमादित्यसम्वत् १७७९ मा [?]

सिह्लांचोक अम्बल भयाको बिस्तारको—

१४ महाभारत, मच्छरेषा, चौदंडी इत्यादी गढीहरूको सोलाभांजा परेको र चौकी राषनुपर्न्या इत्यादी नक्सासमेत् हाल्को—

२० श्रीकाजी भीम्सेन थापा औ बाबुभाइसमेत्के जसपात्र थापाका षायल् कजजीमानको पगरी बक्स्यौं तस्को षानगी षेत ११६। नगदी ३५०० लि लडाजीभिडाजी हालहुकुममा रुजु रही तपसिल्-माफिक् तोप बंदुक् जवान् आफ्नु लाजिमा तयार राषी जागीर जानि भोग्य गर भंन्या १८६१ सालको लालमोहरको नकल—

जं प्राइममिनिष्टर यान् षिताब किन लेषिन आयाको हो मेरा दम् छन्ज्याल् मेरा मानमा कोहि षडा हुन सकन्या छैनन् हजुरबाट जङ्गबहादुरको जरो राषिबक्सनुहुन्या छैन भंन्ने देषेकै छु पुरश्चरण इत्यादी गरी बाइसे चौबिसे र भगुवाहरू उठाइ पनी हजुरको साध्य देषिदैन षानेपिनेमा बिसबल् पारे मात्र साद्धच छ तेस्मा पनी सचेत छु भंन्ने अरूअरू कुरासमेत्को इत्यादी वृत्तान्त भयाको १९०४ सालको श्री ५ राजेन्द्रविक्रम शाहका हजुरमा श्री ३ जङ्गबहादुरबाट लेषीबक्सेको अर्जी—

२ कुती फत्य हुदा हाम्रातर्फ ४० घाइत्या भया १० मारीये भोटेतर्फ ११०० मारिये २ तोपसमेत् लुट्यौ भंन्या र घाइत्या अफीसरहरूको फिरीस्त श्रीजनरल धीरशम्सेर जङ्ग राणा बहादुरबाट श्री ३ जङ्गबहादुरका हजुरमा १९१२ सालमा लामबगरबाट लेषीबक्सेको प्रतीमन कवरले झुङ्गामा बहादुरी गर्दा कर्नेली पायेको हुनाले रणसिं षतृ पहलमानसिङ बस्न्यात् सतराम षतृहरूले कर्नेल पाउने लायेक्को मेहेनत् गरेका छन् भंन्नेसमेत् परेको छ भंन्ने—

२ सुनागुम्बा हान्ने काम गर्‍यें टिगरीतर्फ बढन्या कामलाइ हजुरहरूका सिक्ष्या [नआइ जानेछैन भंन्या इत्यादी बेहोराको १९१२ सालको श्रीजनरल धीरशम्सेर जङ्ग बहादुर राणाजीबाट श्रीजनरल बम्बहादुर कुवर राणाजीलाइ लेषीबक्सेको अर्जी—

१९ लषनौ फत्य गरि लाठ्साहेबसित भेट्मुलाकाद गरी हजुरको सप्रन्या कुराको बन्दोबस्त बांधी हजुरको दर्शन गर्न आउन्या काम गरुंला भन्ने श्री ३ जङ्गबहादुरबाट श्री ५ का हजुरमा १९१४ साल्मा लेषीबक्सेको अर्जी—

आश्वीण २५।२

८ श्री ५ पृथ्वीपति शाहका पालामा लमजुङ्गेसित लडाजी गर्न जादा ३ नै पल्ट गोर्षाली हटी आयाको बिस्तारको—

८ श्री ५ पृथ्वीनारायण शाह नुवाकोट् सवारी हुदा बलभद्र अचारले भडारषालमा दिउसै शिवाबली दिदा श्री ५ लाइ सोहि दिन् बेथा लागी स्वर्गे भैबक्सेको हुनाले र पछी श्री ५ सिंहप्रताप शाह २ वर्ष १० मैह्ना राज्य गरी स्वर्गे भैबक्सने वेलामा मुषतीयार सरूप काजी रातारात भागी जादा अचारहरूलाई पक्रि केर्दा सरूप काजीका आज्ञामोताबिक हामिहरूले प्रयोग गरेको भनी भंदा अचार-हरू काटिए भन्ने बिस्तारको—

८ उदैपुर चितोरगढका श्रीरानाजि लक्षमणसिङदेषी सर्दासिङ रानाजीसम्मको राजाहरूका वंशावली—

८ श्रीसिजापति महाराजाहरूको पुस्तावलीको—

८ अछामि राजाहरूको वङ्शावली—

१७ हिन्दुस्थान काबुल नैपाल् ठाउठाउको मुलूकमुलूकको बयान जिवग्राफीको—

८ श्रीजयप्रताप मल्लबाट ठाउठाउ ४९ तीर्थको जल झिकाइ राजराजेन्द्र श्रीश्रीजय चक्रवर्तेन्द्र मल्लका नाम्मा पोषरी बनायाको र तस्को बाधियेको चार सिमानाभित्र पाप् गर्नेलाइ अघोर पाप लाग्ला त्यो पोषरीमा पुण्य गर्नेलाइ सब तिर्थ नुहायेको पुण्य होला भन्न्या इत्यादी सङ्कल्प गरेको बयान्को– आश्वीण २४।१

८ श्री ५ पुरन्दर शाहबाट शाके १४९२ मा गादिमा राज गरिबक्सेको र लिग्लिग् लमजुङगेले अम्बल गर्दा गोर्षाका फौज गै लिग्लिग् उकासेको र बार्पाक्का राजा चागे र सुर्तान्हरूसित लडाञी भै नुन्-पाषी बंद गरेको र लमजुङगेले हात्ती सौगाद चढाइ पठायेको र सोहि हात्ती चागे र सुर्तान्हरूलाइ देषाइ दोस्ति बाधदा यस्ले के षान्छ भनी चागे र सुरतान्ले सोध्दा नुन् षान्छ भनी भंन्दा वर्षको नुन् मुरी २१ पठाउछु भनेको र नुन्पाषी पुलाइदियाको बिस्तार औ सल्ल्यान् षरि मैधी धादिङ अम्बल गरिबक्सी शाके १५२७ मा स्वर्ग भैबक्सेको वृत्तान्तको—

८ श्री ५ पुरन्दर शाहका पालामा षरि, मैधी, धादिङ अम्बल् गरि ३५ वर्ष रजाञी गरिबक्सी शाके १५२७ मा स्वर्गे भैबक्सेको वृत्तान्त र— श्री ५ छत्र शाहबाट शाके १५२७ मा राज्य गरिबक्सी सिङजुङ अम्बल् गरि शाके १५२८ मा स्वर्ग भयाको वृत्तान्त र— श्री ५ राम शाहबाट गादिमा राज गरिबक्सेको र स्वप्नाबमोजीम् नंदा मिश्रसित दिक्ष्यामंत्र सुनीबक्सेको औ राजा प्रतापी नारा-यणसमेत भै ६ मैह्नासम्म तपस्या गरिसकेपछि थितिबदेज बांधी बाइसे चौबिसे राजारजौटाहरूका राज्यमा स्मेत् आफ्नु थिति चलाइबक्सेको इत्यादी वृत्तान्तको—

८ धादिङगे राजा रोहिदास घलेलाइ कत्तल् गरि गोर्षालीले धादिङ अम्बल् गरेको बिस्तारको– द्रव्य शाह(?)—

८ श्री ५ राम शाहका पालामा मळुवा फत्य भयी तसल्ल भैसकेपछी लमजुङगेले गोर्षालीसित लडाञी गर्न अरू राजाहरूको समेत मद्त् मागी ३ मुष गरि चढाइ गर्दा श्री ५ राम शाहबाट श्री ५ महा-रानीसित सल्लाह गरिबक्सदा धर्म्मैको जये हुनेछ सन्देह मानिबक्सनुपर्दैन भनी श्री ५ महारानीले बिन्ती गरिबक्सेको वृत्तान्तको—

८ श्री ५ राम शाहका पालामा बार्पाकिसित लडाञी भयी सुर्तान्लाइ मारियको र बार्पाक्का चाग्या र स्यारतान् अठारसयेषोलाका मानिसहरू सबले सरसौगाद ली मान्न आयाको र आफ्नु थितिबंदेज् चलाइ केरुङ पुगी केरुङगेसित लडाञी गर्दा हाम्रा दलमुषी सर्दार भवानीसिङ सर्दार पिह्ला रानालाइ मारि पिह्ला रानाको शिर दिगर्चाका राजासित लग्याको र हाम्रा फौज हटी आइ रोशिमा आइ आडपयेड गरि बसेसम्मको वृत्तान्तको—

८ श्री ५ द्रव्य शाहका पालामा १५ दिनसम्म गोर्षामा षड्का राजासित लडाञी भयाको र लडाञीमा जाने भारा ६ थर पंचहरूका नामनामासिसमेत षोलियेको र श्री ५ द्रव्य शाहका बाहुलीका तर्वारले षड्का राजालाइ काटि मारि शाके १४८१ मा गादिका सिंहासनमा राज गरी अभिषेक गरिबक्सेको वृत्तान्तको—

८ श्री ५ पुरन्दर शाहबाट सं १६२७ सालमा गोर्षाका गादिमा राज भयाको वर्णन र लमजुङगेसित

लडाञी भयाको बिस्तारको—

८ श्रीवीरविक्रमादित्यका पालादेषी राजेन्द्रविक्रम साहका पालासम्म गोर्षाली राजाहरूको र सिमरौनगढ्मा रजाञी गऱ्याका श्रीनान्यदेवका पालादेषी काठ्माडौ पाटन् भादगाउमा राज्य गर्न्या मल्ल राजाहरूको नामनामासिको पुस्तावलीको वंशावली—

८ श्री ५ छत्र शाहबाट शाके १५२७ मा गादिमा राज गरीबक्सेको र सिङजुङ गढी सर गरिबक्सेपछी हात्तीमा नगारा बजाइ नेपाल सर गरुला सर गर्न सकिन भन्या म राजै होइन भंन्या प्रण गरी २ नगारा बनाउन लगाइबक्सेको छालाले मोर्न्हे नपाउदै ७ मैह्ना राज्य गरी शाके १५२८ मा स्वर्ग भयाको वृत्तान्तको—

आश्वी १२।३

२ भोट्तर्फ भन्सार लिने विषयेको १९०१ सालमा निरष बांधीबक्सेको कागजको नक्कल—

२० श्री ५ सुरेन्द्रविक्रम शाहबाट तिमि सबारीमा गयेदेषी तिमिले हाम्रा हजूरमा छोडी गयेका कम्याण्डरइनचीफ रणउद्दीपसिहले र गुरुज्यू विजयराजहरूले साह्रै दुःख दिरहेछन् मैले कसैलाइ पनी सजाय गर्न पाउदैन भंन्या उर्हिसम्म दियेछ भंन्ने इत्यादी बेहोराको मजकुर कम्यांडरइनचीफलाइ गालि गरी लेषेको श्री ३ जंङ्गबहादुरको नामको श्री ५ का बाहुलीको सही परेको कडा बेहोराको १९२८ सालको लालमोहर—

४ बुटौलतर्फ सिमानाबावत्को १८७४ साल श्री ५ का हजुरमा काजी प्रसादसिङ बस्न्यात्ले लेषेको अर्जी—

१० कोसिकिनारातर्फ सिमानाबावत्को १९०२ सालमा श्री ५ हजुरमा जनकपूरबाट काजी नरसिङ थापाहरूले लेषेको अर्जी—

आश्वी १९।३

८ श्री ५ राम शाहबाट शाके १५२८ राज्याभिषेक गरिबक्सेको र राज्य हुदाको वर्णन औ माना पाथी तुलो नगदको दसौद अन्नको सवाइदेषि बढ्ता नषानु भन्ने इत्यादी थिति बाधीबक्सेको र आफ्ना भारादार फौज पठाइकन मकुवा अम्बल् गरी वर्ष २७ सम्म राज्य गरी शाके १५५५ मा स्वर्ग भै बक्सनुभयाको वृत्तान्तको—

८ श्री ५ द्रव्य शाहबाट गोर्षा सर गरेदेषि श्री ५ नरभूपाल शाहसम्म फलानाफलाना मुलुक् फलानाफलानाका पालामा सर भयो भंन्या इत्यादी र श्रीद्रव्य शाहका पालादेषी श्री ५ गीर्वाणयुद्धविक्रम शाहका पालासम्म राज्य गर्न्या महाराजधीराजहरूबाट गादिमा प्रवेश गरिबक्सेको र स्वर्ग भैबक्सेको साल्समेत्को बिस्तारको—

८ श्री ५ पृथ्वीनारायण शाहका नाती श्रीयुवराज प्रतापसिंहका पुत्र श्रीनायेकराज नागेन्द्र शाह पैदा हुदा उत्सव गरिबक्सेको र मजकुर नायेकसाहेब स्वर्ग हुदा आसौच नबार्ने हिरा द्वारेलाइ नाक काटी सजाये भयेको समेत् बिस्तारको—

८ श्री ५ राम शाहका पालामा रुद्रभोट फत्य भयेको बिस्तारको—

८ श्री ५ पृथ्वीपती शाहका तखत छदै पुत्र श्री ५ साहेबज्यू वीरभद्र शाह स्वर्ग भयाको हुदा नाती

श्री ५ नरभूपाल शाहलाइ गादिमा बसा[या]को बिस्तारको--

८ श्री ५ पृथ्वीनारायण शाहका वर्णन्को—

८ सम्वत् १६६२ शाके १५२७ मा श्री ५ छत्र शाहबाट राज्याभिषेक गरिबक्सेको र ७ मैह्ना राज्य गरीबक्सी शाके १५२८ मा स्वर्गे भैबक्सेको बिस्तारको—

४ तान्सेन् बारुदषानामा वज्रपात् हुदा मर्न्या घाइत्या हुन्याहरूको र बारुदषानामा रहेको असवाफहरू-को फिरीस्त—

८ श्री ५ नरभूपाल शाहले सं १७७३ सालमा राज्याभिषेक गरीबक्सेको र राज्य गर्दाको वर्णनको—

८ उज्जैननगर चीतौरगढ्का राजा बह्माजात्देषी श्री ५ राजेन्द्रविक्रमं शाहसम्मको र लमजुङमा राज्य गर्ने राजाहरूसमेत्को पुस्तावलीको—

आश्विन २६ गते ४ मा

श्री ५ राजेन्द्रविक्रम अलो कचहरिमा राज् भयाको छ अगुवा गुरुप्रसाद काला पाडेहरू टिह्रुकी भंन्या गाउमा छन् भंन्या षबर आउदा छ पल्टन् साथ लगाइ श्री ५ माहिला साहेबज्यू ज. बम्बहादुर काजि जैबहादुर कर्णेल रणउद्योतसीङ कर्णेल धीरसम्सेर बडा कप्तान रणमेहेर अधिकारी कप्तान् सनक-सीङहरूलाइ चीसापानि बीसौलियासम्म जानु भनि पठायाको छ भीम्वीक्रम् साह तेस्तर्फ आयाका छन् होसीयारी गर्नु भंन्ये इत्यादी लेषीबक्सीयाका सीक्ष्यापत्र आइपुग्यो अंग्रेजसङ्गको सम्बन्ध बिग्र्यो भने पनि लडी फत्त्य गरौला भनि आटी अंग्रेजहरूसित चीठ्ठीपत्र गरी श्री ५ लाई नेपाल्मा फिकाई-बक्सनु तारीफलायेकको काम हो भनि श्री ३ जङ्गबहादुरका हजुरमा श्रीक. कृष्णध्वोज बहादुरले १९०४ साल्मा पाल्पाबाट पठाइबक्सेको अर्जि—

१४ भीम्सेन थापा मातवर्सीङ थापा दलसीङ बस्न्यात्हरूको घरमा जषड्बन्द गरी रोकी राषेको छ निज्हरूले ठाउठाउमा दबाई राषेको भरसष् निकासन लागेको छ भंन्या र जायेदात् भैसकेको र जायेदात् गर्नुपर्नेहरूको नाम्नामासिको फाट भयाका कागत् १९०४ सालमा कप्तान् वीरभद्र कुवरले काजी रणजङ पाडेलाई पठायाको चीठ्ठी—

दक्षीन्तर्फबाट हाम्रा इलाकामा आउने मुल्बाटो र चोरबाटोको फाट—

आश्वीण ९।७

१४ १८९७ सालका मैह्नामैह्नाका जिन्सी मालको दरभाउको फिरीस्त—

९ रणउज्वलसिङ थापाकि मुष्येनी श्यामकुमारीको १९०२ साल्को मुचुल्का

९ रणजोर थापाकी आमा श्रीविद्याको १९०२ सालको मुचुल्का

९ रणजोर थापाकी मुष्यनी दिव्यकुमारीको १९०२ सालको मुचुल्का

२० १८७० सालमा श्री ५ बाट श्रीमहाराज तेजप्रताप सेन देवलाइ यती चार किल्लाभित्रको जग्गा अघि श्रीबुबाज्यूबाट सिकारको निमित्त मोहर गरीबक्सेको हुदा सोबमोजीम हामीबाट पनी थामीबक्स्यौं जग्गा अवाद गुलजार गरी हाम्रो सोह्रो चिताई पैदावर ली भोग्य गर भंन्ने लालमोहरको नक्कल—

४ श्री ३ जङ्गबहादुरबाट १९१३ सालमा श्री मे. ज. कृष्णध्वज कुवर राणाजीका नाउमा लेषीबक्सेको पाल्पातर्फ सिमानाविषयेको

अदलीबदलीकोमा

श्री ५ बादसाह स्वर्ग भयाकोमा कागत्— १६

ऐं का मुमा मुक्त भयाको— ऐं — ३३

ऐं गादिमा राज भयाको— ऐं — ३०

ऐं का महारानीहरू मुक्त भयाको — ऐं— १३

ऐं का धर्मपुत्रको— ऐं — २

ऐं का बिबाहको— ऐं — १७

पोतला लामाहरूका अदलीबदलीको ऐं— ५

मुषत्यार काजी भारादारका ऐं ऐं — १९

श्री ५ रणबहादुर साह मुक्त भयाको ऐं— १

श्री ५ गीर्वाणयुद्धविक्रम साह ऐं ऐं— १

श्री ५ महाराजा महारानीहरू साहेबज्यूहरू ऐं ऐं— १५

श्री ५ गीर्वाणयुद्धविक्रम साहलाई गद्दी बक्स्याको र गद्दी पाइबक्स्याको कागत— ८

श्री ५ महाराजा पृथ्वीवीरविक्रम साह गादीमा राज भयाको— ८

श्री ५ साहेबज्यादा पैदा भयाका बिसयेको— १०

वकिलअदलीबदलीको— ३०

अम्बाका अदलीबदलीको— २३७

दिगर्चाबाषत्को— ३३

चीनसँग मद्दत् मागेको

७१ सालदेषी ७३ सालतकको— १८

९३ सालदेषी १९०२ सालतक्को— २५

षीताप्को

श्री ५ बादसाहका मुमालाई दर्जा बढेको— १२

ऐं ऐं को लामो आयु हुँदाको उत्सवको— १०

शक्तिसिंहरामका नामउको ५

श्री ५ महाराजा राजेन्द्रविक्रम साहलाई लालमाणिकका गजुर आयाको— ३

ऐं सुरेन्द्रविक्रम साहलाई ईनाम प्रमाना पठायाको छ भन्ने — ५

श्री ५ महाराजा पृथ्वीवीरविक्रम साहलाई लालमाणीक्को गजूर आयाको— १३

जनरल भीमसेन थापालाई कल्की गजुर आउदाको— १३
श्री ३ महाराज जङ्गबहादुर राणालाई षीताप् आउदाको— ५८
श्री ३ रणउद्दीपसिंहलाई ऐं ऐं— ३४
श्री ३ विरसम्सेर जङ्गलाई ऐं ऐं— १८
श्री ३ देवसम्सेर जङ्गलाई ऐं ऐं— २
श्री ३ चन्द्रसम्सेर जङ्गलाई ऐं ऐं— ४०

मिसिल् बाधीयाकोमा

७ नेपालको टक भोट्मा चलन् गरेको— ९
९ ४८ साल भोट्को लुट्पिट्— ६४
१३ नुन्का मुद्दाको— २३
१४ गोर्षासर्कारबाट मुलुक् सर गरीबक्स्याको— ३
१५ येताबाट लेषी गयाको अर्जी दस्तुर नमिल्दा फीर्ता भै आयाको र सच्याई पठायाको— ४०
१६ पोतला लामाका तेन्स्पेम्बाका विषयको— ५१
१८ मोस्ताङतर्फको— ३१
१९ सुषींसंग लडाई भयाको र धर्मपत्रको स्मेत्— ४३
२० लदाक्का राजा सरण पर्न आयाको— ८
२१ लापच्या काजीहरूको— १७
२२ चीन्को र अंग्रेजको लडाईमा अंबासंगको लेषापढी— १५
२३ चीन्संग कुल गरे विसयको— २०
२४ चीनबाट मुलुक् सर गरे विषयेको षुसिनामा १९
२५ भोट् सिष्का लडाईबारेको मिसिलमा— ६४
२६ अंग्रेज भोट्मा पसेको— १०
२७ भोट् र अंग्रेज्का लडाईमा भोट्बाट लेषी आयाको र जवाफ गयाको— १६
२८ गोर्षाभोट्तर्फका जगातभन्सारबापत् थितिबन्दोबस्तहरू— ७३
२९ चीनभोटका मुलुक्को बयान, पैदावार फौजको संष्या र जादा आउदा गुंबागुंबाको बयान्— ५०
३० गोर्षासर्कारका रैतीलाई चीन्भोट्सर्कारका रैतिले मारेबापत्को— १७
३१ नेपालबाट ल्हासामा चीनीजा अक्षर सिकन गयेका विषयेको— १०
३४ भोट्बाट तोप् मागी पठायाको र गयेको— १८
३५ सिम्बु जिर्णोद्धार गर्ने विषयेको— २
३६ बौद्धका पुजाहारीविसयेको— २

३७ टीगरी डिगर्चीका तालोयेहरूसंगको लेषापढी— ८
३८ कुतीका ढेवाको चलानी— ९
३९ ल्हासाबाट नायेक् पानीजुहरूको षबर लेषेको— ३३
४० झगडाविसयेको लेषापढी— ३१
४१ जीतमान् कप्तान्का छोरालाई कुटेका मुद्दाको— ८
२२।२३ साल कपतान् जितमान् षत्री वकीलका नाउमा र चिन जाने काजि जगत्सेर सिजापतिका नाउमा लेषी गयाको मसौदा — ४३
फ्रान्सीस् पादरीका मुद्दाको— ६
ल्हासाका अम्बाहरूसंग ३८।४२ सालको कुरा— ७
नेपाली महाजन्को र षंबालीहरूका झगडाविसयेको— १४
चीन्को र जापान्को लडाईका विसयेको— ५
नायेक् पानीजुहरूका विषयको— २०
धर्मपत्रथितिबंदोवस्त— २६

सिमानाबापत्को

५० सालदेषी १८९३ सालतक्को तिमाल्कोट् लपचे सोकटा धामिख्रोङ सुषिम् तिमाल्ख्रोङका सिमानाको— १८
अंबाहरूले सिमाना घुम्न हेर्चाह गर्न गयेबापत्को— ६
दार्षालुंदेषी हटिया च्यातां थुक्ताङका सिमानाको १८७७ सालदेषी१८८४ सालसम्मको— १३
रसुवा सिमानाको १८७४।७५ र सं १९१३।१४ को— १९
१९५० साल्देषी ५३ सालतक् रालुं सिमानाको— १६
सिमानाविसयेको— ११
१८०० सय षोलाको २७ सालको— २
सिमाना गोस्वारा भोटे अक्षरको चीठी— २४
१४ साल षासा लिपिङ सिमानाको सुब्बा मानसरोवर जादाको— ११
षासा सिमानाविसयेको नुन् मुद्दास्मेत् सुब्बा अभयेमान् जादाको— १८
षासा कपतान् मानबहादुर लामामार्फत्को ज्मानबंदी ३१।३२ साल्को— २४
षासा सिमानाबावत्को ९।१० सालको— २६

मामुली सौगादको

१ नं. १८४६ सालमा काजी हरी साही चीन् जांदाको— ६
२ नं. १८४९ सालमा काजी देवदत्त थापा चीन जादाको— १४

| | | |
|---|---|---|
| ३ नं. | १८४९ सालमा काजी नरसीं जेठाबुढा माधी साही ऐं को— | ४१ |
| ४ नं. | १८५९ सालमा काजी सर्वजीत् पांडे चीन् जादाको— | ५१ |
| ५ नं. | १८६३ सालमा काजी सुरवीर थापा चीन् जादाको— | ७ |
| ६ नं. | १८६४ सालमा भक्तवीर थापा चीन जादाको— | ८ |
| ७ नं. | १८६९ सालमा काजी भक्तवीर थापा चीन जादाको सर्दार डंबर थापाहरू जांदा गादिममारषस्मेत— | १६ |
| ८ नं. | १८७४ सालमा काजी रणजोर थापा चीन जादाको— | ५ |
| ९ नं. | १८७९ सालमा काजी दलभंजन पांडे जादा गादिममारषस्मेत— | ५० |
| १० नं. | १८८४ सालमा काजी वीरकेशर पांडे चीन् जांदाको— | ३० |
| ११ नं. | १८८९ सालमा काजी वीरकेशर पांडे र सर्दार लक्षवीर साही चीन जांदाको— | ३५ |
| १२ नं. | १८९४ सालमा चौतरीया पुष्कर शाह् कपतान् कीर्तिध्वज पांडे चीन जांदाको— | ३७ |
| १४ नं. | ... सालमा काजी सुरथसि पन्त चीन जादाको— | ४१ |
| १५ नं. | १९०९ सालमा काजी गंभीरसीं अधीकारी सर्दार सम्सेरबहादुर थापा चीन जांदाको— | ३३ |
| १६ नं. | १९१३ साल्मा भोटगोर्षाका लडाईं भई दुष परेको हुनाले मामुली सोगात् नपठाउनु भन्ने भै नगयेको— | ९ |
| १७ नं. | १९२० साल्मा सठान् सहरमा लडाजी परी बाटो बन्द हुदा मामुली सोगाद नपठाउनु भन्ने भै नगयेको— | १५ |
| १८ नं. | १९२३ सालमा काजी जगत्सेर सीजापती सर्दार मलयेजङ पाडे क्षत्रीहरू जांदा सांसीमा लडाई भैरहेको हुंदा ठिन्दुफुका चुन्दुमार्फत अर्जी सोगादहरू चढाई पठाई पर्वानाहरू ली फर्की आयाको— | २५ |
| १९ नं. | १९२९ सालमा चीन्का मुलुक् सान्लान् भन्ने देसमा लुष्वै भन्ने कुल्याहाले कुल गर्न लागेको हुनाले मामुली सोगाद पठाउनुपर्दैन भन्ने लेषी आयाको— | ९ |
| २० नं. | १९३४ सालमा काजी तेजबहादुर राणा सर्दार बलबहादुर पांडेहरू जांदा चीन्का मुलुक् सांसी भन्ने र संसीई भन्ने २ सहरमा अनीकाल भैरहेको हुदा ठिन्दुफुबाट फर्की जानु भन्ने भै फेरी लेषापढी गरी चीन्सम्म पुगेको— | १०० |
| २२ नं. | १९४३ सालमा काजी रणविक्रम् राणा सर्दार दीर्घमान्सी बस्न्यात् जादाको— | ६१ |
| २३ नं. | १९५१ सालमा काजी ईन्द्रवीक्रम् राणा सर्दार जुद्धवीर षड्का क्षत्रीहरू चीन् जादाको— | १२ |
| २४ नं. | १९५७ सालमा मामुली सौगाद पठाउनुपर्दैन भन्ने— | २ |
| २५ नं. | १९६३ सालमा काजी भैरवबहादुर गढतोडा सर्दार कहरसीं षड्काहरू चीन् जादाको— | २ |


□

# प्रभाती*

—नयराज पन्त

उज्यालो भयो उज्यालो भयो बिछ्यौना छाड्नुहोस् ।
पृथ्वीको भारी बुबाले सरि बाहुँले थाम्नुहोस् ।।
चन्द्रमा पनि लुत्रुक्क परी डाँडामा पुगेछन् ।
कमल फक्रे यता र उता भँवरा घुम्दछन् ।।
रूखका फूल झर्दछन्, सिर्र बतास लागेर ।
पद्मको गन्ध उड्दछ यता बतास फैलेर ।।
ती राता राता पालुवामाथि शीतका दाना झन् ।
टल्केका कस्ता उज्याला कस्ता क्या राम्रा देखिन्छन् ।।
ती सूर्यभन्दा अगाडि हेर्नोस् अरुण उदाए ।
उनैले आई अँध्यारो फारी उज्यालो गराए ।।
ओल्टे र कोल्टे परेर सुती ऊ हात्ती ब्यूँझेछन् ।
अहिले हेर्नोस् छल्याङ र छुलुङ ती सिक्री बजाउँछन् ।।
उनका सेता ती दाँतमाथि पूर्वको उज्यालो ।
टल्केको कस्तो त्यो राम्रो लाली कसरी सुहायो ।।
ती लामालामा पालका भित्र बाँधेर राखेका ।
अरबी घोडा ब्यूँझेछन् हेर्नोस्, अगाडि राखेका ।।
बिस्तारै चाट्ने नूनका ढिका मुखका बाफले ।
पार्दछन् झन् मलिनो खूप ती घोडा अहिले ।।
सजेको फूल वैलाइसक्यो चहक हरायो ।
बत्तीको पनि चहक घटी मलिनो भैसक्यो ।।
पिँजडाभित्र पालेको सुगा हामीले बोलेको ।
कसरी ठिक्क नक्कल गर्छ, क्या राम्रो जानेको ।।

वि. सं. २००३।४।१५

---

*रघुवंश ५ सर्गका ६६–७४ श्लोकको छाया ।

# अठाह्रौं वर्षको आम्दानीखर्चको विवरण

| आम्दानी | ८६११४।०२ |
|---|---|
| संशोधन-मण्डललाई सालबसाल रु. १०००। अर्थसहायता दिने श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालयबाट आएको | १०००। |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | १०००। |
| साझाप्रकाशनमार्फत २ वर्षभित्रमा पूर्णिमा, अभिलेख-सङ्ग्रह, सावधान-पत्र, श्री ३ महाराज पद्मशमशेरका कुरा, रत्नदीप, नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य, बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर बिक्री भई आएको | ३११९८।०७ |
| श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालयले पूर्णिमा ५१ देखि ६४ अङ्कसम्म हरेक अङ्क २५, २५ प्रति किनिदिँदा आएको | ४४२५। |
| पूर्णिमाको बिक्रीबाट | १७७४।२१ |
| अभिलेख-सङ्ग्रहको बिक्रीबाट | ३। |
| श्री ३ महाराज पद्मशमशेरका कुराको बिक्रीबाट | १२। |
| पञ्चाङ्ग-संशोधनको बिक्रीबाट | २५। |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | ६२।५० |
| श्रीगुरु पं. नयराज पन्तबाट संशोधन-मण्डलले पाएको विशेष अर्थसहायता (वि. सं. २०४३ को मदनपुरस्कारबापत पाएको रकम) | ५००००। |
| श्रीगुरु पं. नयराज पन्तबाट संशोधनमण्डलले पाएको अर्थसहायता | २८००। |
| महेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | २१५०। |
| महेशराज पन्तको अन् स्यान्स्क्रिट् एड्युकेशन्‌को बिक्रीबाट | १३१।२५ |
| महेशराज पन्तको ह्वट् डिड् अंशुवर्मन् राइट् ? को बिक्रीबाट | ३५६। |
| महेशराज पन्तको इनेप्ट् स्पेस्इमिन् ? को बिक्रीबाट | ७५। |
| महेशराज पन्तद्वारा प्रकाशित ज्ञानमणि नेपालद्वारा विरचित पशुपतिनाथको दर्शन स्पर्शन पूजनको विषयमा समीक्षाको बिक्रीबाट | ५२। |
| दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको विशेष अर्थसहायता | ५०००। |
| दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | १०००। |
| मुद्दतीखाताको ब्याज | ३४०८।६० |
| बचतखाताको ब्याज | १७३५।९८ |
| पोहोरको बाँकी (पूर्णिमा ७० अङ्कमा प्रकाशित) | ७९०५।४१ |

| खर्च | १६३५७।७४ |
|---|---|
| पूर्णिमा ६९ अङ्कमा | ३३१८।८५ |
| पूर्णिमा ७० अङ्कमा | २४२४।९० |
| पूर्णिमा ७१ अङ्कमा | ६५४१।५६ |
| पूर्णिमा ७२ अङ्कमा | ३९३५।३३ |
| संस्थानवीकरणखर्च | ५०। |
| अरू | ८७।१० |

| बाँकी | ६९७५६।२८ |
|---|---|
| यसमध्ये रु. ६२०००। मुद्दतीमा राखिएकोले बाँकी | ७७५६।२८ |

# उन्नाइसौँ वर्षको आम्दानीखर्चको विवरण

| | |
|---|---|
| **आम्दानी** | **४३७०८।९०** |
| संशोधन-मण्डललाई सालबसाल रु. १०००। अर्थसहायता दिने श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालयबाट ३ वर्षमा आएको | ३०००। |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | ५००। |
| साझाप्रकाशनमार्फत २ वर्षभित्रमा पूर्णिमा, अभिलेख-सङ्ग्रह, विद्या-रक्षा, सावधान-पत्र, व्याकरण-संशोधन, इतिहास-संशोधन, रत्नदीप, बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर, श्री ३ महाराज पद्मशमशेरका कुरा, नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य, व्याकरण-संशोधन, वृत्तशतक बिक्री हुँदा | ६७८३।४० |
| तृतीय राष्ट्रिय पुस्तकप्रदर्शनीमा संशोधन-मण्डलका पुस्तक बिक्री हुँदा | २७११।८० |
| पूर्णिमाको बिक्रीबाट | १८९१।३० |
| अभिलेख-सङ्ग्रहको बिक्रीबाट | ११। |
| विद्या-रक्षाको बिक्रीबाट | २०। |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | १६। |
| महेशराज पन्तको इनेप्ट् स्पेस्ड्मिन् ? को बिक्रीबाट | १८। |
| दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | १४०८। |
| मुद्दतीखाताको ब्याज | १७१५८।२५ |
| बचतखाताको ब्याज | २४४४।८७ |
| पोहोरको बाँकी (यही अङ्कमा प्रकाशित) | ७७५६।२८ |
| **खर्च** | **१६६१२।९३** |
| पूर्णिमा ७३ अङ्कमा | ४८२८।५० |
| पूर्णिमा ७४ अङ्कमा | ३८१५।०९ |
| पूर्णिमा ७५ अङ्कमा | २९३९।२९ |
| पूर्णिमा ७६ अङ्कमा | ४०४२।६५ |
| तृतीय राष्ट्रिय पुस्तकप्रदर्शनीमा भएको खर्च | ६२४।४० |
| संस्थानवीकरणखर्च | ५०। |
| अरू | ३१३। |
| **बाँकी** | **२७०९५।९७** |
| यसमध्ये रु. २००००। मुद्दतीमा राखिएकोले बाँकी | ७०९५।९७ |

मुद्दतीमा

| | |
|---|---|
| पोहरको | ६२०००। |
| यस पालिको | २००००। |
| जम्मा | ८२०००। |

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. जि. प्र. द. नं. १५५/२४६

कार्यालय
संशोधन-मण्डल
वटु सवलबहाल
ग-१-५३०
काठमाडौं ३
नेपाल
फोन नं. २-२०४१२

# वि. सं. २०४७ आश्विन

यस अङ्कको मूल्य रु. ३८।-

मुद्रक
कृष्ण प्रेस
नयाँ बानेश्वर
ख १, ३७३ काठमाडौं-१
नेपाल
फोन नं. ४-७३५८६